




• वर्ष १३ • अंक ४६ • काठमाडौं, शुक्रबार, चैत २२, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Apr.4, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-





## पृथ्वीबाहिर पनि जीवन छ ?

# रहस्यमय उडनतस्तरी



प्रदीप बस्याल

हिन्दी चलचित्र 'कोइ मिल गया' मा उडनतस्तरीबाट आएको अर्को ग्रहको मानिस चलचित्रका नायक ऋत्तिक रोशनको साथी बने पनि विश्वजगतलाई अझसम्म पनि उडनतस्त्री के हो भन्ने कुरा थाहा छैन। खुला आकाशमा बेलाबखत देखिने र अचानक हराउने उडनतस्तरीका बारेमा तथ्य सूचना पत्ता लगाउनु वैज्ञानिकहरूका लागि चुनौती नै बनेको छ। प्राचीन समयदेखि नै त्यस्ता अनौठा यानहरू आकाशमा बेलाबखत देखिए पनि त्यसलाई कम महत्त्वका दृष्टिले हेरिन्थ्यो तर १९४७ को जुन महिनामा अमेरिकामा उडनतस्तरीले व्यापक रूपमा मानिसहरूको ध्यान खिचेपछि मात्र यो आमचासोको विषय बनेको हो।

सुरुका केही समय त यसलाई धेरै मानिसको दृष्टिभ्रमका रूपमा पनि परिभाषित गर्न खोजियो तर आजभोलि उडनतस्तरीलाई बेग्लै रूपमा लिन थालिएको छ। जब-जब उडनतस्तरी देखिन्छ, पृथ्वीबाहेक अन्यत्र पनि जीवनको अस्तित्व रहेको व्याख्या एवं विश्लेषण गरिन्छ तर विभिन्न तर्क-वितर्कलाई पुष्टि गर्ने यथार्थ प्रमाणको अभावमा उडनतस्तरी अझै पनि शंका र अनुमानकै दायराभित्र सीमित छ।

**के हो उडनतस्तरी ?**

उडनतस्तरी अंग्रेजी शब्द 'फ्लाइङ ससर' बाट लिइएको हो। यसलाई 'अनआइडेन्टिफाइड फ्लाइङ अब्जेक्ट' अर्थात् 'यूएफओ' पनि भनिन्छ। यो वास्तवमा के हो ? भन्ने ठोस ज्ञानकै अभावमा यसको वास्तविक नामकरण पनि हुन सकेको छैन। हालसम्म मानिसहरूले यसको अवलोकन केही सेकेन्डदेखि मिनेटौँसम्म पनि गरेका छन्। यसको आकार रिकापीजस्तो हुन्छ। नजिकबाट हेर्न नसकिएको हुँदा यो यति नै ठूलो हुन्छ भनेर भन्न गाह्रो छ तर यसलाई नै माध्यम बनाएर अहिले ब्रह्माण्डमा मानिसभन्दा विकसित सभ्यता अस्तित्वमा रहेको हुनसक्ने विषयमा अध्ययन भैरहेको छ। अमेरिका, क्यानाडा, बेलायत, फ्रान्स, बेल्जियम, रूस, स्पेनजस्ता धेरै देशका सरकारी एवं स्वतन्त्र अनुसन्धान संस्थाहरू यसको अध्ययनमा जुटेका छन्।

**शंका, दाबी एवं रहस्य**

उडनतस्तरीका बारेमा हालसम्म सबैले अनुमानकै भरमा शंका एवं दाबी गर्ने गरेका छन् तर पनि ठोस तथ्य-प्रमाणको अभावमा ती सबै महत्त्वहीन मानिएका छन्। केही मानिस उडनतस्तरीलाई बाह्यजगतका मानिसले पठाएको यान मान्छन् जो हामीभन्दा निकै विकसित छन्। यसले पृथ्वीबाहिर अन्त कतै मानव अस्तित्व नै छैन भन्नेहरूका सामु प्रश्नचिन्ह खडा गरिदिएको छ। केही धार्मिक मानिसले यसलाई भगवान्का दूत एवं शुभ-अशुभ संकेतका रूपमा लिने गरेका छन् भने अमेरिकी अन्तरिक्ष संस्था (नासा) ले यसलाई कहिले पृष्ठ ९ मा जारी

केही मानिस उडनतस्तरीलाई बाह्यजगतका मानिसले पठाएको यान मान्छन् जो हामीभन्दा निकै विकसित छन्। यसले पृथ्वीबाहिर अन्त कतै मानव अस्तित्व नै छैन भन्नेहरूका सामु प्रश्नचिन्ह खडा गरिदिएको छ। केही धार्मिक मानिसले यसलाई भगवान्का दूत एवं शुभ-अशुभ संकेतका रूपमा लिने गरेका छन्

# उडनतस्तरी देख्नेहरू



उडनतस्तरी देखेको दावी गर्ने मानिसहरूको सूची धेरै लामो छ। विभिन्न भिडियो तथा तस्बिरहरूमा समेत उडनतस्तरी कैद भैसकेको हुँदा यो अब कसैको दृष्टिभ्रमको विषय नभएको स्पष्ट हुन्छ। विज्ञान तथा अन्तरिक्षसम्बन्धी कैयौँ अन्तर्राष्ट्रिय जर्नलमा उडनतस्तरीका तस्बिर देख्न पाइन्छ भने 'डिस्कभरी', 'नेसनल जोग्राफी' जस्ता च्यानलमा उडनतस्तरीका बारेमा विभिन्न कार्यक्रम बनेका छन्। युट्युब डटकममा पनि उडनतस्तरीका भिडियो रेकर्ड राखिएका छन्। एक-दुईपटक त नेपालमै पनि देखिएको उडनतस्तरीको भिडियो नेपाल टेलिभिजनले देखाएको थियो।


२००३ फेब्रुअरी १३ मा अमेरिकाको म्यासाच्युसेट्समा पिटर डेभनपोर्टले सबेरै साढे पाँच बजेतिर सहरमाथि एउटा विशाल गोलो यान देखे। पहिले उनको ठम्याइमा यो अवतरण गर्ने क्रममा रहेको विमान भए पनि पछि विमानभन्दा निकै ठूलो एवं गोलो देखिनुका साथै हल्का गुलाबी प्रकाश निकालेर हावामा लहराइरहेको देखेपछि उनले त्यो विमान नभएको निक्यौल गरे। त्यसको २ दिनपछि भर्जिनियामा र ३ पृष्ठ ९ मा जारी



सारु खड्का

मध्यपृष्ठमा

साप्ताहिक



४ मा



रन्को चुनावको

राजनीति कलाकारको



१६ मा

## क्यासेट

### बाबा स्वर्गे आमा पोइल गई



कलाकार नेत्रजी पन्त ‘पीडित’ को दोहोरी लोकदोहोरी गीतिसंग्रह ‘बाबा स्वर्गे आमा पोइल गई’ बजारमा आएको छ। त्रिपुरा सुन्दरी क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा रामचन्द्र कोइराला, बिमाकुमारी दुरा, नेत्रजी पन्त ‘पीडित’, कुलेन्द्र विक र लक्ष्मी न्यौपानेको स्वर छ। संग्रहमा नेत्रजी पन्त र प्रकाशचन्द्र भट्टराईको लय तथा शब्द सुन्न पाइन्छ।

### भगवन समर्पण भाग-३



भजन शिरोमणि भक्तराज आचार्यका भजनहरूको संग्रह ‘भगवन समर्पण भाग-३’ श्रोतामाझ आएको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो भजन संग्रहमा ११ वटा भजन समावेश छन्। संग्रहमा शब्द रचना कञ्चन पुडासैनी, राममान तृषित, राममणि रिसाल, वीरेन्द्र पाठक, पुरुषोत्तम सापकोटा, खेमराज केशवशरण, रुद्रराज आचार्य, श्यामदास वैष्णव तथा अमृत श्रेष्ठको छ। त्यस्तै यसमा भक्तराज आचार्य र दिव्य खालिङको संगीत सुन्न पाइन्छ।

### क्यारियर



द फ्रेन्ड्स ग्रुपले पहिलो एकल गीतिसंग्रह ‘क्यारियर’ दर्शक-श्रोतामाझ ल्याएको छ। एनआर म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो गीतिसंग्रहमा नौवटा गीत समावेश छन्। संग्रहमा राम कुमार गोम्जा, रमला पाख्रिन तथा कमल माम्बाको स्वर सुन्न पाइन्छ। संग्रहमा अविनाश घिसिङ तथा सुसन लामाले फिचरिङ गरेका छन्।

## रंगमञ्च

**निर्वाचन** आयोग र गुरुकुल आरोहणले रसुवा जिल्लाका दुर्गम स्थानहरूमा नाटक प्रदर्शन गरेको छ। आरोहणले जिल्लाका गत्लाङ, गोल्जुङ, थाम्बुचेत, स्याफ्रुबेसी, धुन्चे, ठाडे, राम्चे, गुम्बुडाँडा, कालिकास्थान, जीवजीवे, भोलेलगायतका २० ठाउँमा नाटक प्रदर्शन गरेको थियो। स्थानीयवासीले नाटकबाट मत हाल्ने तरिका, लाइनमा बस्ने र कस्ता उम्मेदवारलाई मत दिंदा देशमा नयाँ कानुन बनाउन सकिन्छ भन्ने कुरा राम्रोसँग बुझेको गत्लाङकी कामीसाङ तामाङले बताइन्।

**सामाजिक** स्रोत विकास केन्द्र नेपाल, पाल्पाले आरोहण गुरुकुल, एमएस नेपाल तथा अन्तर्राष्ट्रिय निर्वाचन प्रणाली संघको सहयोगमा पाल्पाका ३६ गाविसका साथै तानसेनमा नाटक प्रदर्शन गऱ्यो। फागुन २५ गतेदेखि ११ जना कलाकार गाउँ-गाउँमा यसरी संविधानसभाका बारेमा जनचेतना फैलाउने नाटक प्रस्तुत गर्दै हिँडेको टिम लिडर चोपलाल गिरीले बताए। गिरीका अनुसार नेपालीको हक-अधिकार सुनिश्चित हुने गरी नयाँ संविधान निर्माण गर्ने ऐतिहासिक अवसर प्राप्त भएकाले यसबारेमा बुझाउन यसरी सडक नाटक गाउँ-गाउँमा प्रस्तुत गरिएको हो। ८ हजारभन्दा बढी स्थानीय बासिन्दाले यो नाटक हेरिसकेको आयोजकहरूको दाबी छ।

**–माधव अर्याल**

## ग्यालरी

-धर्मदर्शनसँग सम्बन्धित परम्परागत पौभा चित्रकला प्रदर्शनी गत शनिबारदेखि ठमेलस्थित काठमाडौं गेस्ट हाउसको सुसन्स कलेक्सन ग्यालरीमा आयोजना भैरहेको छ। हिन्दू एवं बौद्ध धर्म दर्शन अध्ययन गरेर प्रतीकात्मक स्वरूपमा उतारिएका चित्रहरू प्रदर्शनमा राखिएका छन्। ध्यानमा लिन बुद्ध, उनको गृहप्रवेश, आर्यतारा, कुवेर, गणेश, भैरव आदि देवगणलाई पौभाचित्रमा समेटिएको छ। परम्परागत कला शैली प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सम्पदा समाज, नेपाल पर्यटन बोर्ड तथा सुसन्स कलेक्सन ग्यालरीको संयुक्त आयोजनामा भएको उक्त प्रदर्शनीमा कोमलनारायण श्रेष्ठ, कृष्णराम चित्रकार, महेन्द्रदास डंगोल, नवीन चित्रकार, प्रेममान चित्रकार, धर्मराज शाक्य, हरिप्रसाद वैद्य आदि ३० सिर्जनाकर्मीका पौभाचित्र राखिएका छन्। प्रदर्शित चित्रको मूल्य १३ हजार देखि २३ लाख रुपैयाँसम्म छ।

-चित्रकला सिर्जनाका आधारभूत सिद्धान्तलाई समेटेर कलाकार दीपक कुँवरद्वारा लेखिएको पुस्तक ‘चित्रकला सैद्धान्तिक र व्यावहारिक ज्ञान’ को विमोचन सम्पन्न भएको छ। विद्यालयस्तरमा अध्ययनरत बालबालिकाका निम्ति उपयोगी यो पुस्तकको विमोचन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेलले गरेका थिए। सो अवसरमा पुस्तकमा समेटिएका विभिन्न कलाकारका चित्रलाई बबरमहलस्थित नेपाल आर्ट ग्यालरीको प्रदर्शनी कक्षमा राखिएको थियो। पुस्तकमा यथार्थवाद, अति यथार्थवाद, उत्तर प्रभाववाद, दादावाद, काइनेटिक कला र पपकलासम्मलाई समेटिएको कलाकार कुँवरले बताए। प्रदर्शनीमा डी राम पाल्पाली, ज्ञानमणि राय, हरेराम जोजु, केके कर्माचार्य, बाबुराजा द्यौला, राजेन्द्र केसी तथा सुवास श्रेष्ठका चित्रहरू राखिएका थिए। प्रदर्शनी आइतबारसम्म चलेको थियो।

## पुस्तक

### नेपालको सेयर बजार एक विश्लेषण

रवीन्द्र भट्टराईद्वारा लिखित पुस्तक नेपालको सेयर बजार एक विश्लेषणले नेपालमा भर्खरै मौलाउन थालेको सेयर बजारमा लगानी गर्न चाहने आम मानिसलाई मार्गदर्शन गर्न सक्ने देखिएको छ। पुस्तकमा धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदिले समय-समयमा गर्ने नीति परिवर्तन र त्यसले पुँजी बजारमा पार्ने प्रभावहरूका बारेमा लेखिएका ४१ वटा लेख संग्रहित छन्। सेक्युरिटिज रिसर्च एन्ड सर्भिसेज प्रा.लि. द्वारा प्रकाशित यो पुस्तकको मूल्य ५५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सफलताका लागि संयमित रहनुहोला। मनमा दुविधा एवं खर्च बढ्नेछ। विश्वास गरेकाहरुले धोका दिनेछन्। उतारचढावहरू आउनेछन्। घरेलु समस्याले सताउन सक्छ। शुक्रबार, सोमबार तथा मंगलबार काममा सफलता मिल्ने, प्रसन्नता बढ्ने एवं मान-सम्मान पाइने योग छ। अरूबाट पर्याप्त सहयोग जुटनेछ।

### वृष

ग्रहगोचर राम्रा छन्। प्रसन्नता बढ्नेछ। काममा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। तपाईंमाथि अरूको विश्वास बढ्नेछ। भोज-भतेरमा संलग्न हुनुपर्ला। सभा-सम्मेलनमा तपाईंको प्रभुत्व रहनेछ। नयाँ काम पनि आरम्भ हुनसक्छ। सोमबार तथा मंगलबार खर्च एवं विवाद बढ्न सक्छ।

### मिथुन

भाग्यले साथ दिनेछ। काम गर्ने उत्साह, प्रसन्नता एवं पराक्रम बढ्नेछ। अधुरा काम सम्पन्न हुने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा प्राप्त हुने सफलता यथावत् रहनेछ। बुधबार तथा बिहीबार खर्च एवं विवादले सताउन सक्छ।

### कर्कट

साता त्यति राम्रो छैन। सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घटनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शरीरमा चोटपटक लाग्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबारदेखि काममा सुधार आउने तथा प्रसन्नता बढ्ने योग छ। आफन्तहरूको सहयोगले भाग्योदय हुनेछ।

### सिंह

समस्याहरू आउनेछन्। काम गर्दा विचार पुऱ्याउनुहोला। मन चिन्तित रहन सक्छ। स्वास्थ्यसम्बन्धी गडबडी देखापर्न सक्छ। शरीरमा चोटपटक पनि लाग्न सक्ने सम्भावना छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शुक्रबार, बुधबार तथा बिहीबार प्रसन्नता बढ्ने एवं काममा सफलता मिल्ने योग छ।

### कन्या

प्रतिस्पर्धा गर्नुपर्ला। काममा सफलता मिल्नेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। व्यवसायमा सफलता हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। ठूला व्यक्तिले प्रशंसा गर्नेछन्। सोमबार तथा मंगलबार काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### तुला

काम गर्दा विचार पुऱ्याउनुहोला। सफलता पाउन धैर्य एवं संयम आवश्यक हुनेछ। शत्रु बढ्नेछन्। काममा अवरोध आउनेछ। मन प्रसन्न रहे पनि स्वास्थ्य गडबड रहन सक्छ। व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बुधबार तथा बिहीबार काममा अवरोध आउने देखिन्छ।

### वृश्चिक

सुरुमा घरेलु समस्याले सताउन सक्छ। काम गर्दा विचार पुऱ्याउनुहोला। गलत विचार बढ्न सक्छ। कुरा काट्नेहरू प्रशस्तै होलान्। विश्वासघात पनि हुन सक्छ। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सुधार आउनेछ। यात्रा हुन सक्छ।

### धनु

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शनिबारदेखि घरेलु समस्याले सताउने तथा काममा अवरोध आउने देखिन्छ। आफूले गरेको निर्णयले आफैंलाई हानि पुऱ्याउला। बुधबार तथा बिहीबार परिश्रम गर्नुपरे पनि काममा सफलता हासिल हुनेछ। धन आर्जन हुन सक्छ।

### मकर

विवाद बढ्नेछ भने काममा सफलता पाउन प्रयास गर्नुपर्नेछ। घरेलु समस्याले सताउने हुँदा सफलताका लागि घरबाहिरै रहनुहोला। गलत विचारका साथै खर्च एवं विवाद बढ्नेछ। शुक्रबार, शनिबार, आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता हासिल हुनेछ।

### कुम्भ

साता मध्यम रहनेछ। मान-सम्मान मिल्नेछ भने पराक्रम बढ्ने योग छ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि हात लाग्न सक्छ। मानसम्मान पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। विवादतिर अघि नबढ्नु होला। घरेलु समस्याले सताउन सक्छ।

### मीन

सुरुमा परिश्रम गर्नुपर्ला। काममा सफलता हासिल हुनेछ। मान-सम्मान पनि प्राप्त होला। व्यवसायमा सफलता मिल्नेछ भने सोच्ने शक्ति बढ्नेछ। विवादतिर अघि बढ्नु उचित हुँदैन। धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउन पाइनेछ। गोपनीयता कायम राख्नुहोला।

### यो साताको पञ्चाङ्ग

चैत २२ गते : विश्व खानी दुर्घटनासम्बन्धी सचेतना दिवस, २३ गते : घोडेजात्रा, २५ गते : विश्व स्वास्थ्य दिवस, २८ गते : उद्योग-वाणिज्य दिवस

# महानिर्वाचनको महाभिडन्त

अश्विनी कोइराला

संविधानसभाको निर्वाचनमा प्रमुख दलका प्रमुख व्यक्तिहरूले जित्नु संविधान निर्माण प्रक्रिया सरल हुनु हो। यसपटकको निर्वाचन प्रतिस्पर्धामा प्रमुख दलका मुख्य नेताहरूले नै एक-आपसमा प्रतिस्पर्धा गरेपछि एक जनाले हार्नैपर्ने बाध्यता सिर्जना भएको छ।

काठमाडौंको क्षेत्र नम्बर- १ मा प्रतिस्पर्धा गरिरहेका कांग्रेसका उपसभापति प्रकाशमान सिंह जन्मँदै कांग्रेस भएर जन्मिएका हुन्। कांग्रेसभित्र गणतन्त्रका कट्टर पक्षधर सिंह खुला अर्थनीति, प्रतिस्पर्धात्मक बजार तथा स्वतन्त्रताका पक्षपाती छन्। संविधान निर्माणका लागि यस्ता व्यक्तिको खाँचो भए पनि उनी नेकपा (एमाले) का प्रस्ट विचारका पक्षपाती प्रदीप नेपालसँग चुनावी प्रतिस्पर्धा गर्दैछन्। नेपाल र सिंहबीच राजनैतिक सुझ-बुझमा निकै समानता देखिन्छ। नेकपा एमालेभित्र जनताको बहुदलीय जनवादका कट्टर हिमायती नेपाल ल्यापटप नेता पनि हुन्। विश्व राजनीतिलाई नजिकबाट बुझ्ने नेपाल संविधान निर्माणमा सहयोगी व्यक्ति हुन्। यद्यपि यी दुवै नेता एक-अर्काको प्रतिस्पर्धामा उत्रँदा संविधानसभामा एक जना अनुपस्थित हुने पक्का भएको छ।

संविधान निर्माणमा महिलाको हक स्थापित गर्नु प्रमुख चुनौती हो। यस्तो चुनौतीको सामना गर्न नेपाली कांग्रेसभित्र महिला नेतृको ठूलो खाँचो छ। यद्यपि सुप्रभा घिमिरेले यो खाँचो पूरा गर्न सक्छिन्। यता एक दशकदेखि महिलालाई हरेक क्षेत्रमा एकतिहाई भाग छुट्याउनुपर्ने मुद्दा उठाउँदै आएकी विद्या भण्डारी नेकपा (एमाले) की कर्मठ महिला नेतृ हुन्। यी दुवै नेतृ काठमाडौंको क्षेत्र नम्बर-४ मा एक-अर्कासँग प्रतिस्पर्धा गर्दैछन्। प्राध्यापन पेसामा लामो समय बिताएकी सुप्रभा बौद्धिक व्यक्तित्व हुन् भने विद्या भण्डारीले राजनीति विरासतमा प्राप्त गरेकी हुन्। यी दुवैले एकै स्थानबाट प्रतिस्पर्धा गरेपछि यी दुई महिला नेतृमध्ये एक जनाले संविधान निर्माणमा प्रत्यक्ष सहयोग गर्नबाट वञ्चित हुनुपर्ने भएको छ।

काठमाडौं क्षेत्र नम्बर- ५ को अवस्था पनि योभन्दा भिन्न छैन। लामो समय प्राध्यापन गरेका तथा बौद्धिक नेताको व्यक्तित्व बनाएका कांग्रेसका नरहरि आचार्य एमालेका अर्का बौद्धिक नेता ईश्वर पोखरेलसँग प्रतिस्पर्धा गर्दैछन्। संविधानसभामा सबै विचारका मानिस पुऱ्याउन यो क्षेत्रले बाधा दिएको छ। संवैधानिक राजतन्त्रको पक्षधर एक मात्र दल राप्रपा नेपालका अध्यक्ष कमल थापा पनि यही क्षेत्रबाट प्रतिस्पर्धा गर्दैछन्। अध्यक्ष थापा मकवानपुरबाट पनि प्रतिस्पर्धा गर्दैछन्। यद्यपि काठमाडौं क्षेत्र नम्बर- ५ को विश्लेषण गर्दा संविधानसभा निर्वाचनमा यी तीन व्यक्तिमध्ये एक जनाले मात्र संविधान बनाउने अवसर पाउनेछन्।

काठमाडौं उपत्यकापछि पूर्वका दुई जिल्ला मोरङ र सुनसरी राम्रा नेता गुमाउने सूचीमा पर्ने भएको छ। मधेसी जनअधिकार फोरमका विजयकुमार गच्छेदार मोरङ-७ मा डा. शेखर कोइरालासँग प्रतिस्पर्धा गरिरहेका छन्। गच्छेदारले हारे मधेस आन्दोलनको उपलब्धिमा गम्भीर धक्का पुग्ने फोरमले दावी गरेको छ भने कोइरालाले हारे संविधानसभामा बौद्धिक व्यक्तित्वको अभाव मात्र खट्किनेछैन, दिल्ली सम्झौतादेखि आजसम्म माओवादीहरूलाई शान्ति प्रक्रियामा ल्याउन अथक प्रयत्न गर्ने नेता गुम्ने कांग्रेसको चिन्ता छ।

सबैभन्दा खरो प्रतिस्पर्धा सुनसरी क्षेत्र नम्बर-५ मा देखिन्छ। यो क्षेत्रमा कांग्रेस नेतृ तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकी छोरी सुजाता कोइराला तथा मधेस आन्दोलनका नेता फोरम अध्यक्ष उपेन्द्र यादवले प्रतिस्पर्धा गर्दैछन्। सुनसरी-५ मा उपेन्द्र यादवको उपस्थितिलाई सम्पूर्ण मधेसवादी दलले आफ्नो प्रतिष्ठाको विषय बनाएको देखिन्छ भने सुजाता कोइरालालाई कांग्रेस नेतृत्वले आशालाग्दी नेताका रूपमा प्रस्तुत गरेको छ। यी दुवैमध्ये जसले हारे पनि संविधानसभामा उनीहरूको अभाव खट्किने पक्का छ।

सुदूरपूर्वी जिल्ला इलामको अवस्था उस्तै छ। उक्त जिल्लाको १ नम्बर क्षेत्रमा एमालेबाट केन्द्रीय सदस्य झलनाथ खनाल तथा कांग्रेसका वेनुपराज प्रसाईंबीच महाभिडन्त हुने भएको छ। नेकपा (एमाले) ले खनालविनाको संविधान कल्पना पनि गर्न नसक्ने बताएको छ भने कांग्रेसले संविधानसभामा प्रसाईंको उपस्थितिलाई प्रतिष्ठाको विषय बनाएको छ। त्यसैगरी क्षेत्र नम्बर-२ मा एमालेका तर्फबाट अन्तरिम संसद्का सभामुख सुभाषचन्द्र नेम्वाङले निर्वाचनमा प्रतिस्पर्धा गरेका छन् भने कांग्रेसले केशव थापालाई नेम्वाङको प्रतिस्पर्धामा उतारेको छ। नेम्वाङ अन्तर्राष्ट्रिय कानूनका ज्ञाता, जनजाति नेता तथा बौद्धिक व्यक्तित्व भएका कारण संविधानसभामा उनको उपस्थिति अनिवार्य मानिन्छ। यद्यपि लोकप्रियताका कारण केशव थापाको अवस्था पनि राम्रै रहेको बताइन्छ।

उत्कृष्ट संविधानका लागि विज्ञ उम्मेदवारको अभाव खट्किरहेको बेला विज्ञ तथा चर्चित व्यक्तिहरू नै हार्ने अवस्थाले चिन्ता थप्नु स्वाभाविक हो। यस्ता व्यक्तिहरूमध्ये डा. नारायण खड्का र अशोककुमार राई पनि हुन्। उदयपुर क्षेत्र नम्बर-१ बाट प्रतिस्पर्धा गरिरहेका यी दुईमध्ये खड्का अर्थविद् हुन् भने राई मार्क्सवादी अर्थनीतिका अन्वेषक हुन्।

यस्तै प्रतिस्पर्धा सिराहा-२ मा पनि छ। कांग्रेसबाट निर्वाचन लडिरहेकी उपसभामुख चित्रलेखा यादव चर्चित मधेसी महिला हुन्। अङ्ग्रेजी भाषामा स्नातकोत्तर गरेकी यादव मधेसी महिलाको हितका लागि संविधानसभामा पुऱ्याउनैपर्ने व्यक्ति हुन् भने उनीसँग प्रतिस्पर्धा गरिरहेका रामचन्द्र यादव प्रशासनिक छवि बनाएका एमालेका चर्चित मधेसी नेता हुन्।

धनुषा क्षेत्र नम्बर-४ को अवस्था पनि उस्तै छ। यो क्षेत्रबाट कांग्रेसले लीला कोइरालालाई टिकट दिएको छ भने एमालेका तर्फबाट रघुवीर महासेठ उठेका छन्। कोइराला त्यस क्षेत्रमा राम्रो जनाधार भएकी उम्मेदवार हुन्। महासेठ जनकपुर क्षेत्रका चर्चित मधेसी नेता हुन्। यसैगरी सर्लाही-६ मा कांग्रेस नेता अमरेशकुमार सिंह तथा तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्त ठाकुर दुवै संविधानसभाका लागि आवश्यक व्यक्ति मानिन्छन्। ठाकुरको बहिर्गमनको पीडा सिंहको उपस्थितिले कम गर्ने कांग्रेसको योजना भएकाले पनि यो महाभिडन्त रोचक हुने बताइन्छ।

काठमाडौं क्षेत्र नम्बर-७ मा प्रतिस्पर्धा गरिरहेका माओवादी नेतृ हिसिला यमी तथा एमालेका राजेन्द्र श्रेष्ठ दुवै संविधानसभाका लागि आवश्यक मानिन्छन्। यद्यपि यी २ को महाभिडन्तले कांग्रेसकी प्रमिला सिंहलाई फाइदा पुग्न सक्ने अनुमान पनि गरिन्छ। त्यसो भएको खण्डमा यी दुवै नेताले सभासद्को पद गुमाउनुपर्ने देखिन्छ। ललितपुरमा पनि माओवादीका पम्फा भुसाल र एमालेका रघु पन्त यस्तै महाभिडन्तमा छन्।

उपत्यकाको अर्को रोचक भिडन्त ललितपुर-१ मा देखिन्छ। यो क्षेत्रमा माओवादीका डेपुटी कमाण्डर वर्षमान पुन अनन्तले उम्मेदवारी दिएका कारण यहाँको प्रतिस्पर्धा रोचक हुने भएको हो। नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका उदयशमशेर राणा स्थानीय समाजसेवी हुन् भने एमालेका मधुसूदन पौडेल लामो समयदेखि बाम राजनीतिमा सक्रिय व्यक्ति हुन्।

# पहिलो पटक विद्युतीय मतदान

निर्वाचन आयोगले काठमाडौं क्षेत्र नम्बर-१ मा पहिलो पटक इलेक्ट्रोनिक उपकरणमार्फत मत दिने व्यवस्था मिलाएको छ। यसै कारण काठमाडौं क्षेत्र नम्बर-१ को परिणाम सबैभन्दा पहिले प्राप्त हुनेछ।

यसका लागि हेर्दा सामान्य लाग्ने एक प्रकारको उपकरण प्रयोगमा ल्याइनेछ। यसलाई इलेक्ट्रोनिक भोटिङ मेसिन भनिन्छ। यसमा दुईवटा एकाइ हुन्छन्– मतदान एकाइ अर्थात् ब्यालेट युनिट र नियन्त्रण एकाइ अर्थात् कन्ट्रोल युनिट। यी दुई एकाइलाई एउटा डाटा केबुलले जोडेको हुन्छ। मतदाता नामावलीमा नाम रुजू गरिसकेपछि मतदातालाई मत दिने अनुमतिको सानो पर्चा दिइन्छ। यो पर्चासहित मतदाता नियन्त्रण एकाइमा जान्छ र त्यहाँका कर्मचारीलाई दिन्छ। नियन्त्रण एकाइमा कर्मचारी बसेका हुन्छन्। कर्मचारीले नियन्त्रण एकाइको ब्यालेट बटन थिच्छ र मतदाता मतदान गर्ने गोप्य स्थानमा जान्छ। गोप्य ठाउँमा इलेक्ट्रोनिक भोटिङ मेसिन हुन्छ। यसको माथिल्लो भागमा रहेको हरियो बत्ती बल्छ। यो मतदाता मत दिनका लागि तयार रहेको संकेत हो। मेसिनमा विभिन्न राजनैतिक दलका चुनाव चिह्न हुन्छन्। अब मतदाताले आफूले रोजेको उम्मेदवार वा राजनैतिक दलको चिह्न रहेको ठाउँको सीधा दायाँतिर रहेको नीलो बटन थिच्नुपर्छ। बटन थिच्नासाथ सम्बन्धित चिन्हको दायाँतिर रातो बत्ती बल्छ र टिङ्ग आवाज आउँछ। यो मतदान गर्ने काम सम्पन्न भयो भन्ने कुराको संकेत हो।

यस प्रकार गरिएको मतदान गोप्य हुन्छ। कसले कुन उम्मेदवार वा दललाई मत दियो भन्ने कुरा मतदातालाई मात्र थाहा हुन्छ। मतदाताले दिएको मत मेसिनको नियन्त्रण एकाइमा अभिलेख हुने भएकाले मतगणनाको समयमा उक्त एकाइमा रहेको रिजल्ट बटन थिचेपछि यसमा भएको कुल मत देखाउँछ। त्यसपछि उक्त एकाइमा दल वा उम्मेदवारको निर्वाचन चिह्न रहेकै क्रममा उनीहरूले प्राप्त गरेको मतसंख्या पनि स्क्रिनमा देखिन्छ। त्यसलाई प्रिन्ट गरेर निकाल्न पनि सकिन्छ। विभिन्न स्थानमा रहेका मेसिनलाई एकै स्थानमा जोडेर मतगणनाको अन्तिम परिणाम निकालिन्छ।

सम्पादकीय

# अर्थपूर्ण हुनुपर्छ सहमति

संविधानसभाको निर्वाचन सँघारमा आइसकेपछि मुलुकका प्रमुख राजनैतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीले सार्थक निर्वाचनका लागि दस बुँदे सहमति गरेका छन् । यस्तो सहमति धेरै अघि गरिनुपर्थ्यो । अहिले भएको सहमतिले संविधानसभालाई सुनिश्चित गन्तव्यसम्म पुऱ्याउने मात्र नभै नेपाली राजनीतिलाई समेत एउटा नयाँ युगमा प्रवेश गराउनेछ भन्ने आशा राख्न सकिन्छ । यद्यपि यस्तो सहमति गर्दा ठूला राजनैतिक दलहरूले साना राजनैतिक दलका विचार र भावनालाई सम्मान गरेका छन् कि छैनन् भन्ने कुराले विशेष महत्त्व राख्छ । उपरोक्त सहमतिका बारेमा साना दलहरूबाट कुनै खास विरोध वा प्रतिक्रिया नआउनुले अहिलेको सहमतिले मुलुकको राजनीतिलाई एउटा नयाँ उचाइमा पुऱ्याउन विशेष भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा कुनै सन्देह छैन ।

विगतमा एक-अर्काप्रति शत्रुतापूर्ण व्यवहार गर्दै आएका राजनैतिक दलहरूले कमसेकम निर्वाचन प्रयोजनका लागि मात्र भए पनि एक-अर्काको उपस्थितिलाई स्वीकार गर्ने बताएका छन् । उनीहरूले संविधान निर्माणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सबै दलका शीर्षस्थ र महत्त्वपूर्ण नेतालाई संविधानसभासम्म पुऱ्याउने वचनबद्धता पनि व्यक्त गरेका छन् । कार्यकर्तापंक्तिमा विकसित भएको राजनैतिक तिक्ततालाई कम गर्दै लाने, राजनैतिक दल तथा उम्मेदवारको निर्वाचनसम्बन्धी गतिविधिमा बाधा-अवरोध नपुऱ्याउने विषयमा जुन सहमति भएको छ त्यसको स्वागत गरिनुपर्छ । त्यसबाहेक वातावरणलाई उत्तेजित पार्ने खालका अभिव्यक्ति नदिने, मतदाता तथा उम्मेदवारलाई धम्क्याउने, कुटपिट गर्ने, तर्साउने र मानसिक दबाब दिने खालका कुनै पनि कार्यक्रम नगर्ने विषयमा जे-जस्ता सहमति भएका छन्, त्यसले संविधानसभा निर्वाचनलाई स्वच्छ र पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भने आशा गर्न सकिन्छ ।

अहिले संविधानसभाको सँघारमा रहेको मुलुकका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा शान्ति र सुव्यवस्था नै हो । पछिल्लो पटकको सहमतिमा मुलुकका प्रमुख नेताहरूले जनताको स्वतन्त्रतापूर्वक मतदान गर्न पाउनुपर्ने हकलाई सम्मान र सुरक्षा प्रदान गर्ने जुन निर्णय गरेका छन्, त्यसले मुलुकमा लोकतन्त्रको आधारशिलालाई सुदृढ बनाउने मात्र नभई लोकतन्त्रप्रति जनताको विश्वासलाई समेत बलियो बनाउनेछ । मुख्य कुरा अहिले भएको सहमतिलाई सबै दल र नेताहरूले इमान्दारीका साथ पालना गर्नुपर्छ । त्यसो भयो भने नेपाल र नेपालीलाई संविधानसभामार्फत नयाँ युगमा प्रवेश गर्नबाट कसैले रोक्न सक्नेछैन ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऔं साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### अन्तरइच्छा, आवश्यकता र प्रोत्साहन

व्यक्तिको व्यवहारलाई कुनै लक्ष्य वा प्रोत्साहनतर्फ प्रेरित गर्ने तत्त्वलाई इच्छा, आकांक्षा, आवश्यकता, अन्तरइच्छा आदि थुप्रै शब्द प्रयोग गरिएको पाइन्छ । यी शब्दहरूको भाव एउटै भए पनि अभिप्राय बेग्लाबेग्लै छन् । अन्तरइच्छा भनेको व्यक्तिको त्यो आन्तरिक शक्ति हो जसले व्यक्तिलाई निश्चित कार्य गर्न लगाउँछ । त्यस आवस्थामा व्यक्ति छटपटाइरहेको हुन्छ, अथवा केही कुरा पाउन लालायित हुन्छ । कुनै कार्य गर्न लगाउने प्रेरणा व्यक्तिको आन्तरिक शक्ति अन्तरइच्छा हो । जुन कुरा व्यक्तिले पाउन चाहन्छ वा जुन कुरा उसको हृदयले मात्र गरेको छ त्यो आवश्यकता हो । जस्तै- प्यास लागेको व्यक्तिलाई प्यास उसको अन्तरइच्छा हो भने प्यास मेट्न चाहिने पानी उसको आवश्यकता हो । यो अवस्थामा प्यास अन्तरइच्छा र पानी आवश्यकता मानिन्छ ।

अन्तरइच्छाबिना मानिस कुनै पनि काम गर्न र अघि बढ्न सक्दैन । अन्तरइच्छा नै व्यक्तिलाई कुनै कार्य गर्नतर्फ अग्रसर गराउने तत्त्व हो । यसरी आफूलाई अग्रसर गराउने काममा जुन व्यक्तिले आफूले खोजेको कुरा भेटछ तब उसको अन्तरइच्छा पूर्ति हुन थाल्छ र जसले अन्तरइच्छालाई घटाउँदै लान्छ । त्यसैलाई प्रोत्साहन भनिन्छ । प्रोत्साहन त्यो लक्ष्य हो जसबाट व्यक्तिको व्यवहार निर्देशित हुन्छ । प्रोत्साहनले नै व्यक्तिको व्यवहारलाई प्रेरित गर्छ ।

**-मीरा श्रेष्ठ**

### सडक विद्युत्

नेपालमा पर्याप्त मात्रामा पानी हुँदाहुँदै पनि अधिकतम रूपमा विद्युत् उत्पादन हुन सकिरहेको अवस्था छैन । पुँजी भए पनि उत्पादन नगरिएको हो वा पुँजी अभावका कारण विद्युत् उत्पादन हुन नसकेको हो ? यो कुरा भने सम्बन्धित निकायलाई नै थाहा होला । उत्पादन भएको विद्युत्को पनि सही उपयोग भैरहेको छैन । दिनहुँजसो लोडसेडिङको मार खेपिरहेका नेपाली जनता आफैं पनि जागरुक हुन सकेका छैनन् । अलि विकसित ठाउँहरूमा गल्ली-गल्ली, बाटो-बाटोमा विद्युत् सेवा उपलब्ध छ । ती ठाउँमा राति बालिएका बत्ती, भोलिपल्ट १०-११ बजेसम्म बलिरहेकै हुन्छन् । यदि सडकमा यस्ता अनावश्यक रूपमा बलिरहने बत्ती समयमा बाल्ने र निभाउने कार्य जिम्मेवार व्यक्ति र सचेत नागरिकहरूले गरिदिने हो भने दैनिक खेप्नुपर्ने घन्टौंको लोडसेडिङ केही मात्रमा भए पनि कम हुन्थ्यो कि ?

**-पाल्देन तामाङ, बौद्ध, जोरपाटी**

### दुर्गन्ध र सरसफाइ

एक उच्च पदस्थ अधिकारीको घरको सामुन्ने अगाडि फोहरको ढल (नाली) फुटेर यस्तो दुर्गन्ध फैलिरहेको थियो कि सडकमा हिंड्ने सबैले नाक थुनेर हिड्नुपर्थ्यो । त्यसैले ती अधिकारीले आफैं त्यो नाली सफा गर्न थाले । जसलाई देखेर वरिपरिका छिमेकीहरू उनलाई इज्जत दिंदै भन्न थाले- अरे तपाई आफैं यो सब गरिरहनुभएको छ ? यो काम त कुचिकारको हो- तपाईंको हातमा फोहोर लाग्छ नगर्नुहोस् । अधिकारीले भने 'मेरो हात यति धेरै निरीह छैन कि फोहोर मैला आदिले यसलाई बिगार्न सकोस् । यो साबुन-पानीले धुँदा एक मिनेटमै सफा भैहाल्छ ।' आखिर कुरा साँचो थियो ।

यहाँका कतिपय अविवेकी मानिसहरू दुर्गन्ध, फोहर आदि सफाइको काम केवल कुचिकारले मात्र गर्नुपर्छ भन्ने विचार राख्छन् । मानौं कुचिकारको हात कुनै माटोद्वारा बनेको होस् । जब कि जन्म लिएका सबै मानिस कुचिकारसमान नै हुन्छन् । सफाइ गर्ने व्यक्ति कुनै कारणवश काममा आउँदैन र तपाईं आफैं सफाइ गर्ने काममा मन दिनुहुन्न भने त्यसबाट तपाईंको स्तर धेरै तल झर्छ अनि तपाईंका सामु यही विकल्प रहन्छ कि फोहरको दुर्गन्ध सुँघेर बसिरहनुहोस् किनकि तपाईं आफ्नो घरलाई उठाएर अन्य कुनै स्थानमा लान सक्नुहुन्न ।

नगरका आधा बस्तीमा मानिसहरू दुर्गन्ध बढाउँछन् त्यसको जिम्मेवार प्राय: सबै नागरिक हुनुपर्छ । त्यस्तै प्रकारले फोहर सबैले गर्ने र सफा गर्ने कामचाहिँ केही व्यक्तिले मात्र गर्ने ? सफाइ गर्नु फोहरी कुरा हुन सक्दैन । आमाले शिशुको र नर्सले बिरामीको सरसफाइ गर्दैनन् ? हामी पनि आफै आफ्नो शरीरको सफाइ गर्दैनौं र ? त्यसैले हामी झूटो शान तथा ढोगी परम्परालाई त्यागेर आवश्यकताअनुसार थोरै मात्र भए पनि सरसफाइ गर्ने हिम्मत जुटायौं भने सुखका लागि कतै दौडिरहनु पर्दैन ।

**-रामहरि बञ्जारा**

### टाढाका पाठकलाई स्थान

साप्ताहिकमा खोट लगाउने त्यस्तो केही छैन । साप्ताहिकमा हामीजस्ता टाढाका पाठकले साप्ताहिकमा स्थान पाउँदैनौं कि क्या हो ? होइन भने कैयौं लेख पठाइसकियो, केवल सन्देश मात्र प्रकाशित हुन्छ । अरू लेखको पैसा नभएर नसमेटिएको पो हो कि ? शुल्क तोक्नुहोस्, हामी शुल्क तिरेर लेख प्रकाशन गराउन तयार छौं । होइन भने बिनाशुल्कको लेख प्रकाशित गर्न आफ्नो मानिस नहुँदैमा कन्टेनरमा नपुगोस् । निष्पक्ष लेखले स्थान पाओस् । पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना ।

**निमन जिरेल, मौसमी, सरिता र गायत्री थापा, उदयपुर, मुकुर्ची**

## तीतो सत्य

- सज्जनलाई बाँच्न गाह्रो हुन्छ ।
- सुनेका सबै कुरा सत्य हुँदैनन् ।

**सत्यदेवी बराल**

- संसारमा प्रेमभन्दा अरू कुनै ठूलो वस्तु छैन ।
- जब मानिसले सत्य कुरालाई आत्मसात् गरी जिउन सिक्छ, तब बल्ल जीवनको सार्थकता भेट्टाउँछ ।
- सत्य कुरा तीतो बन्न सक्छ, तथापि यही कुराले मान्छेलाई सफलताको शिखरमा पुऱ्याउँछ ।

**रेसमकुमार सुनुवार**

- सबैको माया पाइरहन सधैंस्वस्थ र आकर्षक देखिनु आवश्यक छ।

**पद्मा सिटौला, इटहरा-९, मोरङ**

- दिगो मित्रता कायम राख्ने हो भने लेनदेनको सम्बन्ध राख्नु र अनावश्यक कुरा गर्नुहुँदैन ।

**किरण पोखरेल, भिमान, सिन्धुली**

- घाइते बन्नुभन्दा रिसाहा हुनु घातक हुन्छ ।
- राजनीतिमा लाग्नु आँधीमा उभिनु हो, साहित्यमा लाग्नु फूलबारीमा डुल्नु हो ।
- मानिसको सबैभन्दा हितैषी उसको काम नै हो ।

**अनुरागी, पोखरा**

- इज्जत बिक्री वा लिलाम हुन्छ तर किन्न पाइँदैन ।
- जीवन एउटा फूल हो यसलाई ओइलिन दिनुहुँदैन ।

**जीवन के.सी., पर्वत, माझकोट**

- असत्य र अविश्वासिलो कुराले मित्रताको नाता टुट्छ ।

**सुमन के.सी., पर्वत, धौलागिरी**

- तिमी र म मिलेर नै समाज बनेको हुन्छ त्यसैले समाजसँग कहिल्यै नडराऊ ।

**सागर श्रेष्ठ, सतुंगल, काठमाडौं**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***-सम्पादक***

## नीति नियम

षड्वर्गलाई परित्याग गरी इन्द्रियपति विजय प्राप्त गर्नुपर्छ । वृद्धहरूको संगत गरी बुद्धि प्राप्त गर्नुपर्छ र इन्द्रियहरूलाई वशमा लिई अर्काकी स्त्री, पराई-धन तथा व्यर्थ हिंसाबाट बच्नुपर्छ । बढी सुताइ, लोभ, झूठा व्यवहार, उद्वेगको काम तथा अनर्थ हुने कार्य गर्नु हुँदैन ।

धर्म तथा नीति अनुसारको मात्र काम गर्नु पर्छ । त्यसो भनेर खुसीहीन भएर मात्र रहनु पनि उचित हुँदैन । धर्म, अर्थ, काम यी तीन वर्गलाई एक समान रूपमा लिनु सुख हो- कुनै एकलाई अति धेरै रूपमा लिन खोजे त्यही दु:खको कारण बन्न पुग्छ । त्यसैले इन्द्रियहरू वशमा लिएर विवेकपूर्वक समानरूपमा धर्म, अर्थ तथा कामको उपयोग गर्नुपर्छ ।

दण्ड, जरिवाना, कर आदि तिर्न नसक्ने कृषकहरूको राज्यले रक्षा गर्नुपर्छ अर्थात् किसानहरूलाई कर तिर्न अधिक भार पार्नुहुँदैन । खेतीको चोरी गर्ने, हिंसक प्राणी, विष प्रयोग तथा अन्य रोगबाट किसान तथा पशुहरूको रक्षा गर्नु पनि राज्यको कर्तव्य हो ।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बञ्जारा

सहर चर्चा



इ-मज्जामा अर्की

इ-कान्तिपुर डटकमको पछिल्लो 'भेन्चर' इमज्जा डटकमको एक प्रतिस्पर्धात्मक स्तम्भ 'च्वाइस अफ द मन्थ'मा फेब्रुअरी महिनाका लागि मन्दाकिनी न्यौपाने छनौट भइन् । प्रतिस्पर्धाका लागि छनौटमा परेका ४५ प्रतिस्पर्धीमध्ये वेबसाइट भिजिटरहरूबाट सर्वाधिक मत पाएर मन्दाकिनी उक्त वेबसाइटको 'च्वाइस अफ द मन्थ' बनेकी हुन् । काठमाडौं पोस्टको डेली सप्लिमेन्ट्स सिटी पोस्टमा प्रकाशित विज्ञापन हेरेर उनले उक्त वेबसाइटमा आफ्ना केही आकर्षक तस्बिरसहित आवेदन दिएकी थिइन् । 'साधारण व्यक्ति पनि चर्चामा आउने थाहा पाएर हत्तपत्त प्रतियोगितामा भाग लिएकी थिएँ ।'- च्वाइस अफ द मन्थ भैसकेपछि उनले इ-मज्जा डटकममा भनेकी छिन् ।

२० वर्षीया मन्दाकिनी सेन्टजेभियर्स कलेजमा 'ब्याचलर इन सोसियल वर्क'को तेश्रो वर्षमा अध्ययनरत छिन् । उनका बाबु कोषराज न्यौपाने त्रिचन्द्र कलेजमा पढाउँछन् । चार दिदी-बहिनीमध्येकी साहिंली मन्दाकिनी 'मास्टर्स' गर्न विदेश जाने विचारमा छिन् । उनले वेबसाइटमा आफ्ना बारेमा यसरी व्याख्या गरेकी छिन्- 'म साधारण, सरल, उच्च कल्पनाशील र भावुक युवती हुँ । म मानिसहरूप्रति सजिलै विश्वास गर्छु, जसले गर्दा कहिलेकाहीं मेरो मन भारी हुन पुग्छ ।'



### मोडलिङमा जम्दै सरु

साथीहरूको लहैलहैमा मोडलिङको रंगीन संसारमा हुत्तिएकी सरु मानन्धर अहिले पोखराको मोडलिङमा स्थापित भैसकेकी छिन् । यही क्षेत्रमा बेग्लै पहिचान बनाउने धुनमा उनको दौडादौड देखिन्छ । साफ्ट फेसनको डिजाइनिङ फ्लेस नामक फेसन सोबाट आफ्नो यात्रा तय गरेकी १९ वर्षीया सरुले डेढ वर्षको छोटो मोडलिङ यात्रामा आधा दर्जनभन्दा बढी ऱ्याम्पमा क्याटवाक गरिसकेकी छिन्। प्लस टुकी छात्रा सरु मोडलिङलाई जनमानसमा परिचित हुने भऱ्याङका रूपमा लिन्छिन्।

उनको लक्ष्य भने एक सफल फेसन डिजाइनर बन्नु हो । सरुको मोडलिङ केवल ऱ्याम्प मात्र होइन, म्युजिक भिडियो र ब्युटीकन्टेस्टमा पनि विस्तारित हो । उनले केही म्युजिक भिडियोमा पनि मोडलिङ गरिसकेकी छिन् । त्यसो त सन् २००७ मा पोखरामा भएको मिस पश्चिमाञ्चलमा सहभागी भएर सरुले बेस्ट ड्रेस र मिस क्याटवाक उपाधि पाइसकेकी छिन् । ५ फिट ४ इन्च अग्ली सरुको शारीरिक बनौट मोडलिङका लागि फिट छ । फुर्सद मिल्यो कि घण्टौं साथीहरूसँग च्याटिङमा झुम्न मन पराउने सरु भन्दै थिइन्- 'मोडलिङ मर्यादित र क्षमता अभिवृद्धि गर्ने पेसा हो भन्ने सबैले बुझ्नुपर्छ ।' मोडलिङमै क्यारियर बनाउने धुनमा लागेकी महेन्द्रपुल पोखराकी स्थायी बासिन्दा सरुले ब्वाइफ्रेन्ड भने चुनेकी छैनन्। उनका तस्बिरहरू लभ्लीपोखरा डटकम, ठिकठाक डटकम तथा साइवरचितवन डटकममा हेर्न सकिन्छ ।

**शिव शर्मा**

साइबर गर्ल

## मुखाले

एमाले-कांग्रेसका नेताहरूको हत्या गरी निर्वाचन बिथोल्ने योजना माओवादीको छ ।

**केपी. शर्मा ओली, नेता, नेकपा (एमाले)**

मेरो हत्या गरेर लाससमेत गायब पार्ने माओवादीको योजना थियो ।

**बलबहादुर केसी, केन्द्रीय सदस्य तथा उम्मेदवार, नेपाली कांग्रेस**

अब हामी नै एमालेसँग चुनावी तालमेल गर्न चाहँदैनौं ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

सात दलकै क्रियाकलापका कारण फेरि पनि संविधानसभा दुर्घटनामा पर्न सक्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

कुनै पनि दलले बुथमा युवा सञ्चालन गर्नु हानिकारक हुन सक्छ ।

**इयान मार्टिन, प्रमुख, अनमिन**

निर्वाचन रोक्ने प्रस्ताव ल्याउने हिम्मत कसले गर्दो रहेछ, म पनि हेर्छु ।

**माधवकुमार नेपाल महासचिव, नेकपा (एमाले)**

योपल्ट पनि निर्वाचन हुनेमा म विश्वस्त छैन ।

**लोकेन्द्रबहादुर चन्द वरिष्ठ नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी**

हेर्दै जानुहोस्, अब सुरक्षाकर्मी तपाईंहरूले नचिताएको तवरमा सक्रिय एवं कडाइका साथ प्रस्तुत हुँदै जान्छन् ।

**कृष्ण सिटौला, गृहमन्त्री**

कम्युनिस्टको आफ्नो थलो हुँदैन, उनीहरू जहाँ पुग्छन्, त्यही नै उनीहरूको थलो हो ।

**कृष्णबहादुर महरा, सूचना तथा सञ्चारमन्त्री तथा दाङ-३ का उम्मेदवार**

# जसको जित सुनिश्चित छ

**दिवस गुरागाई**

उम्मेदवार धेरै हुन सक्छन् तर जित भने तोकिएबमोजिम थोरैको हुन्छ। संविधानसभाको निर्वाचनमा पनि यही सत्यको पुनरावृत्ति हुनेछ। प्रत्यक्ष निर्वाचनमार्फत् २ सय ४० उम्मेदवार विजयी हुने ठाउँमा ३ हजार ९ उम्मेदवार मैदानमा छन। यी उम्मेदवारलाई जनताको सोझो मतले जिताउनेछ। त्यसकारण यीमध्ये कसले जित्ला अनुमानको कुरा मात्र हुन सक्छ अर्थात् प्रत्यक्ष निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी बन्छ। त्यसकारण पूर्व अनुमान मिल्छ नै भन्ने हुँदैन, तर अप्रत्यक्ष अर्थात् दललाई प्राप्त मतका आधारमा विजयी बन्ने समानुपातिक वा बन्द सूचीका कतिपय उम्मेदवारहरूको जित करिब-करिब ठोकुवा गर्न सकिन्छ। समानुपातिकतर्फ ३ सय ३५ उम्मेदवार विजयी बन्दैछन्। यीमध्ये केही प्रतिशत अग्रिम रूपमा विजयी भैसकेको अवस्था छ। खसेको मतका आधारमा महिला, जनजाति, आदिवासी, दलित, मधेसी आदिको समान प्रतिनिधित्व हुनेछ समानुपातिक पद्धतिमा। त्यसकारण पनि समानुपातिक उम्मेदवारहरू जो यो पद्धतिभित्र अटाउँछन्, उनीहरूको जित सुनिश्चित जस्तै छ।

अघिल्ला निर्वाचनलाई आधार मान्ने हो भने नेपाली कांग्रेसको मत देशभरिबाट ३५ प्रतिशतको हाराहारीमा छ। यदि यो निर्वाचनमा पनि कांग्रेसले ३५ प्रतिशत मत पाउन सके उसले ३ सय ३५ मध्ये १ सय १६ सांसद समानुपातिकबाट बनाउन पाउनेछ। यदि झरेर तीस प्रतिशत मत प्राप्त गरे पनि कांग्रेसले १ सय सांसद समानुपातिकबाट बनाउनेछ। यसकै आधारमा समानुपातिकतर्फका उम्मेदवारहरूको जित सुनिश्चित हुने कतिपयको नाम उल्लेख गर्न लागिएको हो।

हरेक दलले समानुपातिक प्रतिनिधित्वका लागि आफ्ना प्रभावशाली वा केन्द्रीय नेतालाई प्राथमिकता दिएका छन्। यस आधारमा हेर्दा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको जित सुनिश्चित छ। कांग्रेसले कोइरालाको नाम समानुपातिकको एक नम्बरमा राखेको छ। त्यसैगरी कांग्रेसको समानुपातिकको सूचीमा धेरैजसो केन्द्रीय नेता समेटिएका छन्। यो सूचीमा बलदेव शर्मा मजगैंया, लक्ष्मणप्रसाद घिमिरे, सुनिलकुमार भण्डारी, प्रदीप गिरी, पूर्णबहादुर खड्का, डा. मीनेन्द्रप्रसाद रिजाल, डा. प्रकाशशरण महत, मनमोहन भट्टराई, रमेश लेखक, रामहरि जोशी आदि छन्। जिपछिरिङ लामा, शोभाकर पराजुली, जीवनप्रेम श्रेष्ठ, तीर्थमान डंगोल, दुर्योधनसिंह थारू, डीबी लामा आदि नाम पनि कांग्रेसको प्राथमिकताको सूचीमा रहेको पाइन्छ।

त्यसैगरी उद्योगपति आनन्दराम मुल्मी र दिवाकर गोल्छा, पत्रकार हरिहर विरही, अधिवक्ता राधेश्याम अधिकारी पनि समानुपातिकबाट छानिने उम्मेदवारमा पर्छन्। उमा अधिकारी, आरजु राणा, मीना पाण्डेजस्ता महिला नेतृको जित पनि सुनिश्चितजस्तै छ। समानुपातिकका लागि कांग्रेसले ३ सय ३५ जनाकै सूची निर्वाचन आयोगमा पठाएको छ।अघिल्ला निर्वाचनमा २७ प्रतिशतको हाराहारीमा मत प्राप्त गर्ने नेकपा एमालेले आफ्नो मत सुरक्षित गर्न सके ९० जना जतिलाई विधायक बनाउन सक्नेछ। एमालेले सूचीको सुरुमा अमृतकुमार बोहोरा, साहना प्रधान र मुकुन्द न्यौपानेको नाम उल्लेख गरेको छ। यी तीनै नेता एमाले स्थायी समिति सदस्य हुन्। त्यसैगरी एमालेले उर्मिला अर्याल, केदारप्रसाद न्यौपाने, गोपाल शाक्य, छविलाल विश्वकर्मा, तुलबहादुर गुरुङ, युवराज कार्की, भीम रावल, सुरेन्द्र पाण्डे, लालबाबु पण्डित, विष्णु रिमाल, सुरेशकुमार कार्की, शंकर पोखरेल, त्रिलोचन ढकाल, विजय सुब्बा, रामकृष्ण दुवाल, अब्दुल कलाम आजाद आदिलाई प्राथमिकताको सूचीमा राखेको छ। राधा ज्ञवाली, माया ज्ञवाली, शान्ता मानवी, गौरा प्रसाईं, तीर्था गौतम, सुशीला नेपाल आदि महिला उम्मेदवारले पनि एमालेबाट प्राथमिकता पाउने निश्चित छ। पूर्वसैनिक गोपालसिंह बोहोरा, अधिवक्ता सपना मल्ल प्रधान, उद्योगपति विनोद चौधरी, डा. रेणु राजभण्डारीलाई विशेषज्ञताको हिसाबमा एमालेले छनौट गरेको छ। एमालेले पनि समानुपातिकका लागि ३ सय ३५ जनाकै सूची निर्वाचन आयोगमा पठाएको छ।

३ सय ३५ उम्मेदवारको बन्द सूची पठाउने अर्को दल माओवादीले पनि केही केन्द्रीय नेतालाई यो सूचीमा राखेको छ। यसरी सूचीकृत हुनेमा दीनानाथ शर्मा, मातृका यादव र मोहन वैद्य 'किरण' छन्। विद्यार्थी नेता लेखनाथ न्यौपाने, पुराना नेता नन्दकुमार प्रसाईं, सांस्कृतिक फाँटका खुसीराम पाखिन तथा सैन्यविद् डा. इन्द्रजित राई पनि माओवादीको प्राथमिकता सूचीमा छन्।

अघिल्ला निर्वाचनहरूमा १० प्रतिशतको हारहारीमा मत पाइरहेको राष्ट्रिय प्रजातन्त्र पार्टी अहिले तीन टुक्रामा विभाजित छ। पशुपतिशमशेर राणा अध्यक्ष रहेको राप्रपा, सूर्यबहादुर थापा अध्यक्ष रहेको जनशक्ति पार्टी र कमल थापा अध्यक्ष रहेको राप्रपा नेपाल गरी राप्रपा तीन चिरामा बाँडिएको हो। बन्दसूचीमा राप्रपाले लोकेन्द्रबहादुर चन्द, विश्वबन्धु थापा, जोगमेहर श्रेष्ठ, बालाराम घर्तीमगर, प्रतिभा राणा, परशुराम खापुङ, कृष्णकुमार राईलाई प्राथमिकताको सूचीमा राखेको छ।

त्यसैगरी राप्रपा नेपालले भोजराज घिमिरे, नरबहादुर हीराचन, रोशन कार्की, दुर्गा श्रेष्ठ, निरञ्जन थापा, टंकप्रसाद ढकाल आदिलाई बन्दसूचीमा पारेको छ। जनशक्ति पार्टीले प्रकाशचन्द्र लोहनीलाई प्राथमिकताको सूचीमा राखेको छ। तीन दलले १० प्रतिशत भोट सुरक्षित गर्न सके ३४ जनालाई विधायक बनाउनेछन्। बन्दसूचीमा उम्मेदवारको नाम पठाउने अन्य सम्भावित पार्टीमा परशुराम तामाङको ताम्सालिङ नेपाल राष्ट्रिय दल, नेमकिपा, राष्ट्रिय जनमोर्चा, चुरेभावर, नेकपा माले, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, जनमुक्ति पार्टी, सद्भावना आनन्दीदेवी आदि छन्। तराई मधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम तथा सद्भावना पार्टीले चौथो ठूलो दल बराबरको सिट समानुपातिकतर्फ सुरक्षित गर्न सक्ने



विश्लेषण गरिन्छ।

समानुपातिक तर्फबाट जित सुनिश्चित हुनेमा प्रचण्डपुत्री रेणु दाहाल पनि छिन्। त्यसैगरी माओवादी नेता वर्षमान पुन अनन्तकी धर्मपत्नी ओनसरी घर्ती, देव गुरुङकी श्रीमती यसोदा सुवेदी तथा हितमान शाक्यकी श्रीमती अमृता थापा पनि समानुपातिक अन्तर्गत सांसद बन्ने प्राथमिक सूचीमा छन्। वाईसीएल (योङ कम्युनिष्ट लिग) का अध्यक्ष गणेशमान पुन तथा उनकी श्रीमती कमला रोका मगर पनि समानुपातिकअन्तर्गत सांसद बन्दैछन्।

एमाले नेता भरतमोहन अधिकारीकी श्रीमती सविता अधिकारी र वामदेव गौतमकी श्रीमती तुलसा थापा पनि समानुपातिकअन्तर्गत सांसद बन्दैछन्। समानुपातिकमा छनौटका लागि महिला, आदिवासी, जनजाति, मधेसी, दलितका साथै परिवारवादले पनि प्राथमिकता पाउने देखिन्छ।

# पोखरामा आइसक्रिम फेस्टिबल

पोखरा- गर्मीको मौसम छ। चिसोको स्वाद यतिबेला हरेकको रोजाइ बन्छ। गर्मी मौसमलाई नै दृष्टिगत गरेर पोखरामा पहिलो पटक आइसक्रिम महोत्सव हुने भएको छ। जित हाम्रो प्रा.लि. काठमाडौंको आयोजना तथा द राइट आर्म इन्टरनेसनलको सहकार्यमा महोत्सव चैत ३० देखि वैशाख ५ सम्म चल्नेछ।

स्थानीय स्तरमा रहेका आइसक्रिम उद्योगहरूको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न थालिएको हो। महोत्सवका क्रममा पोखरा सभागृहमा आइसक्रिमका स्टलहरू राखिनेछन्। आइसक्रिम पारखीहरूको मतका आधारमा वर्षकै उत्कृष्ट आइसक्रिम उद्योग पनि घोषणा गरिने आयोजकहरूले बताएका छन्।



६ दिनसम्म चल्ने महोत्सवमा थरी-थरीका आइसक्रिमको स्वादसँगै सांगीतिक मनोरञ्जन पनि लिन पाइनेछ। यसका लागि प्रतियोगितात्मक रूपमा सांगीतिक ब्यान्डहरूको प्रस्तुति, विद्यालयस्तरीय एकल नृत्य प्रतियोगिता तथा महोत्सवलाई रंगारंग तुल्याउन फेसन सो पनि गरिनेछ।

**–शिव शर्मा**

# कुटुम्बसँग हातेमालो

*पोखरा- काभ्रेको बनेपा र पनौतीबाट तीन महिनाअघि संगीत समूह कुटुम्बका सात जना सदस्यले लोपोन्मुख स्थानीय वाद्ययन्त्रका बारेमा जानकारी लिई त्यस्ता वाद्ययन्त्रको संगीत हराउन नदिने प्रयास प्रारम्भ गरेका थिए। त्यसैको अर्को श्रृंखलास्वरूप गत साता यो समूह पोखराको बाटुलेचौरमा पाँच दिनसम्म खटियो। गन्धर्वहरूको बाक्लो उपस्थिति रहेको पोखराको उक्त स्थानमा पुगेर समूहका सदस्यले सारंगी र मादल मात्र होइन, लोपोन्मुख बाजा अरबाजोका बारेमा पनि यथेष्ट जानकारी लिए। त्यसपछि शनिबार बाटुलेचौरको मैदानमा उनीहरू झन्डै १ हजार दर्शकसमक्ष आफूले पाएको प्रशिक्षणको प्रदर्शन गरे। हराउँदै गएका बाजाहरूको प्रशिक्षण पछिल्लो पुस्ताले लिनु उनीहरूको मूल उद्देश्य थियो। कुटुम्ब अब मिथिला नगरी जनकपुरको स्थानीय परम्परागत बाजा बजाउन सिक्न र थप जानकारी लिन त्यसतर्फ जाने बताइन्छ।*

# संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभा देशको इतिहासमा एक पटक मात्रै हुन्छ । नेपाली जनताले ६० वर्षको संघर्षपछि २०६३ को जनआन्दोलनका कारण यो मौका पाउँदैछन् । यस्तो बेलामा कस्तो नीति भएको दलले निर्वाचनमा भाग लिँदैछ, कस्तो व्यक्ति प्रतिस्पर्धामा उत्रँदैछ, त्यो महत्त्वपूर्ण हुन्छ । जनताले उपयुक्त व्यक्ति चुन्न गल्ती गरे भने देश र जनता दुवैले धोका पाउनेछन् । यो निर्वाचनको मूल उद्देश्य पहिलोपल्ट सार्वभौमसत्ता सम्पन्न जनताले त्यही प्रकारको संविधानका लागि निर्वाचन गर्नु हो । यसले राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र, समावेसी प्रजातन्त्र, दिगो शान्ति, राज्यको पुनर्संरचना तथा जनताको जीविकाको संवैधानिक ग्यारेन्टी गर्नेछ । यसका लागि उपयुक्त व्यक्तिलाई नै जिताउनुपर्छ ।

**आनन्द पोखरेल, नेता, नेकपा एमाले**

राजनैतिक दलका घोषणापत्र संसदीय निर्वाचनको वरिपरि रहेर नीति तथा कार्यक्रम ल्याइएको छ । ती नीति तथा कार्यक्रम संविधानसभा निर्वाचनका लागि आवश्यक हुन् कि होइनन् । संविधानसभा निर्वाचनबाट नयाँ संविधान निर्माण गर्ने हो, तर दलहरूका घोषणापत्र हेर्दा उनीहरू संसदीय निर्वाचनकै शैलीमा अगाडि आएका छन् । मैले देखेसम्म सबैजसो दलले राष्ट्रपति तथा प्रधानमन्त्रीको चयनबाहेक अन्य कुरामा संविधान निर्माणको खाका प्रस्तुत गर्न सकेका छैनन् । संघीयताको खाका अमूर्त रूपमा आएका छन् । यसले ठूला दलहरू अझै पनि नयाँ संविधान निर्माणमा परिपक्व छन् भन्ने देखिएन ।

**डा. आनन्दशोभा ताम्राकार, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**

म निर्वाचन प्रचारका क्रममा आफ्नो क्षेत्र जाँदा माओवादी कार्यकर्ताको बाहुबलको सिकार भएँ । मलाई उनीहरूले राजा ज्ञानेन्द्रको दलाल भन्दै छातीमाथि चढेर मुक्का प्रहार गरे । म बेहोस भएँ । एउटा प्रभावशाली दलको उम्मेदवारलाई यसरी कुटपिट गर्ने दलले कस्तो संविधान बनाउन चाहन्छ ? जनताको मन जित्न नसकेर जबरजस्ती अरूलाई रोक्ने अभियान चलाउने माओवादीले जनतालाई सार्वभौम बनाउने संविधान निर्माण गर्छ भन्ने के ग्यारेन्टी छ ? माओवादीको ज्यादतीले हिजो राजाको ज्यादतीलाई समेत बिर्साएको छ। अब जनताले कसलाई संविधान बनाउन दिने भन्ने कुरा सोच्नुपर्ने बेला भएको छ।

**देवशंकर पौडेल, एमालेका रामेछाप–१ का उम्मेदवार**

नेपालमा लोकतन्त्रका निमित्त आन्दोलन भएको संगठित र औपचारिक रूपमै सात दशक बितिसकेको छ । लोकतन्त्र नेपालीका लागि सधैं आकांक्षाको विषय मात्र बन्न पुग्यो । अब हामीले बनाउन लागेको संविधान सातौं हुँदैछ । यसअघि हामीले छवटा संविधान बनाइसक्यौं । अघिका छवटा संविधानभन्दा यो संविधान महत्त्वपूर्ण छ, किनभने यसअघिका संविधान निर्माणमा जनताको प्रत्यक्ष संलग्नता थिएन । संविधानसभा प्रक्रिया मात्र होइन, सिद्धान्त पनि हो । अब बन्ने संविधान जनताको स्वामित्व, अपनत्व र सर्वोच्चता स्थापित गर्दै निर्माण हुनेछ । यो काम गर्न नेपाली कांग्रेस सक्षम छ ।

**नरहरि आचार्य, नेता, नेपाली कांग्रेस**

संविधानसभाको निर्वाचन सम्पन्न गर्न मात्र होइन, निर्वाचित संविधानसभाबाट संविधान निर्माण गर्नसमेत जनआन्दोलनको नेतृत्व गर्ने राजनैतिक दलहरूबीच समन्वय मात्र होइन, बेजोडको विश्वाससमेत हुनुपर्छ । आन्दोलनकारी दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धाको जगमा गठन हुने संविधानसभाले आफ्नो ऐतिहासिक कार्यभार पूरा गर्न सक्नेछैन । यदि आन्दोलनकारी दलहरूबीच घृणित प्रतिस्पर्धा हुने हो भने यसले निर्माण गर्ने संविधान नयाँ नेपालको आधार नभएर बहुपक्ष केन्द्रबिन्दु बन्नेछ ।

**गगन थापा, युवा नेता, नेपाली कांग्रेस**

अरू दलले यो निर्वाचनलाई संसदीय निर्वाचनजस्तै जीवन-मरणको प्रश्न मानेका छन् । मचाहिँ संविधानसभाको महत्त्व बुझाउने गरी प्रचार गर्दैछु । म उम्मेदवार हुँ, तर यहाँ भोट ठूलो कुरा हो भन्ने मलाई लाग्दैन । राम्रो संविधान बनाउन लागि उचित व्यक्तिलाई जिताउनु राम्रो हो । मैले बुझेअनुसार १५ देखि २५ प्रतिशत जनतालाई मात्र संविधानसभाको महत्त्वका विषयमा थाहा छ । बाँकी जनता यस विषयमा अनभिज्ञ नै भएकाले पनि दलहरूले यसलाई संसदीय निर्वाचनको शैलीमा मत माग्दै हिँडेका हुन् । अनविज्ञ जनताले या त संविधानसभाका बारेमा जानकारी हासिल गर्नुपर्छ, या त नेपाली कांग्रेसजस्तो अनुभवी दललाई मत दिनुपर्छ । यसो भएको खण्डमा मात्र राम्रो संविधान बन्न सक्छ ।

**मानबहादुर विश्वकर्मा, नेपाली कांग्रेस**

# मेरो विचार

## पुर्नसंरचनाको बाटो

संविधानसभाको निर्वाचन कुनै पनि मुलुकको इतिहासमा बारम्बार हुँदैन । संविधानसभामार्फत् कुनै पनि मुलुकले जनताद्वारा चुनिएका प्रतिनिधिहरूमार्फत् संविधान निर्माण गर्छ । अहिले नेपालमा पनि संविधानसभामार्फत् राज्य पुनसंरचनाको प्रक्रिया सुरु गरेर समावेशी संविधान निर्माण गर्ने काममा सबै पक्ष, वर्ग, समुदाय, जातजाति, क्षेत्र, भाषाभाषी, सम्प्रदायको समानुपातिक सहभागिता हुनुपर्ने आवाज उठिरहेको छ । नेपालजस्तो विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति भएको देशमा संविधानसभा निर्वाचन सफलताका साथ सम्पन्न गर्न सबैले समान सहभागिता जनाउने वातावरण आवश्यक छ । संविधानसभाको मुख्य एजेन्डा भन्नु नै राज्य पुनरसंरचना हो ।

महिला, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र पिछडिएका हरेक समुदायले के बुझ्नुपर्छ भने सबैखाले आर्थिक, राजनैतिक तथा सामाजिक मागहरूलाई संविधानसभाले सम्बोधन गर्ने सम्भावना भएकाले अहिलेका लागि हामी सबै पक्षले संविधानसभा जस्तो महान अवसरलाई सफल पार्न आ-आफ्नो क्षेत्रबाट योगदान दिन सक्नुपर्छ ।

संविधानसभाको निर्वाचन दुई पटक स्थगित भैसकेको छ । राजनैतिक दलहरूले देश र जनताको समस्या समाधान गर्नेतर्फ नलागि व्यक्तिगत र दलगत स्वार्थमा अल्झिएर समय खेर फाल्ने हो भने संविधानसभा जस्तो महान अवसर नै गुम्न सक्छ । त्यसकारण राजनैतिक दलका नेताहरूले एक अर्कासँग हातेमालो गर्दै संविधानसभाको बाटोमा देखापरेका विविध समस्यालाई संबोधन गर्नु पर्छ । यसका लागि सरकार, राजनैतिक दल तथा नागरिक समाजले समेत ऐक्यवद्धताका साथ आम नेपाली जनतालाई विश्वास दिलाउनुपर्छ ।

**–शंकर तिमिल्सिना, अछाम**

## संविधानसभाका तगाराहरू

हामी सार्वभौम सत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनताले २००७ सालदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनको पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरू समाधान गर्न संविधानसभासम्म पुग्नु आवश्यक छ ।

संविधानसभा निर्वाचनलाई सफल बनाउन राजनैतिक दलहरू मौन रहने समय छैन । सरकारले पनि आफ्नो जिम्मेवारीलाई सफलताका साथ परिचालन गरेर संविधानसभाको बाटोमा देखापर्ने सबै खाले तगाराहरू हटाउन सकिन्छ भन्ने प्रत्याभूति जनतालाई दिलाउन सक्नुपर्छ । अहिले मुलुकको विभिन्न भागमा भैरहेको हत्या, हिंसा, अपहरण, लुटपाट जबरजस्ती चन्दा असुली, व्यक्ति हत्या जस्ता हिंसात्मक गतिविधि नियन्त्रण गर्नुपर्छ। निश्चय नै पानी धमिलो भएपछि अबसरवादीहरू माछा मार्न सल्बलाउँछन् । त्यसकारण संविधान सभाको निर्वाचनलाई निर्विघ्न सम्पन्न गराउन यस्ता अवसरवादी तत्वहरूबाट समयमै सर्तक हुन सक्नुपर्छ ।

अहिले सिंगो मुलुक संविधानसभा निर्वाचनको मुख्य अभियानमा केन्द्रित भैरहेको बेला विभिन्न जातिय तथा साम्प्रदायिक समूहहरू आ-आफ्नो अधिकारका लागि आन्दोलन गरिरहेका छन् । देश जटिल अवस्थाबाट गुज्रिरहेको यो समयमा देखा परेका यस्ता वर्गीय, जातिय, क्षेत्रीय, भाषिक आन्दोलनहरूले संविधानसभाको बाटो छेक्ने काम गरेका छन् । यस्तो स्थितिमा सरकारले त्यस्ता आन्दोलनरत पक्षहरूलाई वार्ताको माध्यमबाट समस्याको चुरो पहिल्याउन ठोस नीति अवलम्बन गर्नुपर्छ ।

संविधान सभाको निर्वाचन घोषणा भैसकेको यो अवस्थामा निर्वाचनलाई सफलताका साथ सम्पन्न गर्न सरकार, राजनैतिक दल, नागरिक समाजका साथै हरेक पेशागत अंग र वर्गीय, जातिय, लिङ्गिय, क्षेत्रीय समुदायहरूले एक अर्कासँग गाँसिएर इमान्दारिका साथ आ-आफ्नो भूमिका निर्वाह गरी संविधानसभालाई गन्तव्यसम्म पुऱ्याउनु पर्छ । संविधानसभाले नै मुलुकमा स्थायी शान्ति ल्याउने र यसले नै हामी नेपालीहरूको भाग्यरेखा कोर्ने हुँदा यो महान अवसरलाई सफलताका साथ सम्पन्न गर्न हामी सबै नेपाली आ-आफ्नो ठाउँबाट सक्रिय हुनु आवश्यक छ ।

**–वसन्त खत्री, पनौती**

## नयाँ नेपालको निर्माण

संविधान निर्माण गर्ने सबैभन्दा राम्रो पद्धति संविधानसभा नै हो । संविधानसभाले देशको शासन प्रणाली कसरी सञ्चालन गर्ने, राज्यको ढाँचा कस्तो हुने, राज्य सत्ता कसको हातमा हुने जस्ता कुराहरूलाई समष्टिगत रूपमा व्याख्या गर्छ । संविधानसभा सदस्यहरूले जनताको चाहनालाई नयाँ बन्ने संविधान समावेश गर्छन । हाम्रो देशको सन्दर्भमा संविधानसभाले राजतन्त्रको छिनोफानो गर्दै नयाँ नेपालको खाका कोर्ने विश्वास गरिएको छ । लोकतन्त्रमा आफ्ना विचार र मागहरू राख्न सबै नागरिक स्वतन्त्र हुन्छन् । तसर्थ अहिले विभिन्न मागसहित संघर्षमा रहेका पक्षलाई सरकारले वार्ताका माध्यमबाट संबोधन गर्न सक्नुपर्छ र संविधानसभाको निर्वाचनको वातावरण सिर्जना गर्नुपर्छ। अहिलेको अवस्थामा सबैले आफना सबै माग र समस्यालाई थाति राखेर जनआन्दोलन मार्फत् प्राप्त लोकतन्त्रलाई बलियो बनाउने नयाँ संविधानतर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ।

जनतालाई संविधानसभा भनेको के हो ? संविधानसभा भयो भने के हुन्छ ? संविधान सभाबाट हुने फाइदा के के हुन ? भन्ने जस्ता प्रश्नहरूका बारेमा सुसुचित गर्न हामी सबै एकजुट भएर लाग्नुपर्छ । संविधानसभाका बारेमा विभिन्न सञ्चारमाध्यमहरूबाट जानकारी गराउनुपर्छ । नागरिक समाजले पनि विभिन्न कार्यक्रम गरी जनतालाई संविधानसभाका बारेमा बुझाउनुपर्छ । संविधानसभा कुनै पनि राजनैतिक दलको स्वार्थसँग गाँसिएको विषयमात्र होइन, यो समग्र देश र जनताका लागि हो भन्ने कुरामा सबै राजनैतिक दल र तिनका भातृसंगठनहरूले व्यापक जनचेतनाका लागि एक जुट भएर काम गर्नुपर्छ । अब नेपाली जनता कसैको निरंकुशता सहेर, दास भएर बाँच्न चाहँदैनन् । नेपालीहरूको भाग्यरेखा कोर्न निरंकुशतन्त्रलाई सधैंका लागि समाप्त पार्न पनि संविधानसभाको आवश्यकता देखिएको हो। यसका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, संघ, संगठन, देश विदेशका शक्तिहरू र हामी शान्तिप्रेमी नेपालीहरू जुट्नुपरेको छ ।

**–अर्जुन पन्थी, छत्रगन्ज, आर्घाखाँची**

## वातावरण चाहिन्छ

संविधान भनेको राज्य सञ्चालनसम्बन्धी अधिकार र कर्तव्य बाँडफाडसम्बन्धी लेखिएको दस्तावेज हो। यो देशकै महत्त्वपूर्ण दीतावेज हो । यहीअनुरूप देश सञ्चालन हुन्छ । जनताद्वारा चुनिएका व्यक्तिले संविधान तयार पार्छन् । यही संविधान तयार पार्ने व्यक्तिहरूको सभा नै संविधानसभा हो ।

चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न गर्ने भनेर सरकारले मिति तोकिसकेको छ । त्यसैले अहिलेको संविधानसभा निर्वाचनमा सरकारले कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन । संविधानसभाको निर्वाचन निष्पक्ष एवं सही ढंगले सम्पन्न गर्न सरकारले जाति, जनजाति, दलित, मधेसी, महिला, धर्म, भाषा सबैलाई समेट्नुपर्छ र देश बनाउन सबै समूहको उचित प्रतिनिधित्व हुनुपर्छ ।

अब पनि निर्वाचन हुन नसके देशमा एकदमै नराम्रो स्थिति सिर्जना हुन सक्छ । त्यसैले सबै दलका नेता, देशका विभिन्न अंग, पत्रकार, मानवअधिकारवादी, कानुनविद्, बुद्धिजीवी आदि सबै मिलेर कार्य गर्नुपर्छ । सरकारलाई बाटो देखाउनुपर्छ । संविधानसभाको निर्वाचन सही र निष्पक्ष ढंगले सम्पन्न गर्न सरकारलाई दबाब दिनुपर्छ।

**–आगत, काठमाडौं**

# संविधानसभा निर्वाचनको अवस्था

२०६३ मङ्सिरमा विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर गरेयता अहिले संविधानसभाको विश्वसनीय निर्वाचन गर्न नेपाल सबैभन्दा उपयुक्त अवस्थामा छ। संविधानसभाको निर्वाचन शान्ति प्रक्रियामा एउटा कोसेढुङ्गो हो। यो प्रक्रियालाई बिथोल्न केही गम्भीर प्रकृतिका राजनैतिक व्यवधान आए पनि तिनलाई समाधान गरियो। यद्यपि तीमध्ये केही पूर्ण रूपमा समाधान भएका छैनन्।

फागुन १६ गते अन्तरिम सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच र फागुन १८ गते संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाबीच सम्झौता भएपछि निर्वाचनको वातावरणमा महत्त्वपूर्ण परिवर्तन आयो। उम्मेदवारी दर्ताको काम सकियो र आचारसंहिता पनि लागू भयो। अहिले राजनैतिक दलहरू प्रचारप्रसारमा व्यस्त छन् र सारा मुलुक निर्वाचनमय भएको छ। यो सानो उपलब्धि होइन। यद्यपि निर्वाचनको यो सकारात्मक गतिले नयाँ चुनौती र समस्या पनि थपेको छ र तिनलाई तुरुन्तै सम्बोधन गरिनुपर्छ। यी चुनौतीमा निर्वाचन नचाहने समूहद्वारा फैलाइएको हिंसा, निर्वाचन आचारसंहिता तथा मानवअधिकारको गम्भीर उल्लङ्घन एवं हतियार तथा सेना सम्बन्धी दायित्वहरूको पूर्ण पालना छन्।

**निर्वाचनको विपक्षमा हिंसा**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा तथा संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासित सम्झौतामा हस्ताक्षर भएपछि समग्र सुरक्षास्थिति, खासगरी मधेसको सुरक्षास्थितिमा उल्लेखनीय सुधार आएको छ। यद्यपि गएको दुई सातायता यी सम्झौताहरूप्रति असहमत पक्षहरू, खास गरेर सशस्त्र समूहहरूका गतिविधि तीव्र भएका छन्। निर्वाचन प्रक्रिया बिथोल्न हत्या, हिंसा तथा उम्मेदवार र मतदाताहरूलाई डर-धम्की देखाउने प्रवृत्ति बढेर गएको छ। फागुन १७ गतेका दिन जनतान्त्रिक मधेसी मुक्ति मोर्चा (ज्वालासिंह समूह) ले निर्वाचन बिथोल्ने क्रमबद्ध योजनाहरूको खाकासहितको एउटा वक्तव्य जारी गर्‍यो। फागुन ३० गतेका दिन अन्य चारवटा सशस्त्र समूहले समान किसिमका धम्कीहरू भएको एउटा वक्तव्य जारी गरे। यी दुवै वक्तव्यमा निर्वाचनमा सक्रिय हुने उम्मेदवार र अन्य व्यक्तिविरुद्ध भौतिक कारवाही गर्ने धम्की दिइएको छ।

उम्मेदवारलाई नाम फिर्ता लिनका लागि दबाब दिइएका निकै सूचनाहरू प्राप्त भएका छन्। फागुन २४ गतेका दिन कपिलवस्तुमा जनमोर्चा पार्टीका एक जना उम्मेदवारलाई एउटा सशस्त्र समूहले अपहरण गर्‍यो र उम्मेदवारी फिर्ता लिने दबाब दिएर मात्र मुक्त गर्‍यो। कैयौँ उम्मेदवारले आफूलाई फोनबाट ज्यान मार्ने धम्की दिइएको बताएका छन् भने उम्मेदवारका घर र दलका कार्यालयहरूमा घरेलु विस्फोटक पदार्थहरूबाट आक्रमण भएका छन्।

चैत ५ गते बाँके-२ का राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमल अधिकारीको हत्या गरियो, उक्त हत्याको जिम्मेवारी सबैभन्दा पहिले जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहले लियो। यद्यपि त्यसमा अन्य समूहहरूले पनि जिम्मेवारी लिएका छन्। चैत ६ गते सप्तरी-२ का नेपाल कम्युनिस्ट पार्टी एमालेका उम्मेदवार अशोककुमार यादवमाथि साङ्घातिक हमला भयो। उक्त घटनामा अखिल तराई मुक्ति मोर्चा (पूर्व जनतान्त्रिक तराई मुक्ति मोर्चा-गोइत समूह) लाई जिम्मेवार मानिएको छ। सरकारी कार्यालय, राजनैतिक दलका कार्यालय र सञ्चारसंस्थामा वा तिनका निकट र उम्मेदवारका घरहरूमा राखिएका घरेलु विस्फोटक पदार्थका सम्बन्धमा विभिन्न समूहरूले जिम्मेवारी लिएका छन्। यस्ता घटनाबाट परिस्थिति अझ नाजुक बन्दै गएको छ।

**निर्वाचन आचारसंहिताको उल्लङ्घन र मानवअधिकार**

दलका समर्थकहरूबीचको भिडन्त, अन्य प्रकारका हिंसा, डर र धम्कीको प्रयोगसम्बन्धी दिनहुँजसो प्राप्त भैरहेका सूचनाले निर्वाचन प्रकियाले बढ्दो रूपमा हिंसात्मक मोड लिइरहेको देखाएको छ। राजनैतिक दलहरूका बीच अविश्वास र आक्रोशको खाडल स्पष्ट रूपमा बढेको छ। निर्वाचन प्रचार-प्रसारको सिलसिलामा दुई जनाको मृत्यु भैसकेको छ। राष्ट्रिय जनमोर्चाका एक जना उमेदवारको हत्याबाहेक, फागुन ११ गते अर्घाखाँची जिल्लामा एमालेका कार्यकर्ताहरूको अगुवाइमा आएका भनिएका स्थानीय गाउँलेहरूले निर्वाचनको प्रचार-प्रसारसम्बन्धी एउटा कार्यक्रमपछि माओवादीका ९ जना कार्यकर्तालाई पिटेर घाइते बनाए। जसमध्ये एक जनाको भोलिपल्ट मृत्यु भयो। रोल्पामा चैत ६ गते भएको नेकपा (माओवादी) का दुई जना कार्यकर्ताको हत्या निर्वाचनसँग सम्बन्धित थियो-थिएन भन्ने कुरा स्पष्ट हुन सकेको छैन।

योङ कम्युनिस्ट लिग (वाईसीएल) समेतका नेकपा-माओवादी कार्यकर्ताहरूले दार्चुला, धनकुटा, सिन्धुपाल्चोक, चितवन, बर्दिया, बैतडी, ललितपुर, ओखलढुङ्गा, गोर्खा, कास्की, कालिकोट, धादिङ, सल्यान आदि क्षेत्रमा अन्य दलका कार्यकर्ताहरूको स्वतन्त्रतापूर्वक भेला हुन पाउने अधिकारमा विभिन्न प्रकारले अवरोध सिर्जना गरेका थुप्रै प्रमाण प्राप्त भैरहेका छन्। नेकपा-माओवादी कार्यकर्ताहरूले उनीहरूको 'आधार इलाका' मा अन्य दललाई प्रचार-प्रसार नगर्न पटक-पटक चेतावनी दिएका छन्। नेकपा-माओवादीले मतदाताहरूलाई उनीहरूले कसलाई मत दिए भन्ने आफूलाई थाहा हुने र अरू दललाई मत दिनेलाई कार्वाही गरिने बताएको छ।

यीमध्ये फागुन २९ गते रामेछापमा भएको एउटा गम्भीर घटनामा नेकपा-माओवादीका कार्यकर्ताको आक्रमणबाट निर्वाचनको प्रचार-प्रसार कार्यक्रमबाट फर्किरहेका एक जना उम्मेदवारसहित एमालेका १९ जना कार्यकर्ता घाइते भए। ओएचसीएचआरले घटनास्थलको भ्रमणपछि उक्त आक्रमण नियोजित थियो भन्ने पुष्टि गरेको छ। विभिन्न स्रोतबाट ओएचसीएचआरलाई प्राप्त जानकारीअनुसार त्यहाँको समुदायलाई वाईसीएलले डर देखाएको, धम्की दिएको र १२ वर्षसम्मका कलिला केटाकेटीलाई स्कुलबाट निकालेर वाईसीएलमा संलग्न गराएको थियो। यस्ता घटनाले नेकपा-माओवादी र उसका भातृ सङ्गठनहरू साँच्चै स्वतन्त्र र निष्पक्ष लोकतान्त्रिक प्रकियामा संलग्न हुन इच्छुक छन् भन्ने विषयमा गम्भीर प्रश्नचिह्न खडा गरेको छ।

त्यसैगरी अन्य दलले पनि निर्वाचनसँग सम्बन्धित हिंसा गरेको र डरधम्की दिएको आरोप लगाइएको छ। फागुन १३ गते बर्दियामा नेकपा माओवादीका एक जना कार्यकर्तालाई मधेसी जनअधिकार फोरमका भनिएका ६ जना मानिसले फोरममा संलग्न हुन दवाब दिँदै गोली हानेका थिए। ओएचसीएचआरले अनुसन्धान जारी राखेका अन्य घटनामा सुर्खेतमा स्वतन्त्र उमेदवारका समर्थकले फागुन ३० गते नेपाली कांग्रेसका उम्मेदवारको अपहरण गरेको घटना र सुनसरीमा निर्वाचनको काम सकेर फर्किरहेका नेपाली कांग्रेसका कार्यकर्ताहरूमाथि मधेसी जनअधिकार फोरमका समर्थकहरूबाट भएको आक्रमण छन्। उक्त घटनामा घाइते भएका मध्ये ११ जनाले औषोधोपचार गराएका थिए।

निर्वाचन प्रचार-प्रसारको सिलसिलामा ज्यान नै जोखिममा पर्ने गरी बालबालिकाहरूलाई संलग्न गराइएका सूचना पनि प्राप्त भएका छन्। ठूला राजनैतिक दलका युवा सङ्गठनका प्रतिनिधिहरूले निर्वाचनका दिन मतदान केन्द्रको 'सुरक्षा' का लागि ठूलो संख्यामा युवाहरू परिचालन गर्ने कुराको सङ्केत गरेका छन्। मतदानका दिन हिंसा फैलाउने र बुथ कब्जा गरिने एवं परिणाम घोषणापछि पनि हिंसा हुनसक्ने कुरामा सबैले चासो राखेका छन्। यस्तो चासो विशेषतः दुर्गम क्षेत्रका प्रहरी, दलका कार्यकर्ता तथा आमजनताको छ। यो 'डर' ले पनि मतदानमा असर गर्न सक्छ।

सरकारमा रहेका दलहरूका उम्मेदवारहरूले सरकारी सम्पत्तिको दुरुपयोग गरेका कैयौँ पत्यारलाग्दा गुनासा पनि आएका छन्। यस्ता आरोपमा दलगत काममा मन्त्रालयको प्रयोगदेखि प्रहरी भर्नामा हस्तक्षेप र प्रचारप्रसार आदि काममा सरकारी वाहनको प्रयोगसम्म छन्।

आमसञ्चार-माध्यमले राजनैतिक अभियानका बारेमा आमजनतालाई समयमै सन्तुलित सूचना दिन अत्यावश्यक उच्चतम स्वतन्त्रताको उपयोग गरिरहेका छन्। यद्यपि आमसञ्चार-माध्यमका खबरहरूका आधारमा अन्मिन र ओएचसीएचआरले छानबिन गर्दा कैयौँ पटक ती भ्रम फैलाउने खालका भएको पाइएको छ। तथ्य प्रस्तुतिको उच्चतम मापदण्ड कायम गर्न र आमजनतालाई राजनैतिक परिस्थिति बुझ्न सहयोग गर्न सबै आमसञ्चार-माध्यमले समाचारमा सत्यता एवं राजनैतिक निष्पक्षता कायम गर्नु अत्यन्त महत्त्वपूर्ण छ।

**हतियार अनुगमन**

माओवादी सेनाहरू शिविरमा रहने, नेपाली सेना ब्यारेकमा रहने र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने नै १२ बुँदे समझदारी र विस्तृत शान्ति-सम्झौताका आधारभूत सिद्धान्त हुन्। विस्तृत शान्ति-सम्झौता (बुँदा ६.४) मा दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष विपक्षमा लाग्न नपाउने तर उनीहरूलाई मताधिकारबाट वञ्चित नगरिने कुरा उल्लेख छ।

उल्लेखित सिद्धान्तविपरीत माओवादी सेनाबाट बिदाइ नभै माओवादी सेनाका कमान्डर एवं सदस्यहरूलाई उम्मेदवार मनोनित गरिएको तर्फ अन्मिनले नेकपा (माओवादी) नेतृत्वको ध्यानाकर्षण गराएको छ। हतियार एवं सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता अनुसार यसका पक्षहरूको आपसी सहमतिमा बाहेक कुनै पनि अस्थायी शिविर वा व्यारेकमा रहेका कुल सैन्यमध्ये १२ प्रतिशतभन्दा बढीलाई एकसाथ बिदामा बस्ने अनुमति दिइनेछैन, तर पारिवारिक, औषधोपचारका क्रममा र अन्य आकस्मिक अवस्थामा बाहेक कुनै पनि सेनाका सदस्यलाई निर्वाचन अवधिभर बिदा स्वीकृत नगर्न अन्मिनले नेपाल सरकार तथा माओवादीका नेताहरूलाई सुझाव दिएको छ। नेपाली सेनाले आफ्ना सबै तहका कर्मचारीहरूका आकस्मिकबाहेक सबै बिदा चैत ७ गतेदेखि लागू हुने गरी रद्द गरेको र माओवादी अध्यक्ष प्रचण्डले पनि माओवादी सेनालाई आकस्मिक अवस्थामा बाहेक बिदा नदिन र बिदामा रहेकालाई पनि शिविरमा फर्कन आदेश दिइसकेको जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई प्राप्त भएको छ। यद्यपि माओवादी कमान्डरहरूलाई आदेश दिनु अगावै उल्लेख्य सङ्ख्यामा माओवादी सैनिकहरू बिदामा गैसकेका थिए। केही अवस्थामा यो सङ्ख्या १२ प्रतिशत नाघेको छ र लडाकुहरू राजनैतिक प्रचारमा संलग्न छन् भन्ने अन्मिनलाई विश्वास छ। बिदामा गएका माओवादी सैनिकहरू शिविरमा फर्कने र शिविरभित्र रहने भन्ने आदेशको पालना भए-नभएको कुरा प्रत्येक शिविरमा गणना गरेको हेरेर लगायत अन्य तरिकाबाट अन्मिनले निकटबाट अनुगमन गर्नेछ।

माओवादी नेताहरूको सुरक्षा-व्यवस्थाका सम्बन्धमा सरकार र नेकपा (माओवादी) को सहमतिअनुरूप नेकपा (माओवादी) का अध्यक्ष र २५ जना केन्द्रीय समिति सदस्यहरूको सुरक्षार्थ निश्चित सङ्ख्या र प्रकारका हतियार राख्ने अनुमति छ। तीमध्ये केही उम्मेदवार छन्। सहमतिअनुसार ती हतियार आत्मरक्षाका लागि मात्र प्रयोग गरिनुपर्छ र सार्वजनिक रूपमा तिनको प्रदर्शन गर्न पाइँदैन।

विस्तृत शान्ति-सम्झौता तथा हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताअन्तर्गत नेपाली सेनाका लागि अनुमति दिइएका गतिविधिहरूमा सरकारले निर्देशन गरेबमोजिम सीमा सुरक्षा र महत्त्वपूर्ण स्थान र संरचनाहरूको सुरक्षा पर्छन्। सैन्यदस्ता तथा हवाई आवागमन र अभ्याससम्बन्धी जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई ४८ घण्टाअगावै उपलब्ध गराउनुपर्छ। नेपाली सेनाले आफूले विमानस्थल र भन्सार कार्यालय लगायत ५० वटा विभिन्न स्थानमा सैन्यदस्ताहरू खटाएको जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई गराएको छ तर उसले ४८ घण्टाको अग्रिम सूचना दिन भने सरकारबाट नै निकै ढिला गरेर आदेश प्राप्त भएको जनाएको छ।

अनुरोध गरिएअनुरूप अन्मिनले निर्वाचन अवधिभर र त्यसपछि पनि हतियार एवं सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौताको दुवै सेनाले पालना गरे नगरेको कुराको अनुगमन कार्य जारी राख्नेछ।

**(अनमिनको प्रतिवेदन)**

# जहाँ छन् सबैका आँखा

मुलुकलाई संविधानसभाको निर्वाचनले छपक्कै छोपेको छ । पार्टी र तिनका कार्यकर्ता निर्वाचन प्रचार-प्रसारमा अहोरात्र लागिपरेका छन् भने आमनेपाली निर्वाचनको दिन पर्खिएर बसेका छन् । त्यसमा पनि खासगरेर प्रभावशाली उम्मेदवारहरूको निर्वाचन सभा, आरोप-प्रत्यारोप अनि जित-हारको सम्भावित जोड-घटाउ सबैको मुखमा झुन्डिन थालेको पाइन्छ ।

यतिबेला सबैभन्दा चर्चामा रहेका उम्मेदवार नेपाल कम्युनिस्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' हुन् । काठमाडौं क्षेत्र नम्बर- १० र रोल्पा क्षेत्र नम्बर- २ बाट निर्वाचनमा उत्रिएका दाहाललाई राष्ट्रपति बनाउने भित्ते प्रचारले पनि चर्चामा ल्याएको हो । निर्वाचनमा उनको स्थान कति नम्बरमा आउने हो, अहिले सबैको आँखा छ । काठमाडौं १० मा अन्य ठूला दलका उम्मेदवारहरूको मजबुत संगठन र जित्ने दावीका बीचमा प्रचण्डको प्रचारले त्यो क्षेत्रको निर्वाचनको माहौल उत्कर्षमा छ । यो क्षेत्रमा एमाले उम्मेदवार सानु श्रेष्ठ र कांग्रेसका राजेन्द्रकुमार केसी मात्र होइन, राप्रपा नेपालका जगत गौचनको उम्मेदवारीलाई पनि कम मानिएको छैन । माओवादी उम्मेदवार प्रचण्ड रोल्पा २ बाट पनि उठेका छन् भने राप्रपा नेपालका गौचन म्याग्दीबाट पनि उम्मेदवार बनेका छन् । माओवादी योङ कम्युनिस्ट लिग (वाईसीएल) का कार्यकर्ता क्षेत्र नम्बर- १० मा केन्द्रित गरेको समाचार पुरानो हुन नपाउँदै राप्रपा नेपालका गौचनले १ हजार कराँते खेलाडीका साथ निर्वाचन प्रचारमा रहेको दावी गरेका छन् । गौचनको यस प्रकारको सक्रियताले निर्वाचनको नतिजामा कस्तो प्रभाव पार्ने हो अनुमान पनि सुरु भएको छ ।

काठमाडौंका केही क्षेत्र यतिबेला सबैको नजरमा छन् । एमाले महासचिव उठेकाले निर्वाचन क्षेत्र नम्बर- २ पनि जनचासोको क्षेत्र बनेको छ । विगतका निर्वाचनमा एमालेको पकड रहँदै आएकाले महासचिवको रोजाइमा परेको उक्त क्षेत्रमा प्रतिस्पर्धी पार्टीका उम्मेदवारको 'साइज' सानो आकिएको छ । रौतहट क्षेत्र नम्बर- ६ बाट समेत उम्मेदवार बनेका नेपाल काठमाडौंमा कांग्रेसका दीपकप्रकाश कुइँकेल र माओवादीका झक्कुप्रसाद सुवेदीसँग प्रतिस्पर्धा गर्दैछन् ।

त्यसैगरी बाँके-३ बाट उम्मेदवारी दिएका नेपाली कांग्रेसका कार्यवाहक सभापति सुशील कोइराला पनि सबैको आँखामा परेका छन् । स्थानीय स्तरमा लोकप्रिय मानिएका प्रतिस्पर्धीहरू एमालेका समसुद्दिन सिद्दिकी, राप्रपाका धवलशमशेर राणा, तराई-मधेस लोकतान्त्रिक पार्टीका विजय गुप्ता आदिले कोइरालालाई सजिलै चुनाव जित्न दिनेछैनन् । कोइरालाका यी प्रतिस्पर्धीहरू विगतमा नेपालगन्ज नगरका मेयर तथा उपमेयर रहिसकेका हस्ती हुन् । मुस्लिम मतदाताको बाहुल्य रहेको नेपालगन्जका केही वडाबाट एमालेका उम्मेदवार सिद्दिकीको पक्षमा एकलौटी मत खस्यो भने पनि कोइरालाको संविधानसभासम्म पुग्ने बाटो दुरह हुनेछ । त्यस्तै नेपालगन्जका व्यापारीहरू राम्रो पकड भएको भनिएका विजय गुप्ताले आशा गरेअनुसार मत बटुले भने कोइरालाको पराजयलाई कसैले टार्न सक्नेछैन ।

अन्तरिम संसद्का सभामुख सुभाषचन्द्र नेम्वाङ इलाम क्षेत्र नम्बर- २ बाट चुनावमा भिड्दैछन् । एमालेका तर्फबाट उम्मेदवार बनेका नेम्वाङलाई यसअघिको निर्वाचनमा इलाम क्षेत्र नम्बर- १ मा एमालेकै अर्का शीर्षस्थ नेता झलनाथ खनाललाई पराजय चखाएका केशव थापाले चुनौती दिनेछन् । लोकप्रिय उम्मेदवार थापा इलाम कांग्रेसका सभापती हुन् । यद्यपि इलामको क्षेत्र नम्बर- २ लाई एमालेको पकड क्षेत्र मानिन्छ । नेपाली कांग्रेसका महामन्त्री कुलबहादुर गुरुङ इलामकै क्षेत्र नम्बर- ३ बाट उठेका छन् । गुरुङको प्रतिस्पर्धीका रूपमा एमालेका धर्म उप्रेती उठेका छन् । विगतमा राजाका पक्षमा बोल्दै आएका गुरुङ र एमालेका उप्रेती दुवै उम्मेदवार लोकप्रिय नहुनु र अन्य जातीय दलले उम्मेदवारी दिनुले यो क्षेत्रमा बहुपक्षीय भिडन्त हुने विश्वास लिइएको छ ।

सबैका आँखा परेका उम्मेदवारमा कांग्रेस वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पनि हुन् । डँडेलधुरा र कञ्चनपुर-४ गरी दुई स्थानबाट उम्मेदवारी दिएका देउवाले निर्वाचनपछि बन्ने सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री बन्ने अग्रिम घोषणा गरेका छन् । कोइरालापछिको नेता आफू भएको बताउने देउवा यसअघिका निर्वाचनमा डँडेलधुराबाट अत्यधिक मतले विजयी हुँदै आएका नेता हुन् । यसपटकको निर्वाचनमा देउवाविरुद्ध डँडेलधुरामा एमालेका विक्रमबहादुर शाही र माओवादीका खगराज भट्टले उम्मेदवारी दिएका छन् भने कञ्चनपुर-४ मा एमालेका राजेन्द्रसिंह रावल र माओवादीका कमल क्षेत्री प्रतिस्पर्धामा छन् ।

बीपी पुत्र शशांक कोइराला पनि जनचासोका उम्मेदवार बनेका छन् । नवलपरासी क्षेत्र नम्बर- १ बाट उम्मेदवार बनेका कोइराला पहिलो पटक निर्वाचन लड्दैछन् । बीपी पुत्र भएकाले पनि चर्चा पाएका शशांकको प्रतिस्पर्धीमा एमालेकी देउकला बराल र माओवादीका ठाकुर चापागाईं छन् ।

गृहमन्त्री कृष्णप्रसाद सिटौलाको उम्मेदवारी पनि सबैको आँखामा परेको छ । माओवादीलाई शान्तिवार्तामा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका गृहमन्त्री सिटौला झापा क्षेत्र नम्बर- ३ बाट निर्वाचन लड्दैछन् । बहालवाला गृहमन्त्री र विगतमा राम्रो प्रभाव पार्न सफल नेता भएकाले सिटौला लोकप्रिय उम्मेदवारका रूपमा हेरिएका छन् । यद्यपि एमालेको बलियो संगठन र सिटौलालाई ०५१ सालमा पराजित गरेका एमाले उम्मेदवार पुष्प पोखरेल यसपटक पनि प्रतिस्पर्धामा भएकाले यो निर्वाचनमा यिनै दुईबीच फेरि पनि प्रतिस्पर्धा हुने विश्लेषकहरूको अनुमान छ ।

ललितपुर क्षेत्र नम्बर- १ मा माओवादी जनसेनाका डेपुटी कमान्डर वर्षमान पुन अनन्तको उम्मेदवारी पनि चर्चामा छ । कुनै बेला माओवादीले राजधानी घेर्ने रणनीतिसहित घोषणा गरेको रिङक्षेत्रमा पर्ने दक्षिण ललितपुरका अधिकांश गाविस समेटिएको यो निर्वाचनक्षेत्रमा अनन्तविरुद्ध राष्ट्रिय जनशक्ति पार्टीका केशरबहादुर विष्ट प्रतिस्पर्धामा छन् । यसअघिका हरेक निर्वाचन जित्दै आएको एमालेका लागि यस पटक यो क्षेत्र सुरक्षित मानिएको छैन ।

एमालेका केपी शर्मा ओली झापा क्षेत्र नम्बर- ७ बाट उम्मेदवार बनेका छन् । एमालेका प्रभावशाली नेता ओलीको उम्मेदवारी पनि चासोमा छ । प्रतिपक्षीविरुद्ध कटाक्ष गर्न सिपालु मानिने ओली राजनीतिका चतुर खेलाडी मानिन्छन् । माओवादीविरुद्धको दोहोरीमा खरो रूपमा उत्रिएका ओली विगतका निर्वाचनमा निरन्तर विजयी नेता हुन् । यस पटकको निर्वाचनमा कांग्रेसकी महेन्द्रकुमारी लिम्बू र माओवादीका सुरेश लिङ्देन उनका प्रतिस्पर्धी हुन् ।

माओवादीका अर्का प्रभावशाली नेता डा. बाबुराम भट्टराईले उम्मेदवारी दिएको गोरखा क्षेत्र नम्बर- २ पनि सबैको नजरमा परेको छ । पहिलो पटक संसदीय निर्वाचनमा भाग लिएको माओवादीले उक्त क्षेत्रमा आफ्नो विजय हुने बताए पनि यसअघिको निर्वाचनमा गोरखाका ३ वटै क्षेत्रमा कांग्रेस विजय भएको दृष्टान्त छ । उक्त क्षेत्रमा कांग्रेसका चन्द्रप्रसाद न्यौपाने तथा एमालेका हरि काफ्लेको उम्मेदवारी छ ।

भक्तपुर १ नम्बर- क्षेत्रबाट सधैं विजयी हुँदै आएका नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे रोहितले यसपटक पनि निर्वाचन जित्ने सबैको अनुमान छ । यो निर्वाचन क्षेत्रमा नेमकिपा बलियो भएकाले निर्वाचन हुने बेलामा सधैं यो क्षेत्र चर्चामा रहने गरेको छ । यो क्षेत्रमा कांग्रेसले महेश श्रेष्ठ, एमालेले कृष्णसुन्दर धौ तथा माओवादीले दिवाकर श्रेष्ठलाई प्रत्यासी बनाएका छन् ।

तनहुँ क्षेत्र नम्बर- २ बाट उठेका कांग्रेस महामन्त्री रामचन्द्र पौडेल पनि चर्चामा छन् । यसअघि अत्यधिक मतले लगातार विजयी हुँदै आएका महामन्त्री पौडेलले यसपटक जित्नका लागि प्रतिस्पर्धा गर्नुपर्ने बताइएको छ । एमालेका प्रतापलाल श्रेष्ठ र माओवादीका डम्बर विक उनका प्रतिस्पर्धी हुन् । त्यस्तै कांग्रेसकै अर्का नेता गोबिन्दराज जोशी तनहुँ क्षेत्र नम्बर- १ का उम्मेदवार हुन् । जोशीका विरुद्ध एमालेका एकबहादुर राना र माओवादीका केन्द्रीय नेता सुरेश आले मगर मैदानमा छन् । कांग्रेसका अन्य नेताहरूमा चक्रप्रसाद बाँस्तोला झापा क्षेत्र नम्बर- ४, अर्जुननरसिंह केसी नुवाकोट-१, डा. रामशरण महत नुवाकोट-२, चित्रलेखा यादव सिराहा-२, विमलेन्द्र निधि धनुषा-३, श्रीमती लीला कोइराला धनुषा-४, डा. रामवरण यादव, धनुषा-५, आनन्दप्रसाद ढुङ्गाना धनुषा-७, आमोदप्रसाद उपाध्याय मोरङ-१, महेश आचार्य मोरङ-६, डा. शेखर कोइराला मोरङ-७ चर्चामा छन् । त्यसैगरी बलबहादुर केसी सोलुखुम्बु, भीमबहादुर तामाङ दोलखा-१, चिरञ्जीवी वाग्ले गोरखा-१, बालकृष्ण खाँण रूपन्देही-३, खुमबहादुर खड्का दाङ-१, दिलेन्द्रप्रसाद बडु दार्चुला, विनयध्वज चन्द बैतडी-२, मधु आचार्य काभ्रे-१, गोपालमान श्रेष्ठ स्याङ्जा-२ को उम्मेदवारीलाई पनि जनचासोका क्षेत्रमा राख्न सकिन्छ ।

एमालेका अर्का प्रभावशाली नेता वामदेव गौतम बर्दिया १ बाट उम्मेदवार बनेका छन् । विगतमा विभाजनका कारण पराजित भएका गौतम यसपटक एमालेको सिंगो शक्ति लगाएर चुनावी मैदानमा छन् । गौतमविरुद्ध कांग्रेसकि मालती सोडारी र माओवादीकि सरला रेग्मी उठेका छन् । एमालेका अन्य नेताहरूमा भरतमोहन अधिकारी मोरङ-२, गुरु बराल मोरङ-८, अशोक राई उदयपुर-१, शम्भु थापा उदयपुर-३, रघुवीर महासेठ धनुषा-४, राजेन्द्र पाण्डे धादिङ-३, केशव बडाल काभ्रे-२, पृथ्वी सुब्बा गुरुङ लमजुङ-२ तथा डा. वंशीधर मिश्र रौतहट-४ प्रतिस्पर्धामा छन् । त्यसैगरी प्रदीप ज्ञवाली गुल्मी-२, युवराज ज्ञवाली दाङ-४, रामचन्द्र झा धनुषा-१, योगेश भट्टराई काठमाडौं-६, कृष्णगोपाल श्रेष्ठ काठमाडौं-९, सिद्धिलाल सिंह ललितपुर-२, रघु पन्त ललितपुर-३, प्रकाश ज्वाला सल्यान-१, मोहनसिंह राठौर कैलाली-२ आदि पनि सबैको नजरमा छन् ।

माओवादीका देव गुरुङ मनाङ र कास्की-१ बाट चुनावी मैदानमा उत्रिएका छन् । उनको उम्मेदवारीलाई पनि सबैले हेरेका छन् । मनाङमा कांग्रेसका बलिया स्पर्धी पाल्टेन गुरुङसँग उनको प्रतिस्पर्धा हुनेछ । पाल्टेनले यसअघिका निर्वाचनमा लगातार मनाङबाट प्रतिनिधित्व गरेका थिए । त्यस्तै कास्की-१ मा कांग्रेसका यज्ञबहादुर थापा र एमालेका खगराज अधिकारी उनका विरुद्धमा छन् । माओवादीका अन्य नेताहरूमा सञ्चारमन्त्री कृष्णबहादुर महरा दाङ-३, अग्नि सापकोटा सिन्धुपाल्चोक-२, पोष्टबहादुर बोगटी नुवाकोट-३, जनार्दन शर्मा 'प्रभाकर' रुकुम-, जयपुरी घर्ती रोल्पा-१, रामबहादुर थापा बादल चितवन-२, हिसिला यमी काठमाडौं-७, गोपाल किराँती सोलुखुम्बु, पम्फा भुषाल ललितपुर-३, वाईसीएल काठमाडौं उपत्यका इन्चार्ज चन्द्रबहादुर थापा 'सागर' गुल्मी-३, लेखराज भट्ट कैलाली-४ जनचासोका उम्मेदवार हुन् ।

त्यसैगरी तमलोपा (तराई मधेस लोकतान्त्रिक पार्टी) का हृदयेश त्रिपाठी नवलपरासी-६, सोही पार्टीका अध्यक्ष महन्त ठाकुर सर्लाही-६ र सद्भावनाका राजेन्द्र महतो सर्लाही-४ का हाइ प्रोफाइल उम्मेदवार हुन् । तमलोपाका सर्वेन्द्रनाथ शुक्लाको रूपन्देही-६ र जेपी गुप्ताको सप्तरी-२ पनि चर्चाकै क्षेत्र मानिन्छन् ।

अन्य साना पार्टीका ठूला नेता पनि आमचासोको विषय बनेका छन् । जनमोर्चाका अमिक शेरचन चितवन-५, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी बाग्लुङ-२, राष्ट्रिय जनशक्ति पार्टी अध्यक्ष सूर्यबहादुर थापा धनकुटा-२ तथा राप्रपाका अध्यक्ष पशुपतिशमशेर जबरा सिन्धुपाल्चोक-१ र ३ प्रभावशाली उम्मेदवार मानिन्छन् । जनमोर्चाका लीलामणि पोखरेल सिन्धुली-३ तथा स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेल महोत्तरी-१ का चर्चित उम्मेदवार हुन् ।

**विदुर/दिवस**

# निर्वाचनमा विदेशीको चासो

**दुर्गा खनाल**

काठमाडौं- यसपालिको निर्वाचनलाई विदेशी निकायहरूले गम्भीरतापूर्वक अवलोकन गर्ने भएका छन् । यसअघिका निर्वाचनमा खासै चासो नराख्ने विदेशी निकायहरूले यसपटक नेपाललाई प्राथमिकतामा पारेका छन् । शान्तिप्रक्रियालाई नजिकबाट नियालिरहेका २८ वटा संघसस्था एवं नियोगले झन्डै साढे ७ सय पर्यवेक्षक परिचालन गर्दैछन् ।

निर्वाचन आयोगका अनुसार उनीहरूले जिल्ला-जिल्लादेखि बुथसम्म पुगेर निर्वाचनको अनुगमन गर्नेछन् । यसअघि तीनवटा संसदीय निर्वाचनलाई नजिकबाट नियालेका पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले संविधानसभाको निर्वाचन पहिलो पटक हुन लागेकाले पर्यवेक्षक धेरै आएको बताए । 'लामो द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने निर्वाचन भएकाले विदेशीको चासो बढेको हो,' उनले भने । २०५६ सालको संसदीय चुनावमा करिब १ सय जनामा मात्र विदेशी पर्यवेक्षक आएको आयोगका उपसचिव ध्रुव ढकाल बताउँछन् ।

यो निर्वाचन अनुगमनका लागि सरकारले संयुक्त राष्ट्रसंघका महासचिव बान कि-मुनलाई पनि निम्तो दिएको छ भने अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टर पनि आउने भएका छन् । पूर्वराष्ट्रपति कार्टरको 'कार्टर सेन्टर'ले झन्डै एक वर्षदेखि नेपालमा कार्यालय खोली चुनावी गतिविधिको अनुगमन गरिरहेको छ । यहाँ कार्यालय खोलेपछि कार्टर दुई पटक नेपाल आइसकेका छन् ।

निर्वाचन आयोगले दक्षिण एसियाका सबै मुलुकका निर्वाचन आयुक्तलाई अनुगमनका लागि निम्तो दिएको बताएको छ । आयोगकाअनुसार पर्यवेक्षण अनुमति लिएका कार्टर सेन्टर र युरोपेली युनियनका पर्यवेक्षकहरू कार्यक्षेत्रमा खटिइसकेका छन् । कार्टर सेन्टरले ६० जना खटाउने भएको छ । त्यसमध्ये २० जना जिल्ला पुगिसकेका छन् । १ सय २५ जना पर्यवेक्षक खटाउने युरोपेली युनियनले गत सातादेखि पर्यवेक्षण थालिसकेको छ । अमेरिकी दूतावासले ५०, बेलायती दूतावासले २६, जापानी दूतावासले ३७ जना पर्यवेक्षक खटाउने भएका छन् । अमेरिकामै मुख्य कार्यालय रहेका युनिभर्सल ह्युमन राइट्स नेटवर्कले १५, दि एसिया फाउन्डेसनले २०, नेसनल डेमोक्रेटिक इन्स्टिच्युटले २५, इन्टरनेसनल फाउन्डेसन फर इलेक्सन सिस्टमले १० जना पर्यवेक्षक खटाउने भएका छन् ।

पर्यवेक्षणका लागि अनुमति लिएका अन्य नियोगमा थाइल्यान्डको एसियन नेटवर्क फर फ्री इलेक्सनले १ सय, बैंककको फोरम एसियाले १०, पाकिस्तानको दि रिसर्चरले ५, इटालीको उनराजिनोडिलुसीले ६ जना खटाउने बताएका छन् । आयोगका अनुसार भारतको नयाँदिल्लीस्थित साउथ एसिया फाउन्डेसनले ५०, बेल्जियममा रहेको इन्टरनेसनल क्राइसिस ग्रुपले १, पाकिस्तानको साउथ एसिया फोरम फर फेयर इलेक्सन्सले ८०, बेलायतको सोसलिस्ट इन्टरनेसनलले २०, साउथ एसिया पार्टनरसिप इन्टरनेसनलले १५ जना पर्यवेक्षक खटाउने भएका छन् ।

यसैगरी क्यानेडियन राजदूतावासले ५, फ्रान्सेली राजदूतावासले ७, मलेसियाली दूतावासले ५, फिनल्यान्ड राजदूतावासले २, नर्वेजियन राजदूतावासले १० जना पर्यवेक्षक खटाउने गरी अनुमति लिएका छन् । पर्यवेक्षणको अनुमति पाएको राष्ट्रिय संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले पनि विभिन्न मुलुकमा ख्याति कमाएका विदेशीहरूलाई आफ्नो संस्थाका तर्फबाट पर्यवेक्षक ल्याउन आयोगमा प्रस्ताव गरेको छ । आयोगले स्वीकृति दिए ५० भन्दा बढी विदेशी पर्यवेक्षक थपिनेछन् । विदेशी पर्यवेक्षकलाई आयोगले तस्बिरसहितको परिचयपत्र दिने व्यवस्था गरेको छ । पर्यवेक्षक संस्थाले पर्यवेक्षणको प्रतिवेदन आयोगमा बुझाउनुपर्नेछ ।

यसबीच संविधानसभा निर्वाचन पर्यवेक्षणका लागि १ सय ४८ राष्ट्रिय संघसंस्थाले पनि झन्डै १ लाख पर्यवेक्षक खटाउने भएका छन् । पर्यवेक्षणमा खटिने ठूला संस्थाहरूमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले १२ हजार ७ सय, राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) ले २३ हजार, राष्ट्रिय निर्वाचन पर्यवेक्षक समिति नेपालले २० हजार, बार एसोसिएसनले १ हजार, आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) ले १ हजार ९ सय, मतदाता संघले २ सय जना पर्यवेक्षक खटाउने बताएका छन् ।

# निर्वाचनका लागि विशेष सुरक्षा योजना

निर्वाचनको सुरक्षाका लागि सरकारले अहिले विशेष सुरक्षा योजना लागू गरिरहेको छ । तीन चरणको सुरक्षा योजनाअन्तर्गत अहिले दोस्रो चरणमा सुरक्षाकर्मीले उम्मेदवार, निर्वाचन प्रचार-प्रसारमा भैरहेका गतिविधिको सुरक्षालाई विशेष ध्यान दिइरहेका छन् । पहिलो चरण माघ १५ देखि फागुन ७, सम्म र दोस्रोमा फागुन ८ देखि चैत २७ र तेस्रोमा मतदानको दिनदेखि मतगणना र विजय जुलुस/सभासम्म विशेष सुरक्षा लागू गर्ने गृहमन्त्रालय गत माघ महिनामा नै निर्णय गरेको हो ।

गृहमन्त्रालयका अनुसार चुनावी सुरक्षामा नेपाल प्रहरीका झन्डै ४० हजार र सशस्त्रका २० हजार ७ सय जना जना खटिएका छन् । त्यसबाहेक जनपद र सशस्त्र प्रहरीले झन्डै ६९ हजार म्यादी प्रहरी पनि भर्ना गरिसकेका छन् । ६ हजार म्यादी सशस्त्र प्रहरीले र बाँकी नेपाल प्रहरीले भर्ना गरेका छन् । म्यादी प्रहरी यसै सातादेखि तालिम प्राप्त गरी कार्यक्षेत्रमा खटिँदैछन् ।

तराईका बाहेक प्रत्येक निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरीका एक-एकवटा बेसक्याम्प स्थापना भएका छन् । तराईका जिल्लामा भने सशस्त्रका एउटै क्षेत्रमा तीनवटासम्म बेस क्याम्प छन् । तराईका जिल्ला सदरमुकाम भएका निर्वाचनक्षेत्रमा ७५ जना सशस्त्र र २५ म्यादी प्रहरी रहनेछन् क्षेत्रमा ५० सशस्त्र र १५ म्यादी प्रहरी खटिएका छन् । तराईबाहेकका जिल्लाका सदरमुकाम रहेका क्षेत्रमा ५० सशस्त्र र १५ म्यादी तथा अन्य क्षेत्रमा ३५ सशस्त्र र १५ म्यादी प्रहरी राख्ने योजना छ ।

प्रत्येक मतदान केन्द्रमा मतदान केन्द्रमा ३ देखि ७ जनासम्म नेपाल प्रहरी र २१ जनासम्म म्यादी प्रहरी राख्ने योजना छ । त्यसबाहेक प्रत्येक क्षेत्रमा सशस्त्र र नेपाल प्रहरीले 'मोबाइल गस्ती' पनि गर्नेछन् । यसैगरी आवश्यकताअनुसार संवेदनशील क्षेत्रमा हवाई गस्ती गर्ने व्यवस्था पनि गरिएको मन्त्रालयले जनाएको छ । सुरक्षाको समन्वयका लागि प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय समिति र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा 'जिल्ला सुरक्षा समिति' बनाइएको छ ।

मतदानको दिनसम्म उम्मेदवार, मतदान केन्द्र, चुनावी कार्यक्रममा खटिने कर्मचारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय पर्यवेक्षक, सञ्चारकर्मी आदिको सुरक्षामा प्रहरीले विशेष ध्यान दिएको मन्त्रालयले जनाएको छ । तेस्रो चरणमा भने मतदान भैसकेपछि मतपेटिकाको सुरक्षा, विजय सभा र जुलुसलाई सहज पार्न सुरक्षा निकायलाई सक्रिय बनाउने योजना छ । सीमावर्ती क्षेत्रमा अपराध नियन्त्रण गर्न पनि सुरक्षाकर्मीलाई सतर्क बनाइएको छ । मतदानको दिन नजिकिँदै जाँदा सुरक्षाकर्मीले चौबीसै घन्टा काम गर्नुपर्ने अवस्था आउने भएकाले त्यसका लागि विशेष भत्ताको व्यवस्था गरिने मन्त्रालयले जनाएको छ ।

# तेस्रो लिङ्गीहरूको रोचक सहभागिता



अरूलाई हे-यौं बारम्बार, हामीलाई एक बार। तेस्रो लिङ्गीको तीन काम युवा, विकास र रोजगार आदि आकर्षक नारासहित तेस्रो लिङ्गीय उम्मेदवारहरू संविधानसभाको चुनावी प्रतिस्पर्धामा छन्। ब्यान्डबाजासहित चोलो-साडी लगाएर नाचगान गर्दै नयाँ शैलीको चुनावी प्रचार-प्रसारमा ओर्लिएका तेस्रो लिङ्गीय उम्मेदवारहरू अल्पसंख्यकको हकअधिकार सुनिश्चित गर्न आफूहरूलाई संविधानसभाको निर्वाचनमा जिताउनुपर्ने धारणा राख्छन्। युवाहरूमाझ नेपाली गुडियाको नामबाट सुपरिचित बाँकेको ३ नम्बरका उम्मेदवार रज्जवअलि समाजबाट आफूहरू उपेक्षित भएकाले तेस्रो लिङ्गीहरूको पहिचान स्थापित गराउन र अरू नागरिकसरह समान हक-अधिकारका लागि उम्मेदवारी दिएको बताउँछन्। बूढापाका भेट हुनासाथ उनी शिर निहुराएर ढोगभेट गर्छन् भने १८ नाघेका युवाहरू भेट्नासाथ भन्छन्- 'न पुरुषले केही गरे, न महिलाले। यसपालि तेस्रो लिङ्गीलाई जिताएर हेरौं है ?'

रूपन्देही क्षेत्र नम्बर-२ बाट उम्मेदवारी दिएका रामकिसन गुरुङ रोजिना दिदीको नामले सुपरिचित छिन्। बाबुआमाले रामकिसन नाम राखिदिए पनि उनी आफूलाई रोजिना दिदी नै भनेको मन पराउँछिन्। उनी आफू तेस्रो लिङ्गी भए पनि नागरिकतामा पुरुष लेखिदिएकोमा दुःखी छिन्। मनमस्तिष्क सबै केटीको छ, कसरी पुरुष ? उनी प्रश्न गर्छिन्। संविधानसभाले तेस्रो लिङ्गिको पनि अधिकार स्थापित गर्नेमा उनको विश्वास छ। रोजिनाको चुनावी प्रचारमा जुटेकी आफूलाई मारिया भन्न मन पराउने मीनप्रसाद पुन पनि संविधानसभामा तेस्रो लिङ्गीलगायत अल्पसंख्यकको हकअधिकार स्थापित गर्न आफूहरूले उम्मेदवारी दिएको बताउँछन्।

तेस्रो लिङ्गी उम्मेदवारलाई जिताउन उनीहरूका साथी एवं दिदीबहिनीहरू चुनाव प्रचारप्रसारमा खुलेर जुटेका छन्। बेहुलीझैं सिँगारिएर नाचगान गर्दै जुलुस नारा लगाउँदै चुनाव प्रचार-प्रसार गर्ने नयाँ शैलीले मतदाताहरूको ध्यान तान्न सफल भएको छ। एक महिला र एक पुरुषसहित समानुपातिकमा दुई र प्रत्यक्षमा १० गरी जम्मा १२ जना तेस्रो लिङ्गी उम्मेदवार संविधानसभाको चुनावी प्रतिस्पर्धामा छन्।

समानुपातिकतर्फ नेकपा संयुक्तबाट सुनिलबाबु पन्त र नेपाल विकास पार्टीबाट दिलकुमारी बूढा उम्मेदवार बनेका छन्। सुनिलबाबु पन्त ब्लु डायमन्ड सोसाइटीका अध्यक्ष पनि हुन्। यसैगरी नेकपा संयुक्तबाटै मीनबहादुर गुरुङ्ग कास्की-४, विजय महतो कोइरी पर्सा-१, रुद्रबहादुर थापा स्याङ्जा-१, दीपक राई सुनसरी-१ तथा श्रवणकुमार चौधरी सुनसरी-६ बाट भिड्दैछन्। त्यस्तै स्वतन्त्रबाट रामकिसन गुरुङ रूपन्देही-२, सन्तबहादुर पुन रूपन्देही-४, रज्जव अली (नेपाली गुडिया) बाँके-३, सुदनारायण चौधरी सुनसरी-२ बाट चुनावी मैदानमा छन्। त्यस्तै क्षेत्र नम्बर २ बाट शिवनारायण चौधरी स्वतन्त्र रूपमा र सप्तरी क्षेत्र नम्बर ३ बाट नेकपा संयुक्तका तर्फबाट इन्द्रनारायण लेखी छन्, जसको त्यति चर्चा छैन। तेस्रो लिङ्गीले उम्मेदवारी दिएको क्षेत्रमा त्यही समुदायका मानिसहरू आ-आफैं आर्थिक स्रोत जम्मा गरेर कम खर्चमा चुनाव प्रचार गरिरहेको बताउँछन्।

**-भोला महतो**

## प्रविधिले सुसज्जित निर्वाचन आयोग

पहिले अन्य प्रकारका निर्वाचन गर्दै आएको निर्वाचन आयोग यस पटक संविधानसभाको निर्वाचनमा जुटेको छ। भौगोलिक विकटताका कारण देशका विभिन्न स्थानमा सम्पर्क गर्न असहज हुने अवस्थामा यो निर्वाचनमा भने विभिन्न किसिमका प्रविधिका कारण आयोगले निकै सहजताको अनुभव गरेको छ।

यसअघि २०५६ सालमा संसद्का लागि निर्वाचन भएको थियो। त्यतिबेला प्रविधिका नाममा आयोगले टेलिफोन, फ्याक्स र फोटोकपी मेसिन मात्र प्रयोग गरेको थियो, तर अहिलेको निर्वाचनको सम्पूर्ण तयारी कम्प्युटर नेटवर्किङ प्रणालीबाट भैरहेको छ। कर्मचारीहरूको टेबुलमा इन्टरनेटजडित कम्प्युटर राखिएका छन्। आयोगका सहसचिव लक्ष्मणप्रसाद भट्टराईका अनुसार देशका ७५ वटै जिल्लासँग इन्टरनेट सम्पर्क गरिने उद्देश्यका साथ कार्य भैरहेको छ। जिल्लाबाट तत्काल मतगणनाको रिपोर्ट प्राप्त गर्न यसले सहयोग पुऱ्याउनेछ। यसका लागि आयोगले जिल्ला निर्वाचन कार्यालयहरूमा पनि इन्टरनेट सञ्जालको विकास गरेको छ। भट्टराईका अनुसार कम्तीमा पनि ६० जिल्लाका निर्वाचनसम्बन्धी सम्पूर्ण सूचना इन्टरनेटबाट दिने अवस्थामा आयोग पुगेको छ।

यसका लागि आयोगले देशभरि एकै प्रकारको विद्युतीय सञ्जाल निर्माण गर्न सफ्टवेयरको विकास गरेको छ। यही सफ्टवेयर नै ती जिल्लामा प्रयोगमा ल्याइएको छ। यो सफ्टवेयर निर्माण गर्न आयोगले १३ लाख रुपैयाँ खर्च गरिसकेको छ।

## रोचक तथ्यांक

संविधासभा निर्वाचनको तथ्याङ्क पनि रोचक नै छ। कुनै निर्वाचनक्षेत्रमा ७ हजार त कुनै क्षेत्रमा १ लाखभन्दा बढी मतदाता छन्। १ लाखभन्दा बढी मतदाता रहेका क्षेत्र चारवटा छन्। १ लाख ४ हजार ८ सय ८८ मतदाता रहेको गुल्मी क्षेत्र नम्बर २ सबैभन्दा बढी मतदाता रहेको निर्वाचन क्षेत्र हो। यसैगरी स्याङ्जा १ मा १ लाख ४ हजार ६ सय ४५, झापा ५ मा १ लाख १ हजार ४ सय ४५ मतदाता छन्।

मनाङमा सबैभन्दा कम अर्थात् ७ हजार ४ सय ७ मतदाता छन्। यसैगरी थोरै मतदाता रहेको अर्को क्षेत्र मुस्ताङ हो जहाँ ११ हजार ८ सय ८९ मतदाता छन्। यस्तै कुनै निर्वाचनक्षेत्रमा ४१ वटासम्म गाविस छन्। ४१-४१ गाविस रहेका दुईवटा निर्वाचन क्षेत्र छन्। दार्चुला र म्याग्दी सर्वाधिक गाविस पर्ने निर्वाचन क्षेत्र हुन्। यस्तै काठमाडौंको १ नम्बर क्षेत्र काठमाडौं महानगरपालिकाका १०, ११, ३२ र ३४ गरी चार वडा मात्र पर्छन्। क्षेत्रफलका अधारमा यो सबैभन्दा सानो निर्वाचनक्षेत्र हो।

क्षेत्रफलका अधारमा सबैभन्दा ठूलो निर्वाचन क्षेत्र डोल्पा हो। सबैभन्दा कम मतदाता रहेको मनाङमा उम्मेदवारी पनि कमै परेको छ। त्यहाँ तीन पार्टीका ३ उम्मेदवार मात्र चुनावी प्रतिस्पर्धामा छन्। त्यस्तै सबैभन्दा बढी उम्मेदवारी काठमाडौं-४ मा परेको छ, जहाँ ३८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

## निर्वाचनमा साढे दुई लाख कर्मचारी

निर्वाचन आयोगले संविधानसभा निर्वाचनका लागि मुलुकभर मतदान सम्पन्न गर्न २ लाख ३४ हजार कर्मचारी खटाउने भएको छ। यस्तै सुरक्षाका लागि ४२ हजार जनपथ प्रहरी, ४२ हजार म्यादी प्रहरी र २२ हजार सशस्त्र प्रहरी गरी १ लाख ८ हजार सुरक्षाकर्मी निर्वाचन सुरक्षाका लागि खटिने भएका छन्। मुलुकभरका २ सय ४० निर्वाचनक्षेत्र र १० हजारभन्दा बढी मतदान केन्द्रमा करिब २५ हजारको संख्यामा रहेका गैरसरकारी संघ-सस्थालाई समेत चुनावमा सहयोग गर्न निर्देशन दिइएको छ।

अर्कातिर निर्वाचन सम्पन्न गर्न करिब १० अर्ब खर्च लाग्ने जानकारी गराइएको छ भने चुनावमा भाग लिने उम्मेदवारहरूले प्रचार-प्रसारका लागि करिब २ अर्ब रुपैयाँ खर्च गर्दै छन्। त्यसैगरी निर्वाचनमा उम्मेदवारी दिनेमा ७० पार गरेका ७० जना छन्। त्यसमा सर्लाही क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिने ९४ वर्षीय विद्यानन्दन राय सबैभन्दा पाको उम्मेदवार हुनुहुन्छ। पाका व्यक्तिलाई उम्मेदवार बनाउनेमा नेपाली कांग्रेस सबैभन्दा अगाडि देखिएको छ। नेपाली कांग्रेसले ७० पार गरेका ९ जनालाई उम्मेदवार बनाएको छ।

# उडनतस्तरी देख्नेहरू



पृष्ठ १ बाट जारी

दिनपछि मेरिल्याण्डमा पनि त्यस्तै उडनतस्तरी देखिए। सोही महिनाको २४ तारिखमा भारतको पुणेमा दिनेश हुकमानीले राती ताराहरू नियालिरहेका बेला अज्ञात उड्ने वस्तुहरू देखेको बताए।

त्यसैगरी क्यानाडाका बाबु-छोराले नर्थम्बरल्याण्ड स्ट्रेटमाथि प्रत्येक दिन राती १० देखि ११ बजेको बीचमा लगभग ३ वर्षसम्म प्रकाश देखेको रोचक घटना सुनाएर सबैलाई चकित पारे। उनीहरूका अनुसार उक्त प्रकाश पहिले चम्किलो सेतो र त्यसपछि सुन्तला-पहेंलो रंगमा परिवर्तत हुन्थ्यो तर अनौठो कुरा के छ भने उनीहरूले त्यसको आवाज कहिल्यै सुनेनन्। जमिनबाट झण्डै १ सय फिट माथि घुम्ने त्यो रहस्यमय जहाजले जमिनबाट कहिल्यै उडान नभरेको उनीहरूको ठम्याइ छ। राती झन्डै १० बजेतिर देखिने उक्त प्रकाश १५-२० मिनेट जति आकाशमा उडेपछि एक किलोमिटर जति पूर्वतर्फ उडेर फेरि फर्कने गरेको ती बाबु-छोराले बताएका छन्।

त्यस्तै मेक्सिकोमा सक्रिय ज्वालामुखीमाथि पटकपटक आफूले गोलो अज्ञात वस्तु देखेको ज्वालामुखीको अध्ययनमा खटिएकी ब्रिण्डा लिभिंगस्टोनले बताएकी छिन्। सन् २००३ कै फेब्रुअरी १८ मा एक सैनिक अधिकारीले अज्ञात वस्तु आकाशमा उडेको देखे। हवाई सेनाको आधार सिविरमा क्रिकेट खेलिरहेको बेला साँझ पाँच बजेतिर एक अज्ञात यान सूर्य अस्ताइरहेको दिशामा पहाडको बायाँतर्फ बढिरहेको देखेको ती अधिकारीले बताए। उनका अनुसार त्यो लट्टु आकारको र सुनौलो रंगको थियो तर रोचक कुरा उक्त जहाज कहाँ छ भनेर तत्कालै रडारमा जाँच गर्दा उक्त इलाकामा त्यसबेला कुनै पनि वस्तु रहेको पाइएन। लामो समय एयर फ्रान्समा काम गरेर सेवा निवृत्त भएका क्याप्टेन जेन चार्ल्सले धेरैपटक उडानका क्रममा ककपिटबाट त्यस्ता अनौठा यानहरू देखेको बताए। ती यानहरू कहिले उडिरहेको बेलुनजस्तो त कहिले आकाशमै स्थिर गोलो यानजस्तो देखिने जेनले बताए। ३९ हजार फिट माथिबाट ती अनौठा यानहरू उनीहरूभन्दा तल ३५ हजार फिटमा देखिने गरेको उनको अनुभव छ।

बेल्जियमको एयरफोर्सका पूर्व मेजर जनरल बिल्ट निड डि ब्रोउवर पनि लामो समयदेखि उडनतस्तरीका बारेमा चासो लिएर काम गर्नेमध्येका एक हुन्। सन् १९८९ नोभेम्बर २९ मा पूर्वी बेल्जियममा १ सय ४० जति उडनतस्तरी देखा परे पनि उनले त्यसको उत्पत्ति, प्रारूप, बानी एवं पृथ्वीमा देखिनुको कारण अनुमानसम्म गर्न नसकेको बताए। ब्रोउडर भन्छन्- 'त्यो हामीभन्दा निकै चलाख छ जो हाम्रो अनुमानभन्दा फरक छ।'

१८ सेप्टेम्बर १९७६ मा निकै तलबाट उडनतस्तरी देखिएपछि इरानको राजधानी तेहरानका



मानिसहरू आत्तिए। इरानियन एयर फोर्सका एक जनरल परवेज जफारी भन्छन्- 'त्यो ताराजस्तै थियो तर ठूलो एवं चम्किलो।' त्यस लगत्तै त्यहाँबाट एउटा लडाकु विमान एफ-४ त्यसतर्फ पठाइयो। त्यो अनौठो वस्तु नजिक पुगेपछि उक्त लडाकु विमानले नियन्त्रण गुमाउन थालेपछि तत्कालै त्यसलाई फिर्ता बोलाइयो। 'त्यसलगत्तै म स्वयं दोस्रो जेटमा त्यसतर्फ गएँ। केही नजिकबाट हेर्दा त्यो निकै रातो र चम्किलो देखियो तर रंगहरू हरियो, सुन्तला एवं नीलोमा फेरबदल हुँदै चम्किंदा म हेर्न असमर्थ भएँ। रडारको सहयोगमा त्यसलाई हेर्न खोज्दा त्यो झन्डै लडाकु ट्याङ्करजस्तो देखिएको थियो। बेलायतको प्रतिरक्षा मन्त्रालयका अनुसार उक्त मन्त्रालयमा त्यस्ता अनौठा वस्तुका बारेमा हजारौं घटना दर्ता भए पनि त्यसको व्याख्या गर्ने खालको प्रमाण भने उपलब्ध हुन सकेको छैन।

# रहस्यमय उडनतस्तरी

पृष्ठ १ बाट जारी

पुच्छ्रेतारा त कहिले उल्का पिण्ड भन्दै आएको छ। जानकारहरू भन्छन्- अमेरिकासँग यस विषयमा केही बढी सूचना छ तर ती सूचना सार्वजनिक गर्नु उसले आवश्यक मानेको छैन। कतिपयले त यसलाई अमेरिकी जासुसी यान भन्नसम्म भ्याए तर यथार्थ के हो ? कसैलाई थाहा छैन।

केनेथ अर्नोल्ड नाम गरेका एक अमेरिकी पाइलटले वासिङ्टनमाथि उडान भर्दा धेरैपटक अज्ञात वस्तुहरू देखे। त्यसको केही समयपछि उक्त क्षेत्रमा उडनतस्तरी दुर्घटनाग्रस्त भएको र अन्य ग्रहका मानिसको लास अमेरिकी अधिकारीले फेला पारेको खबर आयो। तत्कालै ती लासको एक गोप्य सैनिक शिविर 'एरिया-५१' मा पोस्टमार्टम र अन्य थुप्रै परीक्षण गरिएको बताइन्छ। पुष्टि हुन नसकेको उक्त घटना केही वर्ष पहिले 'एरिया-५१' बाट चोरी गरिएको भनिएको एक भिडियो टेपमा अमेरिकी सैनिकले तिनको छानविन गरिरहेको एवं सोही क्रममा तिनको मृत्यु भएको देखाइएको थियो। त्यसमा ती अज्ञात प्राणीको पोस्टमार्टमको दृश्य पनि देखाइएको छ तर अमेरिकी सरकारले उक्त घटनाको भिडियो झुटो भएको भन्दै त्यसको खण्डन गरेको थियो।

### वैज्ञानिक अस्पष्टता

उडनतस्तरी अन्य ग्रहको यान नै हो भन्ने ठोस प्रमाण कसैसँग पनि छैन तर केही समय उडनतस्तरी बेग्लै ग्रहको यान नै माने पनि त्यसका विपक्षमा केही वैज्ञानिक कारण छन्। पृथ्वीमा मानिसद्वारा निर्मित निकै तीव्र गतिको सुपरसोनिक यानसमेत



सबैभन्दा नजिकको तारा 'अल्फा सेन्टाउरी' पुग्न ७३ हजारभन्दा बढी वर्ष लाग्छ। यो परिप्रेक्ष्यमा कि त उनीहरूको आयु निकै लामो हुनुपर्‍यो तथा यानको गति पनि हामीले सोच्न सक्नेभन्दा निकै तीव्र गतिको हुनुपर्‍यो। त्यसैले अन्य ग्रहमा मानव अस्तित्व हुनसक्ने वर्षौंदेखिका आशंकालाई उडनतस्तरीको रहस्यले बल नै दिइरहेको छ। १९६९ को उडनतस्तरी दुर्घटनाबाट प्राप्त सूचना सार्वजनिक गरिए अध्ययन गरिरहेका वैज्ञानिकहरूलाई उडनतस्तरी के हो भन्ने विषयमा केही सुइँको मिल्न सक्छ।

## चलचित्र

# पर्खी बसें



चलचित्र प्रदर्शनमा 'क्यू सिस्टम' खारेज भएपछि केही चलचित्र देशका मुख्य केही सहरबाट एकसाथ सार्वजनिक हुन थालेका छन्, जसको शुभारम्भ आज शुक्रबार हुँदैछ। काठमाडौंका १४ वटा चलचित्रभवनका साथै उपत्यकाबाहिर पोखरा, दमक, दाङ र नारायणघाटमा प्रदर्शन हुन लागेको यो चलचित्र निर्माता उद्धव पौडेलको निर्माण संस्था गोपीकृष्ण मुभिजबाट निर्माण भएको हो। दीपक श्रेष्ठले निर्देशन गरेको यो चलचित्रमार्फत नेपाली चलचित्रमा दुई नयाँ अनुहार राजबल्लभ कोइराला र युना उप्रेतीको आगमन भएको छ। संगीतमय प्रेमकथात्मक चलचित्र 'पर्खी बसें' मा प्रेम भैसकेपछि परिबन्दमा परी विछोड भएका प्रेमी-प्रेमिकाको अतिथि भूमिकामा देखिने नायक निखिल उप्रेतीको प्रयासबाट पुनर्मिलन हुन्छ। सुरेश अधिकारीको संगीत रहेको चलचित्र 'पर्खी बसें'को एउटा गीत 'माया तिमी गर या नगर, जे गर्नु मायाले गर्छ' प्रदर्शन अगावै चर्चामा आइसकेको छ।

# फ्युचर




माता कृष्णमाया स्मृति फिल्मसको ब्यानरमा तयार भएको नेपाली कथानक चलचित्र 'फ्युचर' को गत आइतबार कोटेश्वर जडिबुटीस्थित पुष्पाञ्जली हलमा विशेष प्रदर्शनी गरियो। बालबालिका किशोरअवस्थामा प्रवेश गर्दा उनीहरू विकृतिजन्य बाटोमा कसरी लाग्छन् भन्ने कथामा आधारित यो चलचित्रमा रवि गिरि, सुशील पोखरेल, रामकेशर बोगटी, श्याम इशारा, जीवन थापा, विमला गिरी, सरिता महत, सुनिल कटुवाल, गीता पौडेल, रेणु सिटौला, संगीता खरेल, विजय विष्ट आदिले अभिनय गरेका छन्। दुर्व्यसनमा फसेका युवायुवतीहरूले आफ्नो सुनौलो भविष्यलाई आफैंले भताभुङ्ग बनाउँछन् भन्ने कुरा चलचित्रमा देखाइएको छ। जिज्ञासा र कौतूहलता कारण गलत बाटोमा जान सक्ने सम्भावनालाई मध्यनजर गरेर किशोर-किशोरीहरूलाई सत्कर्मतर्फ अग्रसर गराउनुपर्छ भन्ने सन्देश चलचित्रले दिएको छ। किशोर अवस्थामा मायाको भोको बनिरहेका उनीहरूलाई सही बाटो देखाउन अभिभावकको जिम्मेवारी महत्त्वपूर्ण हुने कुरा चलचित्रमा उल्लेख छ। राज बस्न्यातको लेखन तथा निर्देशन रहेको यो चलचित्रको निर्माण कल्पना बस्न्यातले गरेकी हुन्।

# घन्किने भो रौता महोत्सव

रौता (गाईघाट)– उदयपुरस्थित प्रसिद्ध धार्मिक स्थल रौता पोखरीमा सदाका वर्षझैं यो वर्ष पनि नयाँ वर्ष २०६५ को आगमनसँगै तीनदिने रौता महोत्सव हुने भएको छ। हिमचुली युवा समूहले आयोजना गर्न लागेको महोत्सवमा सदरमुकाम गाईघाटका अतिरिक्त खोटाङ, सिन्धुली, काठमाडौं, ओखलढुंगा, सिराहा, सप्तरी आदि जिल्लाबाट १० औं हजार आन्तरिक पर्यटक भित्रिने अपेक्षा गरिएको छ। यो वर्ष विदेशी पर्यटकहरूको पनि उल्लेख्य सहभागिता रहने आयोजक समूहका सदस्य विष्णु काफ्लेले बताए।

विगतका वर्षमा यातायातका साधन नपुगेका कारण पर्यटकको आगमनमा कमी भए पनि यस वर्ष यातायात पुगिसकेकाले पर्यटकको संख्या वृद्धि हुने आशा राखिएको छ। सदरमुकामबाट उत्तरमा पर्ने यो पोखरी १ हजार ९ सय मिटरको उचाइमा छ। पोखरीमा पुग्न गरिने पैदलयात्रामा बाटैभरि फुलेको लालिगुराँस र पहेंलै पाकेका ऐंसेलु हेर्दै सात घण्टाको रमाइलो यात्रा गर्न सकिन्छ। महोत्सवमा विशेष गरी नयाँ वर्षका अवसरमा शुभकामना आदानप्रदान गर्न स्थानीय सर्वसाधारणको समेत उल्लेख्य उपस्थिति रहने गरेको छ।


महोत्सवमा विभिन्न जात जातिका झाँकीहरू प्रदर्शन गरिनुका साथै तीन दिनसम्मै भलिबल, फुटबल, कबड्डी,



हाइजम्प, दौड आदि प्रतियोगिता आयोजना गरिनेछ। त्यस्तै दोहोरी गीत गाइनुका साथै विभिन्न सांगितिक समूहले पप, आधुनिक गीत गाएर नयाँ वर्षको शुभकामना साटासाट गर्न महोत्सवमा सामेल सम्पूर्ण आगन्तुकलाई रौताको चिसोमा शरीरबाट पसिना नछुटुन्जेल नचाउने गरेका छन्। महोत्सवमा नेपालको राष्ट्रिय फूल लालीगुराँस, सल्लाको फूल, ऐंसेलु घँगारुका लौरा, भोर्लाका पात, टपरी, जंगलका विभिन्न प्रकारका जडिबुटी, मासुका विभिन्न परिकार एवं मगर समुदायको प्रसिद्ध पेय पदार्थ तुम्बा पनि राख्ने गरिएको छ।

–विमल खतिवडा

## पहिलो विश्व




# श्रीमतीको यौनइच्छा


मानिसको यौनआवेग पनि गजबको हुन्छ। यौनकै कारण कतिपय राम्रा काम पनि भएका छन् भने त्यत्तिकै नराम्रा काम पनि भएका छन्। यस्तै यौनआवेगका कारण एक महिलाले आफ्नो पतिलाई समेत जेलमा हालिन्। भयो के भने इङ्ल्यान्डको सिप्पी केन्ट्सस्थित एक खुला कारागारमा एक महिला बन्दी थिइन्। यो कारागारमा सबै पुरुष बन्दी मात्र थिए, त्यहाँ उनी मात्र एक्ली महिला थिइन्। यसबीच उनलाई यौनसम्पर्क राख्ने उत्कण्ठा जाग्यो। कारागारमा प्रशस्तै पुरुष कैदी भए पनि ती एक्ली महिलाले आफ्नो इच्छा शान्त पार्न सकिनन्। एक दिन पति भेट्न आएको मौका पारेर उनले आफ्नो यौनइच्छा व्यक्त गरिन्, तर पत्नी जेलभित्र र आफूबाहिर भएका कारण श्रीमतीको चाहना पूरा गर्ने कार्य सम्भव थिएन। यौनवासनाले आतुर श्रीमती यौनसम्पर्कका लागि मात्र भए पनि भागेर बाहिर आउन तयार भइन्। आखिर पतिले पनि उनको कुरा माने र जेलभन्दा केही पर पत्नीलाई कुरेर बसे। निर्धारित कार्यक्रमअनुसार पत्नी जेलको पर्खाल चढेर पतिकहाँ पुग्ने क्रममा प्रहरीले उनलाई पक्राउ गर्‍यो। प्रहरीले ती महिलाले आफू भाग्न लागेको कारण बताएपछि प्रहरीले श्रीमान्लाई पनि पक्राउ गरेर जेल हाले।

# सफल भयो निर्वस्त्र साइकल दौड



मानिस स्वभावैले स्वतन्त्र हुन चाहन्छ। स्वतन्त्रताको उपभोग कसरी गर्ने भन्ने विषयमा मानिसअनुसार फरक-फरक दृष्टिकोण हुनसक्छ। अहिले विश्वका केही मानिस निर्वस्त्र हिँड्डुल र विचरण गर्ने चाहना राख्न थालेका छन्। निर्वस्त्र हिँड्डुल गर्न चाहनेहरूको जमात बढ्दै गएपछि अहिले न्यूडिस्ट कल्चरकै विकास भएको छ। यो जमातलाई अन्य मानिसले मनोरञ्जनका रूपमा लिए पनि यो वर्गलाई लक्षित गरेर विभिन्न देशमा रिसोर्ट खोल्नेदेखि उनीहरूको अलग्गै खेलकुद प्रतियोगितासमेत आयोजना हुने गरेको छ। न्यूडिस्ट कल्चरलाई उत्थान गर्न अहिले विभिन्न देशले साइकल दौड पनि आयोजित गर्ने गरेका छन्। यसै क्रममा पर्यटन बढाउन न्युजिल्यान्डमा वार्षिक रूपमा निर्वस्त्र साइकल दौडको आयोजना हुने गरेको छ। विगत पाँच वर्षदेखि हुँदै आएको यो दौडमा यसपटक सर्वाधिक १ सय साइकल चालकले सहभागिता गरे। ३ किलोमिटरको यो साइकल दौडमा सहभागी भएका पुरुषहरू निर्वस्त्र थिए भने अधिकांश महिलाले निर्वस्त्र शरीरमा रंग पोतेका थिए। उनीहरूले लगाएको भनेको हेल्मेट मात्र थियो। यस पटकको निर्वस्त्र साइकल दौडमा सहभागी भएका व्यक्तिहरूले वातावरणसम्बन्धी जनचेतना जगाउने प्रयास गरे। विगतका वर्षमा निर्वस्त्र साइकल दौड प्रतियोगिता आयोजना गर्दा स्थानीय प्रशासनले हस्तक्षेप गर्ने गरेका कारण आयोजकहरूले यात्राको दूरी छोटो बनाएका थिए। यो दौडमा सहभागी हुन क्यानाडा, बेलायत र अस्ट्रेलियादेखिका साइकलचालक आएका थिए। यो दौडको अर्को संस्करण ब्राजिल, सिड्नी र ब्रिसवनमा हुनेछ।





# वेश्याको तागत

अमेरिकाको सर्वाधिक प्रतिष्ठित सहर न्यूयोर्कका गभर्नर एक वेश्यासँगको यौनसम्पर्कका कारण आफ्नो पदबाट राजीनामा दिन बाध्य भए। न्यूयोर्कका गभर्नर इलिएट स्पित्जरलाई एम्पायर्स क्लब भीआईपीमा उनीसँग सम्पर्क राखेको अभियोग लागेको छ। यौन सेवा प्रदान गरेबापत प्रतिघन्टा एक हजार डलर पारिश्रमिक लिने २२ वर्षीया यी युवतीको नाम अनेक भए पनि उनी क्रिस्टेनको नामले परिचित छिन्।

तस्बिर– एपी



# अन्त्यमा....

जनावरहरूलाई मानिसले चरम यातना दिने गरेका छन् भने जनावरहरूका बारेमा मानिसहरूले नै आवाजसमेत उठाउँदै आएका छन्। मानिसद्वारा जनावरविरुद्ध गरिने चरम यातनाका विरुद्ध अन्तर्राष्ट्रिय संस्था पेटाले निरन्तर आवाज उठाउँदै आएको छ। हालै यो संस्थाले गर्भवती सुँगुरहरूले पाइरहेको यातनाविरुद्ध लन्डनमा सांकेतिक विरोध प्रदर्शन गर्‍यो। मानिसलाई प्रतीकात्मक बनाएर गरिएको यो विरोध प्रदर्शनमा एक गर्भवती महिलाले आफूलाई निर्वस्त्र पारेर खोरभित्र कैद गरेकी थिइन्। हाल युरोपमा सुँगुरविरुद्ध अत्यन्त अमानवीय व्यवहार हुने गरेको छ। मासुका लागि पालिएका सयौं सुँगुर एउटै खोरमा कोचाकोचको अवस्थामा रहँदा गर्भवती सुँगुरले यातना पाउने गरेको ठहर पेटाको युरोप शाखाको छ। एक गर्भवती खोरमा कोचिएर थुनिनुपर्दाको पीडालाई मानिसले कसरी सहन सक्छ भन्ने कुरा देखाउनु उक्त विरोध प्रदर्शनको मुख्य ध्येय थियो।

## सानो पर्दा


**नेपाल टेलिभिजन**-२ मा मेगा प्रोजेक्टका रूपमा नृत्य प्रतियोगिता कार्यक्रम 'घिन्ताङ' प्रसारण भैरहेको छ। प्रत्येक शुक्रबार बेलुकि ८:४५ मा प्रसारण हुने यो कार्यक्रमका लागि मुलुकभरका ५ सय प्रतिस्पर्धीबाट ३५ जनालाइ छनौट गरिएको छ। अब ३५ जनाबाट २० जना छनौट गरेपछि दर्शकले गरेको एसएमएस तथा निर्णायकहरूको मतका आधारमा एकजनालाई घिन्ताङ स्टार छनौट गरिनेछ। यही कार्यक्रममार्फत् पहिलो पटक नेपाल टेलिभिजन आफैले उत्पादन गरेको कार्यक्रमका लागि एसएमएस भोटिङ प्रणाली आत्मसात गर्दैछ। त्यसका लागि दर्शकले २०४१ मा एसएमएस गर्नुपर्नेछ। शशि खड्काले सञ्चालन गर्ने यो कार्यक्रमलाई मनहरि थापाले निर्देशन गरेका छन्। यो कार्यक्रम शनिबार ११ बजे र आइतबार ३ बजे पुनः प्रसारण हुन्छ।

**नेपाल टेलिभिजन**-२ च्यानलमा प्रत्येक शनिबार बेलुकि साढे सात बजे कार्यक्रम 'आइएमई म्युजिकल जर्नी' प्रसारण हुने गरेको छ। राजनीती बाहेक सर्वसाधारणका चासोका सबै गतिविधिलाई समेट्ने यो कार्यक्रममा पहिलो पटक स्पेनको मेड्रिडमा सम्पन्न रोचक नेपाली कार्यक्रम प्रसारण गरिने भएको छ। सोनी बैदार तथा मनहरि थापाले सञ्चालन गर्ने यो कार्यक्रममा विभिन्न जानकारीका साथमा गीत-संगीत पनि प्रस्तुत गरिन्छ।

**इमेज** च्यानलबाट नेपाल (नेवारी) भाषाको कार्यक्रम 'समयबजी' प्रसारण हुने गरेको छ। हास्यप्रधान उक्त कार्यक्रममा दर्शकहरूलाई विभिन्न मनोरञ्जनात्मक विषय तथा प्रस्तुतिबाट हसाउँदै नेपाल भाषाका गीतहरू प्रसारण गरिन्छ। दर्शक एसएमएसबाट पनि गीत बजाइने उक्त कार्यक्रम सुरेन्द्र मानन्धर तथा सुमिका बज्राचार्यले सञ्चालन गर्छन्। यो कार्यक्रम हरेक बिहीबार राती साढे नौ बजे प्रसारण हुन्छ भने हरेक शुक्रबार बिहान साढे नौ बजे पुन:प्रसारण हुन्छ।

**कान्तिपुर** टेलिभिजनमा युवा पुस्ताको चाहनालाई ध्यानमा राखी निर्माण गरिएको रमाइलो धारावाहिक 'क्याफे कान्तिपुर' को रूपरेखा केही सातापछि विस्तारै परिवर्तन गर्दै जाने उक्त धारावाहिकका निर्देशक सूर्यनारायणले बताएका छन्। हाल उक्त धारावाहिकमा अभिनय गरिरहेका सन्तोष सिलवाल गिरी, निशा अधिकारी, अभिषेक राणा, रिचा शर्मा, प्रियङ्का थापा आदि बाहेक आगामी श्रृंखलामा केही नयाँ तथा पुराना कलाकारहरूलाई पनि हेर्न पाइनेछ। धारावाहिक हरेक मंगलबार साँझ साढे सातबजे प्रसारण भैरहेको छ।

**कान्तिपुर** टेलिभिजनमा हरेका शुक्रबार साँझ साढे छ बजे प्रसारण भैरहेको बालबालिकाहरूको कार्यक्रम 'कान्तिपुर फ्यान क्लब' की सञ्चालिका प्रतिमा श्रेष्ठकी छोरी प्रशंसा श्रेष्ठ अचेल नेपाल वान टेलिभिजनबाट हरेक दिन साँझ प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'हेलो नेपाल' को सञ्चालिकाका रूपमा देखिन थालेकी छिन्।




## लभ गुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्ने छैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २४ वर्षीय युवक हुँ। दुई वर्ष पहिले मैले आफ्नी प्रेमिकालाई सहमतिकै आधारमा भगाएँ। भागेको चार-पाँच दिनपछि मैले उनलाई आफ्नो घर लगेँ, तर विद्यालय लाने बहानामा उनका माइतीले मबाट अलग बनाएँ। आठ-नौ दिनपछि गाउँका गन्यमान्य मानिसहरू लिएर आउनु भनी केटीपक्षले मलाई बोलाए। मलाई आफ्नी प्रेमिकाप्रति पूर्ण विश्वास थियो। त्यसदिन समाजको उपस्थितिमा उनले मसँग विवाह नगर्ने र जबरजस्ती भगाएको झूटो आरोप लगाइन्। वास्तवमै मैले उनको प्रस्ताव स्वीकार गरेको थिएँ। उनले मलाई गरिब, अशिक्षित भनेर मेरा कमजोरीहरू देखाइन्। गरिब भएकै कारण मैले आइए भन्दा माथि पढ्न सकिनँ। यो कुरा उनलाई पहिल्यै थाहा थियो, तर किन उनले यो स्थितिमा आएर त्यसो गरिन्, मैले केही बुझ्न सकिनँ, उनी हाल १२ कक्षामा अध्ययनरत छिन्। उनी अचेल मलाई घृणा गर्छिन् रे। उनीसँग भेट नभएको पनि दुई वर्ष भैसककेको छ। म अझै पनि उनलाई माया गरिरहेको छु। म उनीबाहेक अरू कसैसँग जीवन बिताउन चाहन्नँ। म उनलाई कसरी पाउन सक्छु होला ?**

**-आनन्द**

तपाईको समस्या पढेपछि म सोचमग्न भएँ। कुनै चलचित्रको कथाझैं लाग्ने यो समस्यामा मेरो सल्लाह मान्नुहुन्छ भने तपाईंले आफ्नी प्रेमिकाका बारेमा कल्पिनु बेकार छ। अझै पनि तपाई उनको प्रेम पाउने सोचमा हुनुहुन्छ भने त्यो व्यक्तिगत रूपमा तपाईंका लागि घातक हुनसक्छ। भनिन्छ, 'एक हातले ताली बज्दैन'। त्यस्तै प्रेम सम्बन्ध विस्तार गर्न पनि एक्लै प्रेमी वा प्रेमिकाबाट सम्भव छैन। अहिले तपाई प्रेमविवाह भैसकेर पनि एकतर्फी प्रेमको सिकार हुनुभएको छ। परिवारको कुरा सुनेर वा दबाबमा आएर उनले त्यसो गरेकी हुन सक्छिन् भने सोच आफ्नो ठाउँमा छ। यदि त्यसो हो भने उनले त्यो कुराको जानकारी तपाईंलाई कुनै पनि माध्यमबाट गराउन सक्थिन्, तर उनले त्यसो गरिनन्। मनलाई बलियो बनाउनुहोस् र जीवनमा सफलता पाउने पथतिर अग्रसर हुनुहोस्। काम र अध्ययनमा यति व्यस्त रहनुहोस् कि उनको सम्झना पनि नआओस्। यो घटनालाई तपाईंले इखका रूपमा लिनुपर्छ। उनी र उनको परिवारलाई देखाउनका लागि भए पनि तपाईंले सफलता हासिल गर्ने बाटो रोज्नुपर्छ।



तस्बिर : मोहनसमार डङ्गम

## फिल्मी खबर


**नृत्य** निर्देशक राजु शाहको निर्माण एवं निर्देशनमा युरोपका बेल्जियम, जर्मनी आदि देशमा छायाङ्कन गरिएको चलचित्र 'सपनाको नौलो संसार' को प्रदर्शन युरोपबाटै आरम्भ भएको छ। केही साताअघिदेखि युरोपका केही सहरबाट प्रदर्शन शुभारम्भ गरिएको चलचित्रका निर्माता तथा निर्देशक शाहले बताएका छन्। केही महिनापछि यो चलचित्रलाई स्वदेशमा प्रदर्शन गरिने योजना रहेको चलचित्रका अर्का निर्माता तथा नृत्य निर्देशक प्रदिप श्रेष्ठले बताए। विदेशीको चमकदमक भन्दा स्वदेशको गाउँले जीवन नै रमाइलो हुने सन्देश बोकेको यो चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी, तृप्ति, ऋचा घिमिरे तथा जर्मनीमा बसोबास गरिरहेकी नायिका कमला दाहालले मुख्य भूमिका निर्वाह गरेका छन्।

**यथार्थ** विषय समेटिने चलचित्र 'सूर्योदय' को शुभारम्भको घोषणा गरे पनि निर्देशक आकाश अधिकारी एकपछि अर्को व्यावसायिक चलचित्रमा व्यस्त छन्। हाल निर्माणाधीन चलचित्र 'शासन' को निर्माण कार्य सकिनेबित्तिकै उनी मार्शल आर्टमा आधारित अर्को चलचित्र 'गोर्खा रक्षक' को निर्देशन गर्दैछन्। डोल्याको बहुपति प्रथालाई अनुसन्धान गरेर झण्डै १४ करोडको लगानीमा अन्तर्राष्ट्रिय स्तरको चलचित्र 'सूर्योदय' निर्माण गर्ने घोषणा आकाशले केही समयअघि एक पत्रकार सम्मेलनमा गरेका थिए। चार वर्षअघि पनि आकाशले उक्त चलचित्रको घोषणा गरेका थिए तर उनी भने एकपछि अर्को व्यावसायिक चलचित्रमा व्यस्त हुन थालेकाले उनको उक्त 'ड्रिम प्रोजेक्ट' के हुने हो भन्ने चर्चा चलचित्र क्षेत्रमा चल्न थालेको छ।

**टेलिभिजन** तथा रेडियोका कार्यक्रम प्रस्तोता सरोज केसी नायक भएको चलचित्र 'विजेता' को छायाङ्कन समाप्त भएको छ। जुम फिल्म्सको ब्यानरमा प्रभुराम आलेमगरले निर्माण गरेको चलचित्रमा टेलिश्रृंखलाहरूबाट चिनिएकी नायिका सिमना ढकाल नायिका छिन् भने चलचित्रमा मनिष पोखरेल पनि नायक छन्। हेमन्त बुढाथोकीको पनि मुख्य भूमिका रहेको उक्त चलचित्रका निर्देशक रमेश पोखरेल हुन्। नारायणघाटमा छायाङ्कन गरिएको चलचित्र 'विजेता' मा वसन्त सापकोटाको संगीत, शिव शर्माको नृत्य निर्देशन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा रामेश्वर कार्कीको छायाङ्कन हेर्न पाइन्छ।

**नायक** भुवन केसीले निर्माण गरिरहेको चलचित्र 'तिमीबिना मरिहाल्छु' को प्रदर्शन अगामी वैशाखमा हुने भएको छ। वैशाखको अन्तिम सातातिर प्रदर्शन ल्याइने उक्त चलचित्रमा शम्भुजित बासकोटाको संगीत, वसन्त श्रेष्ठको नृत्य, राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन रहेको छ भने चलचित्रको निर्देशन दयाराम दाहालले गरेका छन्। एक सैनिक अधिकृतको दोहोरो प्रेमकथालाई आधार बनाइएको उक्त चलचित्रमा भुवन केसीका अतिरिक्त झरना थापा, सुस्मिता केसी, अर्पणा सिंह, पुजाना आदिको मुख्य भूमिका छ।

**नायक** निखिल उप्रेतीले साँच्चैकै गोहीसँग द्वन्द्व गरेको भनेर प्रचारमा ल्याइएको चलचित्र 'निशाना' को प्रदर्शनको चरणमा पुगेको छ। सुरेशदर्पण पोखरेलको निर्देशनमा निर्माण भैरहेको यो चलचित्रमा दिलीप रायमाझी, सुनिलदत्त पाण्डे, नन्दिता केसी, जयकिशन बस्नेत तथा नयाँ नायिका स्नेहा शर्माले अभिनय गरेका छन्। हिमाल केसीको द्वन्द्व निर्देशनमा मसालेदार चलचित्रका रूपमा प्रदर्शनको पर्खाइमा रहेको यो चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न पाइन्छ।



**चलचित्र** नायक लोकेन्द्र कार्कीले निर्माण गरिरहेको चलचित्र 'शासन' को छायाङ्कन सम्पन्न भएको छ। हाल सम्पादन भैरहेको उक्त चलचित्रमा निर्माता लोकेन्द्र कार्की नै मुख्य भूमिकामा छन् भने रेखा थापा र सञ्चिता लुइँटेल नायिका छन्। आकाश अधिकारीले निर्देशन गरेको यो चलचित्रमा नीर शाह, हरिहर शर्मा, तृप्ति नाडकर, धिरेन शाक्य, सम्राट सापकोटा आदि कलाकारको पनि महत्वपूर्ण भूमिका छ।

**यो** वर्ष व्यावसायिक सुपरहिट मानिएको चलचित्र 'फैसला' का निर्माता तथा नायक शिव गिरीले फैसला भाग दुईका रूपमा अर्को चलचित्र 'फर्ज' निर्माण गर्ने घोषणा गरेका छन्। व्यावसायिक मनोरञ्जनात्मक हुने बताइएको उक्त चलचित्रमा शिव गिरीका अतिरिक्त विराज भट्ट नायक रहने पक्का भैसकेको छ। उक्त चलचित्रको निर्देशन फैसलाकै निर्देशक मदन घिमिरेले गर्ने भएका छन्।



## बन्दमा रकिङ धरान

**साप्ताहिक समाचार**

धरान- प्रत्येक सोमबार मुख्य बजार बन्द हुने चलनले धरान सुनसान हुने गरेको छ। व्यवसायमा संलग्न युवाहरूका निम्ति सातामा सोमबार निक्कै पट्यारलाग्दो हुन्छ। यसपालिको सोमबार भने उनीहरूका निम्ति विशेष रह्यो। स्थानीय आधा दर्जन सांगीतिक समूहले बजारमै लाइभ कन्सर्ट गर्दै उनीहरूलाई मनोरञ्जन प्रदान गरे।

धरानमा आयोजित अन्य सांगीतिक कार्यक्रमको तुलनामा सोमबारको उक्त कन्सर्ट भिन्न रह्यो। पृष्ठभागमा पसलको सटर नै देखिने रफ स्टेज। न त ब्यानर, न महँगो टिकट नै तर पनि २५ रुपैयाँको टिकट काटेर छिरेका रक, मेटल तथा पप संगीतका फ्यान टिन एजर्सहरूको घुइँचो बाक्लै थियो। दर्शन धरानद्वारा स्थानीय ब्यान्डलाई मौका दिन आयोजित कन्सर्टमा साँझपख प्रस्तोताहरूसँगै दर्शक पनि संगीतको तालमा हल्लिरहेका थिए।

द केभको किशोरी भोकलिस्ट सरला तामाङले जेम्सको सो हवाट गाउँदै प्रारम्भमै कन्सर्ट तताइन्। द केभका १२ वर्षीय फुच्चे ड्रमर दीपेन्द्र मगरले दर्शकको वाहवाही पाए। तपस्वी, द होली विपन, ट्रिमर्स, द ग्रीन क्यास्किनले विभिन्न चर्चित अंग्रेजी, नेपाली गीतहरू तथा आफ्नै रचना प्रस्तुत गरेपछि अन्त्यमा उपासकले मेटल म्युजिकको स्वाद चखायो।

रविन एन्ड लुजाका नेपाली रक तथा मेटालिका एवं ब्लिंक १८२ का रक र मेटल गीतहरूको प्रस्तुति अकर्षक बनेको थियो। दर्शकहरूको घुइँचोमा मेटल गीत गाउने सरला पहिलो महिला भोकलिस्ट हुन्।

# म कसरी बूढो ?

- भुवन केसी

भुवन केसीलाई सदाबहार नायक भनिन्छ। यद्यपि पछिल्लो समयमा उनी आफ्ना लागि मात्र सदाबहार भएका छन्। चलचित्रका पर्दामा 'सदाबहार' पदका दावेदार अरू पनि आएपछि उनलाई अब सदाबहार भन्ने कि नभन्ने प्रश्न उब्जिएको छ। उमेर ढल्कँदै गए पनि उनी आफूलाई लक्का जवान सम्झिन्छन्। यसैले दयाराम दाहालको निर्देशनमा उनी आफैंले निर्माण गरेको प्रदर्शनोन्मुख चलचित्र 'म तिमीबिना मरिहाल्छु' मा दुई जना नायिकाका एक्ला नायक भएका छन्। पारपाचुकेको नाटक गरे पनि उनी अहिले श्रीमती सुस्मितासँगै महाराजगन्जमा बसोबास गरिरहेका छन्। विभिन्न घटनाक्रमबाट सदा चर्चामा आइरहने नायक भुवन केसीसँगको जम्काभेट :



## जम्का भेट

**'म तिमीबिना मरिहाल्छु' मा एक्लै नायक बन्नुभएछ ?**

किन म एक्लै नायक हुनुहुन्न र ? फेरि यो चलचित्रको कथा मेरा लागि मिल्दो छ।

**बूढो नायक भन्दैनन् त ?**

भारतमा मभन्दा जेठा अमिताभ बच्चनहरू अझै नायक भएर अभिनय गरिरहेका छन्। सञ्जय दत्तजस्ता नायकहरू म सरह वा मभन्दा जेठा पनि छन्। मचाहिँ कसरी बूढो भए ? यहाँ चार-पाँच जना नायक भएका चलचित्रहरू फ्लप हुन्छन्। बरु म एक्लै नायक भएका चलचित्रहरूले नै सय दिन र सिल्भर जुबली मनाएका छन्।

**तपाईंलाई हेर्न दर्शक हलसम्म आउलान् त ?**

मुख्य कुरा कथा राम्रो हुनुपर्छ र त्यसमा सुहाउँदो कलाकार हुनुपर्छ। प्रस्तुति गतिलो भएपछि राम्रो चलचित्र हेर्न दर्शक अवश्य हलमा आउँछन्। मलाई माया गर्ने दर्शक धेरै छन्।

**के छ यो चलचित्रमा त्यस्तो ?**

यसको प्रस्तुतीकरण। खर्चिलो चलचित्र बनेको छ। पूर्ण व्यावसायिक भए पनि यसमा धेरै नौला कुरा छन्, जसले सबैलाई हलसम्म तान्नेछ।

**सुस्मिता भाउजूलाई नै यो चलचित्रमा नायिका बनाउनुभएछ ?**

उनी यसमा गेस्ट रोलमा छिन्। उनी 'म तिमीबिना मरिहाल्छु' कि अतिथि नायिका मात्र होइनन्, मुख्य सहायक निर्देशक तथा कथाकार पनि हुन्।

**उहाँलाई नै निर्देशन गर्नचाहिँ किन नदिएको ?**

नदिएको होइन, उनले नै अहिले नगर्ने निधो गरेकी हुन्। सायद भविष्यमा गर्छिन् होला।

**यो चलचित्र चलाउन के-कस्ता हल्ला फिजाउँदै हुनुहुन्छ त ?**

भुवन केसीले कुनै काम गरेपछि हल्ला फिँजाउनु पर्दैन, हल्ला आफैं भैहाल्छ।

## केवल एक प्रश्न

## तपाईं एक दिन पागलखानामा थुनिनुभयो भने के हुन्छ ?

हा....हा.... पागलजस्तै अभिनय गर्थे, मनमा लागेका सबै कुरा गर्थें, किनभने पागल भएकाले त्यो छुट पाइन्थ्यो। पागलकै शैलीमा आफ्नो इच्छा पूरा गर्थें।

**–आलोकश्री, संगीतकार**

ओहो कस्तो प्रश्न ? पागलहरूसँगै बसेर म्युजिक भिडियोका नयाँ कन्सेप्टमा वर्कआउट गर्थें। किनभने अहिलेसम्म सद्दे मानिसहरूसँग काम गरियो, एक दिन पागलहरूसँग बसियो भने सायद नयाँ कन्सेप्टमा काम हुन्थ्यो कि ?

**–सुरज श्रेष्ठ, म्युजिक भिडियो निर्देशक**

पागलको गतिविधि जे हुन्छ म पनि त्यही गर्छु। पागलपनको एक्टिङ पनि सिक्छु। पागल भएर जाने हुनाले भरसक आफूलाई सद्दे भएको पुष्टि गर्न खोज्छु। अर्को पनि उत्तर दिउँ ? पागल भैसकेपछि म पागलखाना नगएर सिंहदरबार जान्थें। त्यहाँको वातावरण नै पागल खानाजस्तो छ।


**–सुमन सिंह, नायक**

पागलखाना गएपछि पागलजस्तै भएर बस्नुपर्‍यो नि हैन ? मलाई त एड्जस्ट गर्न नै गाह्रो होला। सुटिङमा जस्तै अरू पागलहरूलाई एक्सन-कट भनेर डायलग भन्न लगाउँथें।

**–प्रेरणा शर्मा, नायिका**

यसको जवाफ चाहियो ? कस्तो प्रश्न.....हा...हा... म अरू पागललाई ठीक गरिदिन्छु, किनभने मानिस कुनै कुरामा सन्तुलन गुमाएपछि पागल हुन्छ र संगीतले मानिसलाई सन्तुलित बनाउने काम गर्छ। म उनीहरूलाई गीत सुनाएरै ठीक पार्छु।

**–कोमल वली, गायिका**





# चलचित्रमा अध्ययन

**दिवस गुरागाईं**

अति कम चलचित्रकर्मीले मात्र स्नातक गरेको पाइन्छ। चालीस प्रतिशत जति चलचित्रकर्मीले एसएलसीसमेत उत्तीर्ण गरेका छैनन्। नेपाली चलचित्र क्षेत्रलाई अशिक्षितहरूको बस्ती मान्नेहरू धेरै छन्। तथ्यांक हेर्ने हो भने पनि यो आरोपको पुष्टि हुन्छ। पढेका चलचित्रकर्मीको नाम सम्झिंदा जहिले पनि यादव खरेल, नीर शाह, राजेश हमाल आदि अगाडि आउँछन्। यिनले पनि चलचित्रसम्बन्धी भन्दा अरू नै विषयमा डिग्री हासिल गरेका हुन्।

आजभन्दा ४३ वर्षअघि पटकथा तथा निर्देशनमा पहिलो पटक स्नातक गर्ने व्यक्ति प्रेमबहादुर बस्नेत हुन्। उनले चलचित्र पढेर नेपाल आई पहिलो रंगीन नेपाली चलचित्र कुमारीको लेखन तथा निर्देशन गरे। बस्नेतपछि चलचित्र अध्ययन गर्नेहरूको सूची लम्बिँदै गयो। यो सूचीमा बैकुण्ठमान मास्के (स्नातक, फोटोग्राफी), तीर्थलाल श्रेष्ठ (स्नातक, सम्पादन), तपानाथ शुक्ला (ध्वनि इन्जिनियर), प्रदीपकुमार उपाध्याय (ध्वनि इन्जिनियर) को नाम थपिंदै गयो। नेपालमा चलचित्र अध्ययन गर्ने संस्था वा विश्वविद्यालय नभएका कारण माथि उल्लेखित प्राविधिकहरूले भारतमा अध्ययन गरेका थिए।

सुरुसुरुमा चलचित्रकर्मी पहिले पढाइ पूरा गर्थे र पछि चलचित्रकर्ममा हामफाल्थे। हिंजोआज भने पढेरभन्दा पनि परेर चलचित्रकर्म गर्नेहरू बढेका छन्। नेपाली चलचित्रका अधिकांश नायिकाले एसएलसीसम्म गरेका छैनन्। यो पंक्तिमा नाम चलेका सबैजसोको नाम आउँछ।



## कसले के भने ?

कति मानिसले मलाई भन्छन्- तपाईंले पढे अनुसारका चलचित्र बनाउन सक्नुभएन। मलाई लाग्छ पढेअनुसार गरें भने आम मानिसले बुझ्ने चलचित्र बन्दैनन्।

**दीपक रायमाझी**
**(निर्देशनमा मास्टर डिग्री)**

टप लेबलका चलचित्रकर्मीहरू पढेलेखेका छन्, तर पढेरभन्दा परेर काम गर्न सक्नुपर्छ। ल्याप्चे छापै भए पनि नृत्य गर्नेले राम्रो नृत्य गर्ने हो। हरेक क्षेत्रमा जस्तै यो क्षेत्रमा पढेलेखेका पनि छन् भने अरू पनि त्यत्तिकै छन्।

**दिनेश डिसी**
**निर्देशक (बीएससी, बीए, एमबीए)**

अब आउने कलाकर्मी पढेको हुनुपर्छ। त्यसैले केही समयपछि देखि म नपढेकालाई कलाकारका रूपमा नलिने पक्षमा छु।

**– शोभित बस्नेत, निर्देशक**

धेरैजसो चलचित्रकर्मीले पढेका छैनन्। पढेकाहरूको व्यवहार पनि पढेजस्तो छैन। पढ्नु भनेको सर्टिफिकेट मात्र हो र ?

**भरत शाक्य**
**चलचित्र समिक्षक (इन्जिनियरिङ)**

## पढेका चलचित्रकर्मी

| | |
|---|---|
| डा. भोला रिजाल | एम.डी. |
| दिनेश डिसी | बीएस्सी, एमबीए, बीए |
| दयाराम दाहाल | एमए (अध्ययनरत) |
| दीपक श्रेष्ठ | स्नातक |
| लक्ष्मीनाथ शर्मा | एम.ए. इतिहास, पोष्ट ग्रेजुएट चलचित्र निर्देशन |
| दीपक रायमाझी | स्नातकोत्तर चलचित्र निर्देशन |
| नरेश पौडेल | एमए (दुई विषयमा) |
| केपी पाठक | स्नातक 'समाजशास्त्र' |
| देशभक्त खनाल | स्नाकोत्तर 'राजनैतिकशास्त्र' |
| ऋषि लामिछाने | स्नातक |
| बी.एस. थापा | स्नातक कानुन र स्नाकोत्तर राजनैतिकशास्त्र |
| आकाश अधिकारी | स्नातक |
| युवराज लामा | आईए |
| नवीन सुब्बा | आईए |
| उज्वल घिमिरे | स्नातक |
| केशव भट्टराई | बीकम |
| एमटी लामा | पाइलट |
| **लेखक तथा प्राविधिकहरू** | |
| नयनराज पाण्डे | बीएल |
| जावेद साह | स्नाकोत्तर (सिनेमाटोग्राफी) |
| विकास आचार्य | एमफिल' एमए (गोल्ड मेडलिष्ट) |
| टीका भण्डारी | एमए राजनैतिक शास्त्र (गोल्डमेडलिष्ट) |
| प्रदीपकुमार उपाध्याय | ध्वनि इन्जिनियर |
| वसन्त श्रेष्ठ | स्नातक नृत्यकला |
| प्रकाश श्रेष्ठ | बीकम, संगीतमा डिप्लोमा (इलाहावाद) |
| **पढेका नायक/नायिका** | |
| राजेश हमाल | स्नातकोत्तर (अंग्रेजी साहित्य) |
| सौरभ कार्की | स्नाकोत्तर व्यवस्थापन |
| विजय लामा | पाइलट |
| अमृतजंग बस्नेत | बीबीएस |
| निखिल उप्रेती | आईए |
| मिथिला शर्मा | स्नातक गृहविज्ञान तथा नृत्यकला |
| पूजा चन्द | आईएस्सी |
| ऋचा घिमिरे | स्नातक (पत्रकारिता) |
| सनि रौनियार | स्नातकोत्तर |
| अरुणिमा लम्साल | स्नातक |
| सञ्चिता लुइँटेल | एमए (अध्ययनरत) |
| सरिता लामिछाने | स्नातक |








# चलचित्रबाट परेनन् उम्मेदवारी



**सुव्रत आचार्य**

नायिका बिपना थापा संविधानसभाको निर्वाचन लगत्तै विवाह बन्धनमा बाँधिदै छिन्। केही दिनअघि भाटभटेनी डिपार्टमेन्टल स्टोरमा आफ्नो हुनेवाला दुलाहाका साथ 'सपिङ' गरिरहेकी बिपना आफ्नो विवाह जुरेको दिन अर्थात् वैशाख ६ गतेको पर्खाइमा छिन्। उनलाई पनि निर्वाचन लागेको छ, उम्मेदवार वा कार्यकर्ताका रूपमा होइन, बिपना नेपाली नागरिक भएकाले मतदाताका रूपमा कर्तव्य निर्वाह गर्दैछिन्।

गत जनआन्दोलनमा कलाकारका तर्फबाट आन्दोलनमा लागेकी नायिका थापाका बारेमा जान्नेहरू उनलाई उम्मेदवार हुनसक्ने खुबी भएकी कलाकार मान्छन्। चलचित्र विकास बोर्डकी सदस्य बिपना भने आफूलाई राजनीतिको दाउपेच नआउने बताउँछिन्। त्यसो त उनी अहिलेलाई आफ्नो प्रेमले विवाहको रूप लिन लागेकोमै सन्तुष्ट छिन्। 'भविष्यमा सक्रिय राजनीतिमा लागेर निर्वाचनमा उम्मेदवार हुन्छु वा हुन्न, अहिल्यै केही सोचेकी छैन। यसपटक भने म मतदाता मात्र हुँ'- थापाले बताइन्।

लोकतान्त्रिक आन्दोलनमा सक्रिय महजोडी मसिर ६ मा हुने भनेर त्यतिबेला घोषित संविधानसभाको निर्वाचनभन्दा केही महिनाअघिदेखि नै जनतालाई संविधानसभाका बारेमा सुसूचित गराउने कार्यमा सक्रिय थिए। अहिले पनि उनीहरू विभिन्न प्रकारका विज्ञापन एवं टेलिचलचित्रमार्फत् जनतालाई संविधानसभाको निर्वाचनमा सहभागी हुन प्रेरित गरिरहेका छन्।

हालै मात्र उनीहरूले विभिन्न भाषामा आठवटा विज्ञापन तयार पारेका छन्। श्रेष्ठ भन्छन्- 'हामीलाई सक्रिय राजनीतिमा आउने रहर कहिल्यै भएन।' उनको 'लजिक' पनि गतिलै छ- 'हाम्रो काम अभिनय गर्ने हो। यसैका माध्यमबाट हामी सर्वत्र परिचित छौं। सबै मानिस डाक्टर भए इन्जिनियर को हुने ? सबै इन्जिनियर भए, अभिनेता को हुने ? सबै अभिनेता भए, नेता को हुने ? त्यसैले हामी आफ्नै कर्म गरिरहेका छौं। पदमा जाने सोचाइ हाम्रो छैन। महजोडी भनिन् पनि त एउटा पद सरह हो।'

हरिवंश आचार्यले पनि उनकै भाषा बोले-'राजनीति हाम्रो फिल्ड होइन। जानेको काममा हात हाल्नु राम्रो हुन्छ। राजनीति गर्ने र नीति निर्माण गर्ने काम हामीलाई आउँदैन भन्दा पनि हुन्छ।' आचार्यका अनुसार महजोडीलाई कुनै एक दलले उम्मेदवारीका लागि प्रस्ताव राखेको थियो। 'उनीहरूले इन्ट्रेस्ट छ भनी सोधेका थिए, हामीले अस्विकार गरिदियौं'- उनले भने।

लोकतान्त्रिक आन्दोलनको समर्थनमा विभिन्न वक्तव्य दिंदै हिंडेका नायक निखिल उप्रेती पनि निर्वाचनको यो मौसममा केही दिनअघिसम्म क्यामेरा सामुन्ने हावामा कावा खाँदै उफ्रेर किक हान्नमै व्यस्त थिए। उनको मोबाइलमा 'आगमन कल निषेध' गरिएको छ। उनलाई मोबाइलको बिल तिर्न जाने फुर्सद पनि छैन। यद्यपि निखिल भोट हाल्न आफ्नो गृह जिल्ला सर्लाही पुगेका छन्। किनकी सर्लाही क्षेत्र नम्बर-३ बाट उनका दाइ हरि उप्रेती उम्मेदवार भएका छन्।

सबैले चिनेका नायक राजेश हमालको पारिवारिक पृष्ठभूमि राजनीति भए पनि उनको अहिलेसम्म राजनीतिमा प्रत्यक्ष लाग्ने कुनै संकेत देखिदैन। राजेश मत हाल्न जालान्-नजालान् यसै भन्न सकिदैन।

पुराना नायकहरूमा भुवन केसीलाई उहिले प्रतिनिधिसभा निर्वाचनमा विभिन्न दलले उम्मेदवार बनिदिन आग्रह गरेका थिए। यसपटक संविधानसभाको निर्वाचनमा भने उनी मतदाता मात्र बन्ने भएका छन्। कांग्रेसनजिक मानिएका शिव श्रेष्ठका बारेमा त जनताले कतै कुनै समाचार नसुनेको पनि धेरै भैसकेको छ। चलचित्र वृत्तमा राजनीति गर्न जानेका भनिने अशोक शर्मा, केपी पाठक, नारायण पुरी आदि पनि संविधानसभाको निर्वाचनमा भने चलचित्रकर्मीका तर्फबाट स्वतन्त्र नै भए पनि उम्मेदवारी दिन अघि बढेनन्।

बलिउडमा कुनै बेलाका 'हटकेट' बलिउडका कलाकारहरू कालान्तरमा भारतीय राजनीतिमा सक्रिय भएका कैयन उदाहरण पाउन सकिन्छ। जयाप्रदा, शत्रुघ्न सिन्हा, गोविन्दा, विनोद खन्ना, राजेश खन्ना यस्ता दर्जनौं नाम छन्। हलिउडमा पनि कुनै बेलाका चर्चित अभिनेता रोनाल्ड रेगन पछि गएर अमेरिकाको राष्ट्रपति भए भने एक्सन अभिनेता आर्नोल्ड स्केवार्जेनेगर राजनीतिमा लागेर निर्वाचन जिती अहिले क्यालिफोर्निया राज्यको गभर्नर छन्। हलिउडमा पनि राजनीतिमा सक्रिय भएका कैयन अभिनेता-अभिनेत्रीको फेहरिस्त लामो छ।

नेपाली राजनीतिमा भने चलचित्रबाट चर्चामा आएका कलाकर्मीहरू कालान्तरमा प्रत्यक्ष राजनीतिमा आएका उदाहरण कमै छन्। पुराना नायक रवीन्द्र खड्का एक पटक आफ्नो गृहजिल्ला काभ्रेबाट प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार भएका थिए, उनी नराम्रोसँग हारे। यद्यपि उनी राजाको प्रत्यक्ष शासनमा 'टीके मेयर' भए। त्यसपछि उनको कलाकर्म पनि ओरालो लाग्दै गयो। पछिल्लो पुस्ताका दर्शकहरूले उनलाई चिन्दैनन्।

खड्काले भोगेको अवस्था देखेर अहिले पनि अधिकांश चलचित्रकर्मी प्रत्यक्ष राजनीतिमा आउन डराउँछन्। 'यहाँ कलाकारहरू पर्दामा मात्र चर्चित छन्। उनीहरूलाई राजनीति गर्न आउँदैन। स्वतन्त्र उम्मेदवार भएर पनि निर्वाचनमा जित्न सक्ने सम्भावना भएका दर्जनौं कलाकार छन्। उनीहरू रवीन्द्र खड्काको अवस्थाबाट डराउँछन् तर सबैको अवस्था त्यसो हुन्छ भन्ने पनि त छैन,'- एकजना संघर्षशील कलाकारले आफू चर्चामा आएपछि निर्वाचनमा भिड्ने कुरा बताउँदै भने।

'कलाकार देशका गहना हुन्। गहनालाई टाउको, घाँटी, हातमा सजाइन्छ। यसलाई राजनीतिमा प्रयोग गर्नुहुँदैन भन्ने सोच धेरैजसो कलाकारमा छ। उनीहरू सक्रिय राजनीतिमा आउन डराउँछन्'- चलचित्र निर्देशक तथा नेपाली कांग्रेससँग आबद्ध संगठन नेपाल सांस्कृतिक संघका अध्यक्ष तीर्थ थापाको भनाइ हो यो। 'हामीले कलाकारका तर्फबाट पनि उम्मेदवार छनौट गरिनुपर्ने माग धेरै अघिदेखि राख्दै आएका छौं। यसपटक गायक नन्दकृष्ण जोशीलाई नेपाली कांग्रेसले समानुपातिक उम्मेदवार बनाएको छ। हाम्रो उद्देश्य त्यतिमात्र होइन, हामी चाहन्छौं की जनतालाई प्रत्यक्ष प्रभाव पार्न सक्ने कलाकारहरूलाई पनि अवसर दिइयोस्'- थापाले भने।

विगतमा राजपरिवारसँग नजिकिने र उनीहरूको गुणगान गाउने केही चलचित्रकर्मीका कारण उनीहरूलाई राजावादीको आरोप पनि लाग्ने गरेको छ। लोकतन्त्रअघि गोर्खा दक्षिण बाहु र वीरेन्द्र-ऐश्वर्य पदक पाउँदा ओस्कार पाए जत्तिकै फुरुङ्ग पर्ने कतिपय चलचित्रकर्मीहरू तत्कालीन 'श्री ५ को सरकार, चलचित्र विकास बोर्ड' को आयोजनामा २०६२ मा सम्पन्न 'राष्ट्रिय चलचित्र महोत्सव' मा राजा ज्ञानेन्द्रको हातबाट अवार्ड थाप्दा उनको गोडा नै ढोग्न पनि पछि परेका थिएनन्। लोकतान्त्रिक आन्दोलनमा पनि गिनेचुनेकाहरू मात्र उत्रिए। मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निखिल उप्रेती, बिपना थापा, दीपकराज गिरी, जितु नेपाल जस्ता चर्चित अनुहार आन्दोलनमा प्रत्यक्ष देखा परेका थिए।

कलाकार भनेका कुनै दल विशेष वा कुनै पक्षका हुँदैनन्। एक चलचित्रकर्मीले भने- 'हामीमध्ये कतिलाई चलचित्र क्षेत्र, अभिनय, नृत्य, द्वन्द्व जस्ता चलचित्रका विधा बाहेक राजनीतिमा चासो कम छ। मलाई लाग्छ, कतिपयलाई त संविधानसभाको निर्वाचन किन हुँदैछ भन्नेसम्म पनि थाहा छैन होला।' त्यसो त चलचित्रकर्मीकै खेमामा 'बलेको आगो ताप्ने' हरूको कमी पनि छैन। तिनीहरूलाई छेपाराले भैं रंग बदल्न सक्ने पनि भनिन्छ।

**अघि बढे संगीतकर्मी**

हामीकहाँ संगीतकर्मीहरू चलचित्रकर्मीहरूभन्दा बढी चर्चित छन्। लोकदोहोरी, आधुनिक, पप, हिपहप आदि विधाका गीत-संगीतका कारण आफ्नो वर्गका दर्शकहरूमाझ संगीतकर्मीहरूमा पनि गायक तथा गायिका प्रसिद्ध छन्। त्यसैले पनि होला नेपाली कांग्रेसले समानुपातिक (बन्द सूची) मा लोक (देउडा) गायक नन्दकृष्ण जोशीलाई पनि उम्मेदवार बनाएको छ। लोकतान्त्रिक आन्दोलनमा सक्रिय जोशीका अतिरिक्त गायिका नलिना चित्रकार पनि समानुपातिक उम्मेदवार भएकी छिन्।

श्रीमान्का आफन्तहरूबाट प्रस्ताव आएपछि उनी मधेसी जनअधिकार फोरमबाट समानुपातिक उम्मेदवार भएकी हुन्। नलिनाले भनिन्- 'यसअघि म फोरममा आबद्ध थिइनँ। अबचाहिँ फोरमलाई जिताउन सक्रिय भएर लाग्नेछु। यो मेरो दायित्व पनि हो।' उम्मेदवार भएपछि नलिनालाई संविधानसभाका बारेमा नेपाली जनताले धेरै प्रक्रियागत कुरा बुझ्न बाँकी रहेको महसुस भएको छ। उनले भनिन्- 'उम्मेदवार बन्नुअघि समानुपातिक निर्वाचन भनेको के हो भनेर म आफैले बुझेकी थिइनँ। मैले त उम्मेदवार भएपछि नै समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत दललाई गएको भोट डिभाइड भएर उम्मेदवारलाई जान्छ भन्ने बुझें भने धेरै सर्वसाधारणले यो कुरा बुझ्न बाँकी छ।'

बोकेढाडी उपनामले चिनिएका गायक श्रीकृष्ण लुइँटेल संविधानसभाको निर्वाचनमा मोरङको क्षेत्र नम्बर-८ बाट उम्मेदवार भएका छन्। संयोगवश उनको निर्वाचन चिन्ह पनि बोका नै परेको छ। लुइँटेलले भने- 'संविधानसभाको निर्वाचनमा कलाकारका लागि पनि स्थान चाहिन्छ भन्ने पहिलेदेखिको सोच थियो, त्यसैले उम्मेदवारी दिएको हुँ।' एकप्रकारले संविधानसभाको निर्वाचनमा लुइँटेल सम्पूर्ण कलाकारहरूको तर्फबाट एकमात्र प्रत्यक्ष उम्मेदवार हुन्।

## साताको स्वर



### रेश्मा सुनुवार

**मै ठूली भै छु रे ...कस्तो प्रकारको गीत हो ?**
डिजे मिक्स गरिएको रोमान्टिक गीत हो। यो भाङ्ग्रा बिटमा छ। विवाहको मौसमलाई सुहाउने गीत छ।

**गीतको भाव कस्तो छ ?**
गीतले विवाह गर्ने उमेर पुगेकी युवतीको भोगाइलाई वर्णन गरेको छ। भर्खरै प्रेममा डुबेकी प्रेमिकाले जताततै आफ्नो प्रेमीलाई देख्छे र उसलाई घुम्टो ओढाउन आमन्त्रण गर्छे।

**प्रतिक्रिया कस्तो छ ?**
अहिलेको युवापुस्ताले असाध्यै मन पराएको गीत हो यो। भूपेन्द्र खड्काको शब्द, बिजु बज्रको संगीत र मेरो स्वर सबै पक्षको तालमेल मिलेकाले नै गीत लोकप्रिय भएजस्तो लाग्छ।

**यसका लक्षित श्रोता को हुन् ?**
उमेर पुगेका किशोर-किशोरी हुन्, तर भाका मीठो भएकाले सबैको मन जित्न सफल भयो।

**गीतको म्युजिक भिडियो कस्तो लाग्यो ?**
गीतको कथाअनुसार नै निर्देशक भूषण दाहालले भिडियो बनाइदिनुभएको छ। भिडियो उत्कृष्ट बनेका कारण पनि यो गीत लोकप्रिय हुन थप सहयोग मिल्यो।

**झन्डै** आठ महिनाअघि चर्चित उद्योगपति गीतकार वसन्त चौधरीको एल्बम 'तिम्रो मायामा' सार्वजनिक भएको थियो। त्यही एल्बममा समावेश एउटा गीत वर्तमान मुलुकको सन्दर्भमा मिल्ने जस्तो लागेर चौधरीले उक्त गीत 'शान्ति लुकाऊँ कहाँ' लाई दिगो शान्ति कामनासहित म्युजिक भिडियोका रूपमा तयार पारेका छन्। गत सोमबार साँझ होटल र्‍याडिसनको हलमा आयोजित कार्यक्रममा उक्त गीतको म्युजिक भिडियो सार्वजनिक गर्नुका साथै कान्तिपुर टेलिभिजन तथा मनोरञ्जन वेबसाइटहरू साइबरसंसार डटकम र फुर्सद डटकमबाट वर्ल्ड प्रिमियर पनि गरियो। न्हु्यू बज्राचार्यद्वारा संगीतबद्ध उक्त गीतमा आनी छोइङ डोल्मा, रामकृष्ण ढकाल, योगेश्वर अमात्य, नवीन के. भट्टराई, सत्य-स्वरूपराज आचार्य, निमा रुम्बा, रिमा गुरुङ होडा, सिने गुरुङ, प्राश्ना शाक्य, विष्णु चेम्जोङ तथा संगीतकार बज्राचार्यको स्वर सुन्न सकिन्छ। सुरजसिंह ठकुरीको निर्देशन रहेको म्युजिक भिडियोमा ती गायक-गायिकाहरूकै अभिनय हेर्न पाइन्छ।

**लोकप्रिय** नेपाली पप ब्यान्ड 'आस्था'का सुदीप गुरुङ र नरेन लिम्बू पाँच वर्षपछि फेरि एउटै स्टेजमा देखिएका छन्। राजधानीमा रहेका धराने नरेन र बेलायतमा बस्दै आएका इलामे सुदीप यो साता काठमाडौं, पोखरा र धरानमा सम्पन्न दुई सदस्यीय ब्यान्ड आस्थाको एकल कन्सर्टमा लामो समयपछि स्टेजमा एकसाथ देखिएका हुन्। निर्धारित समयभन्दा साढे दुई घण्टा ढिलो प्रारम्भ भए पनि कन्सर्टमा मस्ती गरेर आस्थाका फ्यानहरू अबेर राति घर फर्किएका थिए। नरेन र सुदीपलाई गीत गाउन साथ दिइरहेका दर्शकहरूमा युवतीकै बाहुल्य थियो। आस्थाको प्रस्तुतिअघि स्थानीय सांगीतिक समूह क्रियटिभ सोल र साइमन राईको गायनले पनि दर्शक तताएको थियो। धरानपछि उनीहरू शुक्रबार र शनिबारको कार्यक्रम भ्याउन हङकङ पुगिसकेका छन्।

**नेपाली** आधुनिक संगीतले एक सय वर्ष प्रवेश गरेको अवसर पारेर गीतकार प्रकाश सायमीद्वारा रचित गीतहरूको संग्रह 'साभार' सार्वजनिक भएको छ। सायमीले विगत २५ वर्षदेखि रचना गरी रेकर्ड गरिएका गीतहरूलाई उक्त संग्रहमा समेटिएको छ। शम्भुजित बाँस्कोटा, शक्ति बल्लभ, आलोकश्री, प्रवीण बराइली, युजेन लामा र दीपचन्द्र मोक्तान आदिका संगीतमा उदितनारायण झा, दीपा झा, प्रकाश श्रेष्ठ, विमला राई, जगदीश समाल, प्रतिमा राजभण्डारी, अरुण कार्की, रचना जिसी, इन्दु स्याङ्बो, दीपचन्द्र मोक्तान र शैलेश सिंहद्वारा गाइएका गीतहरू समेटिएको उक्त एल्बमको विमोचन संगीतकार दीपक जंगम तथा प्राध्यापक डा.मोहनप्रसाद लोहनीले संयुक्त रूपमा गरेका थिए।

**संविधानसभाको** निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट समानुपातिक उम्मेदवार लोक (देउडा) गायक नन्दकृष्ण जोशीले संविधानसभालाई लक्ष्य गरी एल्बम बजारमा ल्याएका छन्। 'झ्याम्म झयाम्म', 'गणतन्त्र मेरिय' लगायतका तीनवटा गीत समेटिएको उक्त एल्बमको गत साता बिहीबार विमोचन सम्पन्न भयो। एल्बममा प्रार्थना जोशी, सुश्रुत जोशी एवं झुमा निरौलाले गायनमा साथ दिएका छन्।

**गायक** देव आले मगरले तामाङ भाषा मिश्रण गरी एउटा रोमान्टिक गीत गाएका छन्। 'म्हेन्दो माया' गीतमा नेपाली भाषासँग तामाङ भाषालाई मिश्रण गरिएको छ। हालै सार्वजनिक गरिएको उक्त गीत मगरको पहिलो एकल एल्बम 'तिम्रो मायामा'मा समावेश गरिएको छ। मगरकै शब्द तथा संगीत रहेको उक्त एल्बमका दुईवटा गीतमा क्रमशः गायिकाद्वय आभा मुकारुङ र अञ्जु पन्तले स्वरमा साथ दिएका छन्।

**दुई** गायक विवश पौडेल र धर्मेन्द्र सेवान अचेल फरक हेयर स्टाइलका कारण चर्चामा छन्। उनीहरूले पंक हेयर स्टाइल बनाएका छन्। राजधानीका विभिन्न स्थानमा आयोजित होली कार्यक्रमहरूमा उनीहरूलाई उक्त हेयर स्टाइलमा देख्दा केही मानिसले सुहाएको प्रतिक्रिया दिएकाले उनीहरू दंग थिए। गायक विवश पौडेल तीन वर्षपछि दोस्रो एल्बम बजारमा ल्याउने तयारीमा छन्। यसबीच उनले संगीत संयोजनसम्बन्धी औपचारिक प्रशिक्षण पनि लिए। पहिलो नेपाली ताराका फस्ट रनरअप गायक धर्मेन्द्र सेवान पनि अब दोस्रो एल्बम निकाल्ने तयारीमा जुटेका छन्।

**हेटौंडाका** गायक कमल छेत्री आफ्नो पहिलो एल्बम संविधानसभाको निर्वाचनपछि बजारमा ल्याउने सोचमा छन्। देशलाई चुनाव लागेको बेला एल्बम बजारमा ल्याउँदा सोचेजति सफलता पाउन नसकिने उनले बताए। निर्वाचनलगत्तै नयाँ वर्ष लाग्ने भएकाले उनले नयाँ वर्षमा नयाँ एल्बम निकाल्ने निधो गरेका हुन्। यो अवधिमा उनी एल्बमको एउटा गीतको म्युजिक भिडियो निर्माण गर्दैछन्। एल्बमको शीर्षक सम्भवतः 'नाच न' हुन सक्ने छेत्रीले बताए।

**संविधानसभा** निर्वाचन नजिकिँदै जाँदा देशमा शान्तिपूर्ण चुनावी वातावरण बनाउन संगीतकर्मीहरू पनि लागिपरेका छन्। यही क्रममा गत आइतबार सान इन्टरनेसनल कलेजले वृहद् सांगीतिक सन्ध्या सम्पन्न गरेको छ। अनेकौं संगीतकर्मी जुटाएर आयोजित उक्त कार्यक्रममा नृत्य तथा गायन प्रस्तुत गरिएको थियो। कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको कार्यक्रममा विभिन्न गायक-गायिकाहरूले संयुक्त रूपमा गाएको गीत 'अनेकतामा एकता नै हाम्रो मूल मन्त्र, जहाँ फुल्छ फैलन्छ पूर्ण लोकतन्त्र'लाई सबै गायक तथा गायिकाले प्रत्यक्ष सुनाउनुका साथै भूषण दाहालद्वारा निर्देशित उक्त गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो। कार्यक्रमको संयोजन नागरिक मञ्च नेपालले गरेको थियो। गीतकार जी.पी. ढुंगेलद्वारा रचित उक्त म्युजिक भिडियोका साथै उनका रचनाहरू समेटिएको एल्बम 'आमा नेपाल भाग दुई' पनि कार्यक्रममा सार्वजनिक गरियो। कार्यक्रममा सान कलेज तथा सान नर्सिङ इन्स्टिच्युटका विद्यार्थीहरूले विभिन्न राष्ट्रिय गीतमा सामूहिक नृत्य प्रस्तुत गरेका थिए।

**गायक** तथा संगीतकार प्रदीप बमजनले ताम्सालिङ नेपाल राष्ट्रिय दलको समानुपातिक सूचीमा आफ्नो नाम राखिएकोमा असहमति जनाएका छन्। उनले उक्त पार्टीमा आफ्नो कुनै पनि संलग्नता नरहेको जनाएका छन्। मधुरिमा नेपाल कलाकेन्द्रका संस्थापक अध्यक्ष बमजनले हालै एक प्रेस विज्ञप्ति जारी गरी आफूले हालसम्म कुनै पनि पार्टीको सदस्यता नलिएको जानकारी गराएका छन्। बमजनले तामाङ भाषा, संस्कृति तथा जातीय अधिकारप्रति सदैव सचेतता तथा प्रतिबद्धता जाहेर गर्दै राष्ट्रको विकास एवं समृद्धिका निम्ति गीत, संगीत, कला र संस्कृतिको माध्यमबाट निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरेका छन्।

## अफबिट



**प्रशंसकलाई अटोग्राफ : गायिका प्राश्ना शाक्य आफ्नो गृहनगर धरानमा किशोरीहरूलाई अटोग्राफ दिँदै। तस्बिर : राजु घिसिङ**

## लाइभ शो

**नेपाली** विद्यार्थीहरूका लागि भारतका विद्यालय, कलेज तथा इन्स्टिच्युटहरू अध्ययनका लागि गतिलो गन्तव्य बन्दै आएको छ। यसै सन्दर्भमा आज शुक्रबारदेखि पर्सि आइतबारसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा रहेको डाइरेक्सन नेपालको हलमा 'इन्डिया एजुकेशन एक्स्पो-२००८'को आयोजना हुँदैछ। भारतको एक चर्चित अखबार टाइम्स अफ इन्डियाले आयोजना गरेको उक्त एक्स्पोमा भारतका विभिन्न सहरका कलेज, विद्यालय तथा इन्स्टिच्युटमा पढाइने विषयका बारेमा जानकारी दिँदै भर्नासम्बन्धी विधि बताइन्छ। एक्स्पोमा कुनै प्रवेश शुल्क लाग्नेछैन।

## नजिकबाट

### मनिला सोताङ



| | | |
|---|---|---|
| जन्ममिति | : | २ जून |
| घरमा बोलाउने नाम | : | मुन्ना |
| नामको अर्थ | : | थाहा छैन |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | दार्जीलिङ |
| रुचि | : | खाना पकाउन |
| प्रकाशित एल्बम | : | झझल्को, दर्पण, मुस्कान, भीडदेखि बाहिर, कथा, उपमा, मर्म, मन्तव्य |
| सांगीतिक गुरु | : | मधु सिंह |
| नजिकको साथी | : | छोरी |
| मनपर्ने परिकार | : | नेपाली खाना |
| पकाउन जान्ने परिकार | : | नेपाली खाना |
| मनपर्ने रंग | : | हल्का गुलाबी |
| मनपर्ने पहिरन | : | कुर्ता सलवार |
| मनपर्ने मौसम | : | वसन्त ऋतु |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | टेलिभिजन हेर्ने |
| मनपर्ने गीत | : | झिरमा उनिनु त्यो एउटा कुरा (दीप श्रेष्ठ) |
| रिस उठेको बेला | : | चुपचाप |
| मनपर्ने आफ्नै बानी | : | रिस नउठ्नु |
| पहिलो गीत | : | परदेशी मेरो परदेशी |
| पहिलो एल्बम | : | झझल्को |
| पहिलो चर्चित गीत | : | माया नमार |
| सबैभन्दा बढी माया | : | परिवारको |
| पहिलो बाजा | : | हार्मोनियम |
| पहिलो प्रेम | : | थाहा भएन |
| पहिलो चुम्बन | : | थाहा भएन |
| पहिलो फोटोसेसन | : | राजीव श्रेष्ठ |
| राम्रो बानी | : | सबैलाई माया गर्छु |
| नराम्रो बानी | : | चाँडै अरूमाथि विश्वास गर्ने |

## ब्यान्ड बक्स

### डाक्टर पाइलट



**२०५३** देखि 'डाक्टर पाइलट' ब्यान्डका रूपमा परिचित हुँदै आएको यो ब्यान्डले धेरै प्रशंसक बटुलिसकेको छ। हाल सम्म तीनवटा एल्बम रिलिज गरिसकेको यो ब्यान्ड छिट्टै नयाँ एल्बम बजारमा ल्याउने तयारीमा रहेको गायक क्रान्ति आलेले बताए। अन द एयर, सांग्रिला, सरकारी जागिर आदि एल्बमबाट सांगीतिक क्षेत्रमा स्थापित हुन सफल यो ब्यान्डले धेरै कन्सर्टमा आफ्नो सहभागिता जनाइसकेको छ।

यो ब्यान्डको ड्रममा जितकुमार लामा छन् भने गिटारमा उद्धव प्रधान लिड गिटार र भोकलिष्ट क्रान्ति आले छन्। ब्यान्डका साथमा एक सयभन्दा बढी र आफू एक्लैले छ सयजति स्टेज सो गरिसकेको क्रान्तिले बताए। स्टेज शो गर्ने क्रममा उनले यूके, जापान, कतार र दुबई आदि १८ देशको भ्रमण गरिसकेका छन्। त्यस्तै यो महिना पनि उनी स्टेज सो गर्न अमेरिका र कतार जाने तयारीमा छन्।

कार्यक्रमको ढाँचा हेरेर स्वदेशमा २५ देखि ५० हजारसम्म र विदेशमा देश र कार्यक्रमको संख्याअनुसार ५० हजारदेखि ३ लाखसम्म पारिश्रमिक लिने गरेको आले बताउँछन्। पहिले विदेशमा एल्बमका सिडीहरूबाट पनि आम्दानी हुने भए पनि आजभोलि विदेशी बजार डुब्लिकेट सिडीहरूले भरिने भएकाले आम्दानीको स्रोत घटेको अनुभव आलेले सुनाए।

**-अरुणा भट्टराई**

# संविधानसभामा तन्नेरी चासो



एकराज सुवेदी

सुरोज कार्की मीनभवनस्थित नेपाल कमर्स क्याम्पसका विद्यार्थी हुन्। स्नातकोत्तर अध्ययनरत सुरोज संविधानसभाको निर्वाचनप्रति केही चासो पनि राख्छन्। उनी भक्तपुरको कौशलटारका बासिन्दा हुन्। सुरोजलाई थाहा छ, उनको घर भक्तपुरको क्षेत्र नम्बर- २ मा पर्छ। यद्यपि उनलाई त्यहाँका सबै उम्मेदवारको नाम भने थाहा छैन। कुन दलले कुन-कुन उम्मेदवार उठाएका छन् भनेर उनी सबै ठूला पार्टीको नाम पनि भन्न सक्दैनन्, तर पनि आफ्ना मान्यता अघि सार्दै सुरोज भन्छन्– 'नयाँ जोस-जाँगर भएका कुनै व्यक्ति संविधान निर्माण गर्नका लागि छानिनुपर्छ।' दलले खुसुक्क टिकट दिएका भन्दा पनि संघर्षबाट खारिएर आएकाहरूले नै नयाँ नेपाल निर्माणमा पहल गर्न सक्छन् भन्ने विचार कार्कीको छ।

पाटनस्थित नेसनल इन्स्टिच्युट अफ साइन्समा प्लस टु लेबलका विद्यार्थी हुन्– अमृत विश्वकर्मा। दाङको घोराहीका स्थायी बासिन्दा विश्वकर्मालाई आफ्नो घर कति नम्बर क्षेत्रमा पर्छ भन्ने थाहा रहेनछ। यद्यपि नेकपा माओवादीका कृष्णबहादुर महरा आफ्नो क्षेत्रबाट उठेका छन् भन्ने सुनेका छन्। नेताहरू उठेको क्षेत्रमा सबैको चासो हुनु स्वाभाविक हो। त्यसमा पनि उनकै क्षेत्रमा महराको उम्मेदवारी परेका कारण अमृतलाई यो कुरा थाहा भयो। अन्य दलका कुन-कुन उम्मेदवार छन् भन्ने कुरा उनलाई पनि थाहा छैन।

श्रीहरि कोइराला मेट्रो कलेजमा प्लस टुका विद्यार्थी हुन्। उनको घर ललितपुरको टीकाथलीमा पर्छ। कोइरालालाई थाहा छ उनको घर ललितपुरको क्षेत्र नम्बर- २ मा पर्छ। कोइराला भन्छन्– हाम्रो क्षेत्रमा नेपाली कांग्रेसबाट चन्द्रमान महर्जन, नेकपा एमालेबाट सिद्धिलाल सिंह उठेका छन्। माओवादीका उम्मेदवारको नाम उनलाई पूरै भन्न आएन। कोइरालाले भने– माओवादीबाट समथिङ ....काजी महर्जन उठेका छन्। महर्जन त हो, तर अगाडिको नाम मलाई सम्झना भएन। अन्य दल र उम्मेदवारको नाम पनि उनलाई आएन।

बानेश्वर क्याम्पसमा स्नातक अध्ययनरत लोकेन्द्र थापाको घर रोल्पा हो। रोल्पाको क्षेत्र नम्बर १ मा उनको घर पर्छ। थापालाई त्यहाँका सबै उम्मेदवारको नाम र पार्टीसमेत कण्ठस्थ छ। नेपाली कांग्रेस, एमाले, माओवादी, जनमोर्चा, राप्रपा, राप्रपा नेपाल र जनशक्ति पार्टीका उम्मेदवार त्यो क्षेत्रमा प्रतिस्पर्धा गर्दै छन्। क्यापिटल कलेज एन्ड रिसर्च सेन्टरकी सपना दुलालको घर कोटेश्वर हो। उनले आफ्नो बुबा र अरूले कुरा गरेको सुनेर आफ्नो घर- २ नम्बर क्षेत्रमा पर्छ भन्ने कुरा थाहा पाएकी छिन्, तर कुन दलका को-को उम्मेदवार छन् भन्ने कुरा उनलाई पनि थाहा छैन।

मानिता आले लोयला कलेजकी प्लस टु तहकी विद्यार्थी हुन्। उनको पुर्ख्यौली घर सिन्धुपाल्चोकको बाह्रबीसे हो। अहिले काठमाडौंको नयाँ बानेश्वरमा बस्दै आएकी आले लामो समयदेखि बाह्रबीसे गएकी छैनन्। त्यहाँका बारेमा उनलाई केही पनि थाहा छैन। धेरै समययता बसेका कारण यो स्वाभाविक पनि हो। काठमाडौंमा पनि उनको घर कति नम्बर क्षेत्रमा पर्छ भन्ने कुराको उत्तर दिन उनी अकमकाइन्। आलेले भनिन्– एक दिन हलो र गाई चिह्न भएका मानिसहरू प्रचारमा हिँडेको देखेकी थिएँ, योभन्दा बाहेक अन्य दलका उम्मेदवार र अन्य कुरा जानकारी छैन।

विद्यार्थी जीवनमा राजनीतिका बारेमा बढी चासो नहुनु स्वाभाविक पनि मान्न सकिन्छ। अध्ययनलाई बढी महत्त्व दिएका कारण पनि यसो भएको हुन सक्छ। संविधानसभाको निर्वाचन नजिकिँदै गर्दा तन्नेरीहरू आफ्नो निर्वाचन क्षेत्रका बारेमा कति जानकार छन् भनेर साप्ताहिकले विभिन्न स्थानमा भएको जम्काभेटमा उनीहरूसँग यस विषयमा केही जिज्ञासा राखेको थियो।

हिजोआज प्लस टुमा परीक्षाको मौसम छ। अहिले उनीहरूको आन्तरिक परीक्षा भैरहेको छ। जेठ महिनामै अन्तिम परीक्षा छ। यसका कारण पनि निर्वाचनका बारेमा बढी चासो नभएको दाबी छात्रछात्राहरूको छ। परीक्षाका कारण पनि कतिपय विद्यार्थी मत हाल्न जान पनि अलमलमा परिरहेको बताउँछन्। अमृत भन्छन् – निर्वाचनमा मत हाल्न त जानुपर्ने हो, तर परीक्षा पनि नजिकिएका कारण अलमलमा परेको छु। यस विषयमा अझै निर्णय गरेको छैन। लोकेन्द्रको अवस्था पनि त्यस्तै छ। उनले आईईएलटीएस टेस्टका लागि आवेदन दिएका छन्। उनको विचारमा त्यसको परीक्षा पनि त्यही समयमा पर्लाजस्तो छ। त्यसै गरी अन्य परीक्षाहरू पनि नजिकिएका कारण मत हाल्न जाने सम्भावना कम रहेको छात्रछात्राहरूले बताए।

सुरोजमा भने उत्साह पलाएको छ। उनी भन्छन्– योभन्दा अघि कहिल्यै पनि दल हाल्न पाएको छैन। यो अवस्थामा एकै पटक संविधानसभाको निर्वाचनमा दल हाल्न पाउने दिन आउँदा खुसी लागेको छ। कतिपय विद्यार्थी यस विषयमा सामान्य चासो राखे पनि बढी घोत्लिएर विश्लेषण गर्न चाहँदैनन्। मनिता भन्छिन्– मलाई त राजनीतिप्रति चासो छैन। राजनीतिमा लागेपछि मानिस बिग्रन्छ भन्ने भनाइ छ। त्यसो भएका कारण पनि यसतिर बढी ध्यान नदिएकी हुँ। सपनाको तर्क भने अर्कै छ। उनी भन्छिन्– राजनीतिका बारेमा बुझ्न खोजे पनि बुझिँदो रहेनछ। धेरै कुरा एकैपटक बुझ्नुपर्ने भएकाले पनि यसो भएको हुन सक्छ।

यद्यपि सबैमा राजनैतिक सचेतता भने देखिन्छ। मनिताले भनिन्– जुनसुकै दलको भए पनि राम्रो खालको, भ्रष्टाचार नगर्ने, देशको विकासमा ध्यान दिने र रोजगारीको व्यवस्था गर्न सक्षम व्यक्तिलाई जिताउनुपर्छ। सुरोज भन्छन्– शिक्षाप्राप्त र युवावर्गमा राम्रो काम गर्न सक्षमलाई जिताउनुपर्छ। उनको भनाइ छ– योभन्दा अघिका संसदीय निर्वाचनमा युवालाई मौका नदिएका कारण पनि युवावर्गका एजेन्डा ओझेलमा परेका हुन्। पुराना अनुहार भएकाले पुरानै कुरालाई प्राथमिकता दिने सम्भावना हुन्छ। अनुभवीलाई पूर्ण रूपमा बेवास्ता गर्न नसकिए पनि नयाँ अनुहारलाई प्राथमिकता दिनुपर्छ भन्ने मेरो मान्यता हो।

श्रीहरिको तर्क भने फरक छ। उनी भन्छन्– अनुभवीको अनुभवलाई पनि हेर्नुपर्छ। लामो समयदेखि राजनीतिमा भिज्दै आएकाहरूसँग बाधा-अड्चन हटाउन केही न केही सूत्र हुन सक्छ। यसको अर्थ पहिलेका सबै अनुभवी ठीक छन् भन्ने होइन। राम्रो काम गरेकाहरूले पछि पनि राम्रो काम गर्न सक्छन् भन्ने मान्यता राख्नुपर्छ। लोकेन्द्र भन्छन्– युवाहरूको भौतिक उपस्थितिलाई मात्र महत्त्व दिनु हुँदैन। सबै युवा र अन्य पक्षसमेतको विचारलाई एकीकृत गर्न सक्ने नेतृत्व आवश्यक छ। युवालाई मात्र फोकस नगरी समग्र पक्षलाई सम्बोधन एवं प्रजातान्त्रिक पद्धतिलाई आत्मसात् गर्न सक्ने प्रतिनिधि नै अहिलेको आवश्यकता हो।

अबको संविधान कस्तो बन्नुपर्ला ? यो प्रश्नको उत्तर सबैले एकै किसिमको दिए। सपना भन्छिन्– जनताको चाहनाअनुसारको संविधान बन्नुपर्छ। जनताले आफूले चाहेको प्रतिनिधि संविधानसभाका लागि चयन हुने वातावरण निर्माण हुनुपर्छ अनि त्यसले जनताको चाहनालाई कदर गरेर त्यसैअनुसारको संविधान निर्माण गर्न सक्षम हुनुपर्छ। अमृतका अनुसार सबै वर्ग, क्षेत्र र लिंगलाई प्रतिनिधित्व गर्न सक्ने गरी समावेशी संविधान निर्माण हुनुपर्छ। देशमा अहिले देखा पर्न थालेको जातीय विवादलाई यसले समाधान दिन सकोस् भन्ने उनको चाहना छ। यसबाहेक देशको गरिबी समाधानको दिशातर्फ उन्मुख गराउन र देशलाई शान्तिको मार्गमा अग्रसर गराउन पनि आगामी संविधान सक्षम हुनुपर्छ भन्ने उनको मान्यता छ।

दलहरूका उम्मेदवार उपयुक्त छन् कि छैनन् भन्ने विषयमा उनीहरूमा धेरै ज्ञान नभए पनि केही कुरा भने थाहा छ। ठूला पार्टीले समेत युवा उम्मेदवारलाई प्रत्यक्ष निर्वाचनमा टिकट नदिनु राम्रो नभएको हल्ला उनीहरूले पनि सुनेका छन्। पार्टीहरूमा खुसुक्क टिकट दिने प्रवृत्तिका कारण यस्तो गुनासो आएको सुरोजले बताए। श्रीहरि भन्छन्– पार्टीहरूले ठीकसित उम्मेदवार चयन गरेजस्तो लाग्दैन। चिने-जानेका र आफ्नो बढी सम्पर्कमा भएका व्यक्तिलाई टिकट दिने प्रवृत्तिका कारण पनि यस्तो भएको हो। यद्यपि अबको संविधानले समग्र जनताको चाहना प्रतिनिधित्व गर्न र नयाँ नेपालको रूपरेखा कोर्न सक्षम हुनेछ भन्ने कुरामा उनीहरू आशावादी छन्।

# सगरमाथा अञ्चलमा चुनावी चटारो

डिल्लीराम खतिवडा/विमल खतिवडा

उदयपुर- संविधानसभाको निर्वाचन दिन-प्रतिदिन नजिकिँदै जाँदा सगरमाथा अञ्चलका खोटाङ, उदयपुर, सोलुखुम्बु, ओखलढुङ्गा र तराईको सप्तरी जिल्लामा विभिन्न राजनैतिक दलका उम्मेदवार एवं कार्यकर्ताहरूले गाउँ-गाउँमा पुगेर चुनावी सभा गरेर सर्वसाधारणलाई आ-आफ्नो पार्टीको निर्वाचन चिह्न र संविधानसभा निर्वाचनका सम्बन्धमा जानकारी गराउन व्यस्त छन्।

मधेस आन्दोलनको उद्गम मानिएको सप्तरी जिल्लामा दलहरूले विभिन्न समूहका डर-धम्की र त्रासका कारण चुनावी प्रचार-प्रसारलाई सुस्त गतिमा अघि बढाए पनि मुख्य भिडन्त भने नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, मधेसी जनअधिकार फोरम, तराई-मधेस लोकतान्त्रिक पार्टीबीच हुने स्थानीय राजनैतिक विश्लेषकहरू बताउँछन्। एक नगरपालिकासहित १ सय १४ गाविसरहेको सप्तरी जिल्लामा ४ लाख १६ हजार ७ सय १२ मतदाता छन्। कुल ६ निर्वाचनक्षेत्र रहेको जिल्लामा मुख्य चुनावी भिडन्त भने क्षेत्र नम्बर- ३ हुने स्थानीय बासिन्दाहरूले बताए।

यो क्षेत्र वर्तमान सरकारका गृहराज्यमन्त्री रामकुमार चौधरीसमेत उम्मेदवार बनेकाले बढी चर्चामा आएको हो। यहाँ कांग्रेसका चौधरी, तराई-मधेस लोकतान्त्रिक पार्टी अनिश अन्सारी तथा माओवादीबाट उमेशकुमार यादवबीच कडा प्रतिस्पर्धा हुने विश्लेषण गरिन्छ।

कांग्रेसबाट असन्तुष्ट भै पार्टी परित्याग गरी मधेसी जनअधिकार फोरममा प्रवेश गरेका जयप्रकाश गुप्ता क्षेत्र नम्बर- २ को चुनावी मैदानमा छन्। उता राष्ट्रिय प्रजातन्त्र पार्टी त्याग गरेर मधेसी जनअधिकार फोरममा प्रवेश गरेकी रेणु यादव पनि फोरमबाट महिलाको प्रतिनिधित्व गर्दै क्षेत्र नम्बर- ४ बाट प्रत्यक्ष चुनावी मैदानमा खडा भएकी छिन्। २०४८ सालदेखि २०५६ सम्मको संसदीय निर्वाचनमा सालाखाला रूपमा सबै पार्टीले एक-एकवटा क्षेत्रबाट जित हात पार्दै आएको सप्तरीमा संविधानसभा निर्वाचनमा कुन पार्टीको वर्चस्व रहने हो, सबैका लागि कौतूहलको विषय बनेको छ। जिल्लामा २४ स्वतन्त्र उम्मेदवारसहित १ सय १४ जना प्रत्यक्ष रूपमा संविधानसभाको चुनावी युद्धमा होमिएका छन्।

निर्वाचनको तिथि नजिकिँदै जाँदा सप्तरी जिल्लामा राजनैतिक दलहरूले चुनावी प्रचार-प्रसार तीव्र बनाएका छन्। विभिन्न भूमिगत समूहको आतंक र धम्कीका कारण स्थानीय राजनैतिक दलका नेता तथा कार्यकर्ताहरूले निर्वाचनका बारेमा जानकारी नगराउँदा जिल्लाका केही भित्री गाउँका सर्वसाधारण अन्यौलमा परेको स्थानीय अधिकारकर्मी तथा सञ्चारकर्मी ओमप्रकाश साहले बताए।

संविधानसभाका बारेमा केही ज्ञान नभएको सप्तरी कमलपुरका राजकुमार मलहाले बताए। 'के संविधानसभा भनेको खानेकुरा हो ?' उनले भने- 'मलाई मात्र होइन, अन्य स्थानीय बासिन्दालाई पनि संविधानसभाका बारेमा जानकारी छैन।'

उता सोलुखुम्बुमा भने मुख्य दुई दलबीच चुनावी युद्ध चल्ने स्थानीय राजनैतिक विश्लेषकहरू बताउँछन्। एउटा मात्र क्षेत्र रहेको यो जिल्लामा ११ दलकै नेता तथा कार्यकर्ताहरूले गाउँ अभियानलाई जारी राखेका छन्। ८४ हजार १ सय ८३ मतदाता रहेको सोलुखुम्बुमा २०४८ सालदेखि २०५६ सालसम्म निर्वाचन जित्दै आएको कांग्रेसले संविधानसभामा पनि आफ्नो वर्चस्व कायमै रहने आशा गरेको छ। कांग्रेसका चर्चित उम्मेदवार बलबहादुर के.सी.सँग एमालेका बुद्धिकुमार राजभण्डारी र माओवादीका गोपाल किराँतीले प्रतिस्पर्धा गरे पनि कांग्रेसको किल्ला तोड्न नसक्ने कांग्रेस समर्थकहरूको दाबी छ। तीन निर्वाचनदेखिको कांग्रेस किल्ला तोड्न एमाले र माओवादी निकै जोसका साथ चुनावी प्रचार-प्रसारमा जुटेका छन्। सर्वसाधारण पनि पहिलो पटक हुन लागेको संविधानसभाको निर्वाचनमा मत हाल्न पाइने भएकोमा निकै हर्षित देखिन्छन्।

सोलुखुम्बु जिल्लाको छिमेकी जिल्ला ओखलढुंगामा पनि निर्वाचनको रौनक देखिन्छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका स्वकीय सचिव बालकृष्ण दाहालले कांग्रेसका तर्फबाट २ नम्बर- क्षेत्रमा उम्मेदवारी दिएका छन्। कांग्रेसीको उद्गम थलोकै रूपमा चिनिने ओखलढुङ्गा जिल्ला २०४८ सालको संसदीय निर्वाचनदेखि नै दुईवटै क्षेत्र कब्जा जमाउँदै आएको थियो। आफ्नो क्षेत्र सुरक्षित गर्दै आएको कांग्रेस अहिले पनि स्थितिमा केही फरक नपर्ने कुरामा विश्वस्त छ। एमाले र माओवादी भने कांग्रेसको किल्ला तोड्न जोडतोडका साथ लागिपरेका छन्। कुल १ लाख २९ हजार ३ सय ७८ मतदाता संख्या रहेको ओखलढुङ्गा जिल्लामा यसपालि तामसालिङ नामक नयाँ पार्टीले पनि भाग लिने भएको छ। ५६ गाविस रहेको ओखलढुङ्गा जिल्लामा प्रत्यक्षतर्फ ७ दलले भाग लिएका छन्। सदरमुकामभन्दा पनि बढी गाउँमुखी चुनावी प्रचार-प्रसार अभियान थालेका ओखलढुङ्गाका राजनैतिक दलहरूमध्ये मुख्यत: नेपाली कांग्रेस, एमाले र माओवादीबीच नै चुनावी युद्ध हुने बताइन्छ।

उता खोटाङ जिल्लामा भने एमाले र कांग्रेसबीच मुख्य भिडन्त हुने जिल्लाका राजनैतिक विश्लेषकहरूले बताए। २०४८ र २०५२ को संसदीय निर्वाचनमा एमालेले दुवै क्षेत्र कब्जा गरेकोमा २०५६ मा भने फेरि कांग्रेसले नै दुवै क्षेत्र कब्जा गरेको थियो, तर यसपालि कसले जित्छ भन्ने कुरामा प्रश्नचिह्न खडा भएको छ। खोटाङका सर्वसाधारणहरू पनि चुनावी प्रचारप्रसारमा होमिएका छन्। ७६ गाविस रहेको खोटाङ जिल्लामा १० राजनैतिक दल एकसाथ चुनावी दौडमा छन्।

कुल १ लाख ७१ हजार मतदाता संख्या रहेको खोटाङमा पनि ठूलै राजनैतिक युद्ध हुने स्थानीय बासिन्दाले बताए। पूर्वका चार जिल्लाको केन्द्र मानिएको उदयपुर जिल्लामा भने छुट्टै किसिमको राजनैतिक भिडन्त हुने राजनैतिक विश्लेषकहरू बताउँछन्। ४४ गाविस र १ नगरपालिका रहेको उदयपुरमा तीनवटा क्षेत्र छन्। तीनवटा क्षेत्रबाट २ स्वतन्त्रसहित ३८ उम्मेदवार चुनावी लडाइँमा ओर्लिएका छन्।

जम्मा २ लाख २० हजार २८ जना मतदाता रहेको उदयपुरमा यसपालि कडा प्रतिस्पर्धा हुने देखिएको छ। क्षेत्र नम्बर- १ मा नेकपा एमालका तर्फबाट उम्मेदवारी दिने पूर्वमन्त्री एवं पार्टी स्थायी समिति सदस्य अशोककुमार राई, नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. नारायण अड्का र माओवादीका तर्फबाट वाईसीएलका जिल्ला अध्यक्ष राजन किराँतीबीच प्रतिस्पर्धा हुने मतदाताहरू बताउँछन्। ७५ हजार ३ सय ७१ मत रहेको यो क्षेत्रमा एमाले नेता राई र नेका नेता खड्काबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिएको छ।

त्यसैगरी ७१ हजार ९ सय ७२ मतदाता रहेको क्षेत्र नम्बर- ३ मा नेपालबार एसोसिएसनका पूर्व केन्द्रीय अध्यक्ष शम्भु थापाको उम्मेदवारीले निकै चर्चा पाएको छ। थापाका प्रतिस्पर्धी नेकाका जिल्ला सभापति नारायणबहादुर कार्की र माओवादीका जिल्ला सेक्रेटरी सचिव मोहनबहादुर खत्री छन्। सोही क्षेत्रबाट २०५६ को निर्वाचनमा विजयी भएका एमाले नेता जगन्नाथ खतिवडाले प्रत्यक्ष निर्वाचनमा आफूलाई पार्टीले टिकट नदिई समानुपातिकतर्फ सिफारिस गरेकोमा भने असन्तुष्टि जनाएका थिए। खतिवडा अहिले भने एमालेको प्रसार-प्रचारमा व्यस्त छन्।

त्यस्तै क्षेत्र नम्बर- २ मा पनि तीन दल नेका, एमाले र माओवादीबीच नै मुख्य प्रतिस्पर्धा हुने सम्भावना छ। ७२ हजार ६ सय ८५ मतदाता रहेको यो क्षेत्रमा नेका माओवादीबाट अन्तरिम व्यवस्थापिका सांसद मणिखम्बु उदयपुर जिल्लामा प्रत्यक्ष निर्वाचन प्रणालीमा एक मात्र महिला उम्मेदवार हुन्। उनीसँग नेपाली कांग्रेसका विदुर बस्नेत र एमालेबाट बलदेव चौधरीले प्रतिस्पर्धा गर्ने भएका छन्।

२०४८ सालदेखि नै उदयपुर जिल्लालाई एमालेको लालकिल्ला मानिँदै आएकोमा यसपालि पनि यो किल्ला कसैले तोड्न नसक्ने कार्यकर्ताहरूको दाबी छ। उता २०५६ को निर्वाचनमा थोरै मतले एमालेबाट पराजित भै हारको मार खेपेको नेपाली कांग्रेस एमालेको लाल किल्ला तोडी तीनवटै क्षेत्रमा आफ्नो पार्टीले जित हात पार्नेमा आशावादी रहेको बताउँछ। त्यस्तै १२ वर्षे युद्धमा होमिई अन्तरिम सरकारमा सामेल भै संविधानसभाको निर्वाचनमा भाग लिएको माओवादी पार्टी पनि सहजै तीनवटै क्षेत्रमा नभए पनि दुई क्षेत्रमा भने आफ्नो जित सुनिश्चित रहेको बताउँछ।

## सन्देश

जीवनसंगिनी भावनाको जन्मदिनको अवसरमा उनलाई हृदयभरिको चोखो तथा न्यानो मायामा डुबाउँदै हार्दिक शुभकामना। हरेक पाइला सफलताले चुमुन्। मान्छेले देखेको र सोचेको मात्र हुँदोरहेछ, केही नसोचेको पनि भोग्नुपर्ने रहेछ। समय र परिस्थितिअनुसार सहयात्री भएर पनि फरक-फरक बाटोबाट यात्रा गर्नुपर्ने रहेछ। बाटो र यात्रा गर्ने तरिका फरक भए पनि हाम्रो गन्तव्य एउटै हो, त्यसैले जिन्दगीको यात्रा गर्ने क्रममा आइपरेका अप्ठ्याराहरूबाट कति पनि विचलित नभई अघि बढ्न आग्रह गर्दै पुनः जन्मदिनको शुभकामना।

**प्रकाश**

संविधानसभा निर्वाचन परमेश्वरको उपस्थिति र अगुवाइद्वारा भएको होस्। यसमा हामीलाई दोधारमा नपार्नुहोस्। तपाईंले नै चाहिँदो संविधान र चाहिँदो सरकार बनाउनुहोस्। यो देशमा दिगो शान्ति आओस्।

**जोन लामा**

सिया, म तिमीलाई कति माया गर्छु भन्ने कुरा शब्दमा व्यक्त गर्न सक्दिनँ। तिम्रो साथबिना म यो संसारमा एक्लो हुनेछु। त्यसैले मबाट टाढा नहोऊ।

**१९,८,५,५,१८,९,१९,८**

रोजि., तिमीलाई यो जन्ममा मेरो भाग्यमा लेखिएको रहेनछ। पाउनु मात्र माया होइन। तिमीसँग बिताएका प्रत्येक क्षणको सम्झना आइरहन्छ।



मेरो माया जसरी तोड्यौ अरूलाई त्यस्तो नगर्नु। यो जन्म त त्यसै भयो अर्को जन्म तिमीलाई नै पाऊँ भनी प्रार्थना गर्छु। मेरी संगिनी बन्न नसकेर के भो, साथी त बन्न सक्छ्यौ, त्यसैले अन्तिम पटक भेट्न चाहन्छु।

**सुजन**

शुक्रबार साँझ कोटेश्वरबाट टेम्पो चढ्ने र 'सिनामंगल जान्छ ?' भनी सोध्ने अनि सिनामंगल पुलको पुलिसबिट नजिक उत्रने हँसिली बहिनीसँग मित्रताको हात बढाउन चाहन्छु। शनिबार २ बजे कोटेश्वर सालिक नजिक आउन आग्रह छ।

**टेम्पोको ढोका छेउ बस्ने**

राज, विश्वास थियो तपाईंमा, यसरी विश्वासघात गर्नुहुन्न भनेर तर आज किन यसरी घात गर्नुभयो ? म तपाईंसँग कुरा गर्न चाहन्छु।

**आर.**

सोल्टिनी, म तपाईंलाई हृदयबाटै चाहन्छु स्वच्छ आत्माले सच्चा प्रेम गरेको छु। सच्चा प्रेम त्यो वस्तु हो जुन एक मुटु, एक व्यक्तिबाट एकै पटक गरिन्छ जसको स्थान फेरि कसैले पाउँदैन।

**समित**

**सूचना**

विक्रम संवत्को नववर्ष २०६५ प्रवेशको अवसरमा आफ्ना प्रियजनहरूलाई शुभकामना पठाउन चाहने पाठकहरूले आफ्नो सन्देश चैत २४ गतेभित्र साप्ताहिकको ठेगानामा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..................................................

उमेर : .................................. उचाइ : ..................................

पेसा : .................................. शिक्षा : ..................................

स्वभाव : .................................. वैवाहिक स्थिति : ..................................

अभिरुचि : .................................. वर्ण : ..................................

इमेल : ..................................................

ठेगाना : ..................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................................................

..................................................

**नोट** : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### झन्डै ज्यान गुमेको

घटना धेरै वर्ष पुरानो हो, त्यस बेला म र दिदी काठमाडौंको स्कुलमा पढ्थ्यौं। दसैं र तिहारको बिदामा हामी गाउँ गएका थियौं। दसैं-तिहार हामी सहरमा भन्दा पनि गाउँघरमै रमाइलोसँग मनाउँथ्यौं। त्यस बेला म १४-१५ वर्षको हुनुपर्छ, त्यति याद भएन जे होस् कुखुरे जवानीले छोइसकेको थियो। घरको कान्छो छोरो भएको हुँदा मैले सबैको माया उत्तिकै पाएको थिएँ। त्यति बेला गाउँमा तिहारको रमझम थियो। त्यही मौका पारेर काठमाडौंदेखि भारतीय राजदूतावासका सैनिक सहचारी प्रमुख कर्नेल कुमार पनि भारतीय सरकारबाट प्राप्त योजनाहरूको निरीक्षण गर्ने क्रममा हाम्रो गाउँ आइपुग्नुभएको थियो। उहाँ र उहाँको भ्रमणदललाई पञ्चैबाजागाजाका साथ विशाल जनसमूहले स्वागत गऱ्यो। रातभरि नाचगाना खानपिन आदि भयो। कर्णेल भू. पू. सैनिकहरू र हाल कार्यरत सैनिकका परिवारसँग भेटघाट गरिसकेपछि सुत्नुभयो।



मचाहिँसाथीभाइसित गाउँको पिङ खेल्ने चउरतिर लागें। लाहुरेको छोरो काठमाडौंमा पढ्दै गरेको जवान केटो म गाउँ भनेपछि हुरुक्कै हुन्थें। त्यसैले रातभरि घुमेर दुई-तीन बजेतिर घरमा सुत्न पुगें। हाम्रो घरमा उहिल्यैदेखि नै बिहान-बेलुका धूपी सल्लाको धूप बालेर बुद्ध भगवान्को मूर्तिमा चोखो पानी चढाएर नौनीको दियो बालेर पूजापाठ गर्थें, म राति घरमा सुत्नलाई भित्र कोठामा पसेको त त्यो दियोको प्रकाशमा भारतीय थ्रि एक्स रमको बोतलमाथि नजर पुग्यो। यसो वरिपरि नजर घुमाए सबै सुतिसकेका रहेछन् त्यही मौका छोपेर म त्यो बोतल लिएर अर्को घरमा (धन्सारमा) सुत्न गएँ। मजाले सुती-सुती पिउँदै गएँ, पिउँदापिउँदै म बोतल सँगै निदाएछु। त्यसपछि के के भयो, मलाई थाहा भएन। बल्ल भोलिपल्ट आँखामा चिसो पानी पर्दा यसो आँखा खोले, एक जना गाउँले दाइ पानीले मेरो अनुहारमा धुँदै रहेछन्। घडी हेर्छु त दिनको २ बजेछ। यताउति नजर घुमाएँ। मेरो वरीपरि लामा, झाँक्री, अहेवका साथ गाउँभरिका मानिसको भीड रहेछ। सबै मेरो मुटु फुटेको हुनुपर्छ भनेर रुवाबासी गर्दै थिए। शरीरमा कपडा हेर्छुअर्के कपडा, मैले रगत नै छादेको रहेछु। दिनभरि पनि होसमा नआउँदा मेरी आमा धेरै रुनुभएछ। भ्रमणमा आएका कर्णेलले भू.पू. सैनिकको नाताले बुबालाई भेट-उपहारस्वरुप दिनुभएको त्यो थ्रि एक्स रम रहेछ। उहाँहरू पनि बिहानै काठमाडौं फर्किसक्नुभएछ, किनभने तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या भएको खबर रेडियो नेपालबाट थाहा भयो। जीवनमा पहिलो पटक अन्जानमा रक्सी पिउँदा झन्डै यो संसार छोड्नुपरेको। त्यही अविस्मरणीय घटनापछि म रक्सिदेखि टाढा नै छु र मैले आमालाई अवदेखि म रक्सी कहिल्यै पिउनेछैन भनी वचन दिएको छु। आज पनि कोही-कसैले रक्सी पिएको देख्दा त्यही घटना सम्झना आउँछ।

**–लेक योन्जन**

### विश्वासको पीडा

मन पराउनु कसैको पनि गल्ती होइन जसले जसलाई पनि मन पराउन सक्छ। उसको कल्पनामा डुबुल्की मार्न सक्छ। कुरा एक वर्षअघिको हो। म कक्षा १२ मा अध्ययनरत थिएँ। उच्च शिक्षामा अध्ययन गर्न विद्यार्थीहरूको घुइँचो थियो। यसै क्रममा एक युवतीमा मेरा नयनहरू तेर्सिए। उनलाई मै पहिलोपल्ट नै हृदयका कुनामा राखिसकेको थिएँ। साथीमार्फत् उनीसँग परिचय गरें। दिनहरू बित्दै गए। उनीसँग बिस्तारै-बिस्तारै मायाका कुराहरू हुन थाले। उनी पनि त्यस्तै शब्द मुखबाट निकाल्थिन्। त्यसो गर्दागर्दै म पनि १२ को परीक्षा सकी कलेजबाट बिदा भएँ। बिस्तारै उच्च शिक्षाका लागि म राजधानी छिरें, मनमा मीठा कल्पना अनि उनका यादहरूसहित।

राजधानीमा अनेकौं युवतीमा आँखा गए तर हृदयमा बस्न उनीबाहेक कोही पनि सकेनन् र सायद सक्दैनन् पनि। दुई महिनापछि जाडो बिदामा घर गएँ। अनेक भावना र सुन्दर सपनालाई मुटुमा सँगाली राजधानीका तीता-मीठा कुराहरू उनलाई सुनाउन आतुर थिएँ। त्यो दिन माघ एक गते थियो। गाउँमा मेला लागेको थियो। म मेला लागेको ठाउँमा पुगेको थिएँ। उनी पनि त्यहीं पुगेकी थिइन्। उनी आइन् तर मसँग एक शब्द पनि बोलिनन्। मलाई अकस्मात धर्ती नै भासिएको आभास भयो। उनको मन परिवर्तनका लहरहरूमा फसेको रहेछ। सायद मभन्दा सुन्दर र धनी युवक भेटेर पो हो कि, आफैसँग प्रश्न गर्न थालें।

दुई-चार दिनपछि उनका साथीबाट थाहा पाएँ, उनको वैशाखमा अर्कैसँग विवाह हुँदैछ। ठीकै छ, तिम्रा ती यादहरू भुल्नलाई संगीत सुन्छु अनि आजभोलि नशालाई पनि आफ्नो साथी बनाएको छु। त्यसो गर्दा पनि तिम्रा याद अझ गाढा बनिरहेका छन्। तिमी यो जन्ममा अर्कैको भए पनि अन्य ६ जन्ममा मेरै हुनेछौ। तिमी जहाँ छौ जस्तो छौ खुसी र सुखी रहनु, पीडाहरू जति म एक्लै सहनेछु। अनि सपनीमा तिमीलाई सधैं पर्खिरहनेछु...।

**– सालिन**

## साप्ताहिक साथी



मिलनसार स्वभावका विजयकुमार ठाकुर अविवाहित हुन्। उनको उचाइ ५ फिट ५ इन्च छ। साधारण शिक्षा हासिल गरेका विजयको रुचि नयाँ साथी बनाउनेतर्फ लक्षित छ। उनी दुःखसुखमा साथ दिने, धनी-गरिब, जात-धर्ममा नअल्झने साथीको खोजीमा छन्। उनलाई श्री ९ नम्बर बाहिनी अड्डा, भकुन्डेबेसी, काभ्रेमा पत्राचार गर्न सकिन्छ।



स्नातक तह अध्ययनरत कमलबहादुर बोगटी २० वर्षका छन्। ५ फिट ९ इन्च अग्ला कमल व्यापारमा संलग्न छन्। अविवाहित कमल भ्रमणमा रुचि राख्छन्। आफूलाई असल स्वभाव भएको व्यक्ति भन्न रुचाउने कमल मन मिल्ने तथा विश्वासिलो व्यक्तिसँग मित्रता गाँस्न चाहन्छन्। उनलाई bogati_kamal99@yahoo.com मा पत्राचार गर्न सकिन्छ।



मिलनसार स्वभावका आशिष (अनिदी) २५ वर्षका छन्। सरकारी जागीरे आशिष अविवाहित हुन्। साधारण लेखपढ गर्न सक्ने आशिष भ्रमण एवं संगीतमा रुचि राख्छन्। उनको उचाइ ५ फिट ५ इन्च छ। गोरो वर्णका आशिषलाई कम पढेको भनेर हेला तथा धनी-गरिबको भेदभाव नगर्ने एवं कुनै कुलत नभएको साथीको खाँचो छ। आशिषलाई सशस्त्र प्रहरी कार्यालय, सिन्धुपाल्चोक, चौतारामा पत्राचार गर्न सकिन्छ।

# पर्यटकहरूको रोजाइ कन्याम

मौसम क्रमिक रूपमा परिवर्तन हुँदैछ। आकाशमा चर्को घाम लाग्न थालिसकेको छ। कञ्चनजङ्घा हिमालमा देखिएको बाक्लो हिउँको चिसो सिरेटोले छोड्न थालेको अनुभूति जोकोहीलाई हुन थालेको छ। मौसम परिवर्तनसँगै इलामको कन्याम चियाबारीका डाँडाहरूमा यतिबेला पर्यटकहरूको आगमन पनि प्रारम्भ भएको छ।

हरियो चियाबारी र मनोरम वातावरणमा रमाउन विगतझैं यतिबेला कन्याम घुम्न आउनेहरूको भीड क्रमश बढ्न थालेको छ। दिन-प्रतिदिन कन्यामका हरियाली डाँडाहरूमा यत्रतत्र पर्यटकहरूको भीड लाग्न थालिसकेको छ। यकिन तथ्याङ्क नभए पनि वार्षिक हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरू कन्याम घुम्न आउँछन्। देशमा राजनैतिक परिवर्तनसँगै विगतको तुलनामा कन्याममा दोब्बर पर्यटक भित्रने कन्याम गाविसका सचिव नेत्र पोखेलको अनुमान छ। पोखेलका अनुसार मुलुकमा शान्ति स्थापनापछि अन्य क्षेत्रमा पर्यटकहरूको संख्या वृद्धि भएकाले कन्याममा पनि पर्यटकहरू बढ्ने निश्चित छ।

झापाको चारआलीबाट मेची राजमार्गको करिब ३० किलोमिटरको यात्रा पूरा गरेपछि कन्याम पुगिन्छ।



कन्याम घुम्न आउनेले नजिकैको मिमिरे डाँडाबाट बंगालको खाडीबाट उदाउँदो सूर्योदयको दृश्यावलोकन, घोडचढी, कञ्चनजंघा साथै अन्य हिमालको दृश्य, नेपाल तथा भारतका समथर तराईका फाँटहरू, मिरिक, खर्साङ, अन्तुडाँडा, आँखाले भ्याएसम्मको हरियो चियाबारीलगायत मनोरम स्थानहरूको दृश्यावलोकन गर्न सक्छन्। पर्यटकहरूका लागि अन्य भौतिक सुविधा नभए पनि २०६० सालको इलाम महोत्सवका अवसरमा जिल्ला विकास समितिले मिमिरे डाँडामा टावर स्थापना गरेर सूर्योदय हेर्न सहज बनाइदिएको स्थानीय समाजसेवी लेखनाथ दाहाल बताउँछन्।

दाहालका अनुसार दुई वर्षयतादेखि सूर्योदयको दृश्यावलोकनका लागि मिमिरे डाँडाले पनि चर्चा पाउन थालेपछि यस वर्ष असोजको पहिलो साताउदेखि नै पर्यटकहरू कन्याम आइरहेका छन्। दाहाल भन्छन्- 'ख्याति कमाएको पारिपट्टिको अन्तुडाँडाबाट देखिने सूर्योदयजत्तिकै यहाँको मिमिरेबाट पनि सूर्योदय हेर्न सकिने भएकाले यातायातको सुविधाका कारण पनि यहाँ दुई वर्षयता पर्यटकहरू बढ्न थालेका हुन्।' उता अन्तुडाँडासम्म पुग्न मेची राजमार्गअन्तर्गत फिक्कलबाट कच्ची सडक हुँदै १४ किलोमिटर पूर्वतर्फ टयाक्सी चढेर मात्र पुग्न सकिन्छ, तर यता मिमिरेसम्म पुगेर सूर्योदय हेर्न मेची राजमार्गअन्तर्गत कन्याममा गाडीबाट ओर्लेर सात मिनेट उकालो चढेपछि पुग्न सकिन्छ।

चाडबाडको समाप्तिपछि पिकनिकको मौसम सुरु हुन्छ। पिकनिकको मौसम सुरु भएपछि कन्याममा दैनिक बस तथा साना गाडीहरू रिजर्भ गरेर टाढाटाढाबाट पर्यटकहरू घुम्न आउँछन्। कतिपयको स्कुल, क्याम्पस तथा कार्यालयको बिदा मनाउने थलो कन्याम नै बन्ने गरेको छ। कन्याम चिया विकास निगम, स्थानियवासी तथा सरकारले कन्याममा पर्यटकीय गन्तव्यका रूपमा आवश्यक सुविधाजनक भौतिक पूर्वाधारहरूको विकास गर्न नसके पनि यहाँको प्राकृतिक हराभरा र चियाबारीका कारण पर्यटकहरूले कन्याममालाई नै रोज्ने गरेका छन्। कन्याममा सुविधाजनक होटल, लज, रिसोर्ट तथा पार्कहरू निर्माण गर्न सके पर्यटकीय दृष्टिकोणले यसले अझ महत्त्व पाउने सम्भावना प्रबल छ।

**–युवराज गौतम**

# अहिलेकी सेक्सी नायिका को हुन् ?

सबै नेपाली नायिका सेक्सी छन्, फेसन अनुसार चल्नैपर्‍यो नत्र कन्या कुमारी नै बस्नुपर्छ ।

**प्रेमकान्छा मगर, पाल्पा**

रेखा थापा हुन्, किनभने उनी छोटा कपडा लगाउँछिन् ।

**गंगाराम न्यौपाने, स्याङ्जा**

रेखा थापालाई लिन सकिन्छ किनकि साप्ताहिकमा देखिइरहन्छिन् ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

फिल्म बनाउँदै हुनुहुन्छ कि क्या हो सम्पादकज्यू, सेक्सी नायिका खोज्दै हुनुहुन्छ नि ? पख्नोस है अँ...अँ... मलाई त झरना बज्राचार्य पो सेक्सी लाग्छिन् ।

**सुबिन श्रेष्ठ, हेम्जा, पोखरा**

सेक्स अपिलमा रेखा थापा, पहिरनमा निरुता सिंह, स्वरमा करिश्मा मानन्धर, नृत्यमा झरना थापा ।

**अमृत मगर, पाल्पा**

ओहो सम्पादकज्यू तपाईं त कस्तो बाठो, अहँ भन्दिनँ, मैले भनें भने तपाईं उनकै पछि लाग्न के बेर ?

**दिनेश न्यौपाने (२१), बलाम, स्याङ्जा**

रेखा थापा हुन् किनभने मैले राम्रोसँग चिनेकी नायिका नै रेखा थापा हुन् ।

**शशीकान्तकुमार गुप्ता (१९), वीरगन्ज**

रेखा थापा, किनकि उनको ग्ल्यामरस हाउभाउ, सुगठित शरीर, लठ्ठ पार्ने मुस्कान र कर्के नजरले त भुतुक्कै पार्छ नि हौ सम्पादकज्यू तपाईं-हामीलाई ।

**अनिल पोखरेल, सुनसरी**

नायिका सेक्सी हो र सम्पादकज्यू, कथा लेख्ने लेखक पो सेक्सी ।

**एस.के. कुँवर (२५), थानकोट**

सम्पादकज्यू, यो प्रश्नको उत्तर म तपाईंलाई गोप्य तरिकाले दिउँला है ।

**धर्म प्रजापति, मध्यपुर थिमी**

सबैले भन्छन् रेखा थापा, सायद उनी नै होलिन् । आफूसँग त पैसा नहुने, फिल्म हेर्नै पाइँदैन । तैपनि पोस्टरमा हेर्दा रेखा दिदीलाई साह्रै गर्मी लागे जस्तो लाग्छ, त्यसैले पनि होला ।

**सन्तोष राई (१७)**

आम्मै ! के प्रश्न हो यस्तो ? सम्पादकज्यू, तपाईंकी श्रीमतीले मार्लिन् नि...,अर्काका छोरी-बुहारीको जिउडाल हेर्दै नहिंड्नुहोला ।

**resham_sunuwar@yahoo.com**

कोही पनि छैनन् । किनकि नेपाली नायिकाले सेक्सी फिल्म नै खेलेका छैनन् ।

**चिन्तन बजगाईं, ठमेल**

रेखा थापा, उनी निकै सेक्सी देखिन्छिन् ।

**शालिग्राम पत्थर, धादिङ**

सेक्सी भन्न मिल्छ र नेपाली नायिकालाई ?

**अल्पविराम**

नाङ्गो शरीर र ढाक्नुपर्ने अङ्ग देखाउँदैमा सेक्सी भन्न मिल्छ र ? नेपाली नायिकालाई सेक्सी भन्नु त सेक्सी शब्दको प्रयोग गलत ठाउँमा हुनु हो ।

**मुक्ति अधिकारी, करादी**

रेखा थापा हुन किनकि उनी प्रायः चलचित्रमा सेक्सी नै देखिन्छिन् ।

**मुक्तिराम रेग्मी, नयाँबजार, स्याङ्जा**

पहिले त रेखा थापा थिइन् अहिले त उनलाई उछिन्ने अरू धेरै भैसके ।

**पागल**

पुजना, किनकि उनको आजकल लामो कपडासँग झगडा परेको छ ।

**शम्भुजित घिमिरे, शनिश्चरे, मोरङ**

नेपाली नायिका ? सेक्सी ? देखाउन लाज लाग्ने अङ्ग देखाउँदैमा सेक्सी भइन्छ र ? नेपाली नायिकालाई सेक्सी भन्नु त सेक्सी शब्दकै अपमान हो ।

**समल जोइटिङ्ग्रे**

रेखा थापा, किनकि आधा मिटर कपडाले सारा शरीर ढाकिदिन्छिन् ।

**प्रतिमा घिमिरे, शनिश्चरे**

रेखा थापा, किनकि मलाई मन पर्छिन् । यदि रेखाले डेटिङका लागि अफर गरे जब छाडेर भए पनि धाउँथे ।

**रोशन आले, स्याङ्जा**

यो प्रश्नको जवाफ फिल्म निर्देशक-निर्माताहरूसँग सोध्नुपर्छ ।

**जितेन्द्र रसिक (२४)**

रेखा थापा, किनकी धुर्मुसे समेत मर्छु कि क्या हो भनेर ओइ ओइ मलाई छोएर करेन्ट लाग्छ भन्छ । खै के खै के म त... ए राता मकै ।

**विनोद खतिवडा, इनरुवा**

ल नेपालमा सेक्सी नायिका पनि छिन् ? खोइ मलाई त थाहै छैन । अनि सेक्सी भनेको कस्तो नि ?

**अनिल महर्जन (१८)**

जल्दोबल्दो हिसाबले कुरा गर्ने हो भने रेखा थापा । रेखामा त्यस्तो उपमा पाउने खुबी छ ।

**उद्धवकुमार थापा (१९), पुतलीसडक**

क्या हो सम्पादकज्यू, तपाईंको नजरमा सेक्सी नायिका आएनन् ? फेरि नायिकाकै गाउँमा बस्नुहुन्छ, हाम्लाई के था ?

**सुजन अधिकारी (२४), कतार**

रेखा थापा, कारण आँखा सेक्सी छन् साथै उनी छोटा पहिरन लगाएर अङ्ग प्रदर्शन गर्छिन् ।

**यशोदा महत (२१), मोरङ**

भनेदेखि रिसाउलान्, अहिलेका प्रायः नायिकाको शरीरमा कपडा देख्नै मुस्किल पर्छ । के हो ? के हो ? खै...?

**गोकर्ण लामिछाने (१७), काठमाडौं ।**

कृष्टि मैनाली थिइन् क्यार, हिजोआज त देखा थापा कि के भन्छन् नि उनै हुन् ।

**कृष्ण केसी**

ऋचा घिमिरे, नभए सेन्सरले त्यसै कैंची चलाउँछ ?

**ओम राई (१६)**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
२. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
३. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
४. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
५. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
६. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
७. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
८. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
९. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
१०. यो संसार कस्तो छ ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : यो ४१ वर्षीया महिलाको समस्या हो । उहाँले करिब १० वर्ष पहिले पाँच वर्षजति संगिनी तीनमहिने सुई प्रयोग गर्नुभयो । यसै अवधिदेखि नै मुटुको रोग, उच्च रक्तचाप, पिसाब पोल्ने, टाउको दुख्ने, रिगंटा लाग्ने, खाना खान मन नलाग्ने, हस्पिटलमा चेक गराउँदा कुनै समस्या नदेखिने समस्या छ । यति मात्र नभएर चिल्लो कुरा, मासु, नुन, खुर्सानी, गुलियो, अमिलोजस्ता खानेकुरा खानै नहुने र खाए मुटु दुख्ने, पिसाब पोल्ने तथा मुर्छासमेत पर्नेजस्तो हुन्छ । कुरा बुझ्दै जाँदा उक्त सुईको निम्न बेफाईदाहरू हुँदो रहेछ । जस्तो– १. कहिले खाना खाइरहँदा तुरुन्तै भोक लाग्ने र कहिले भोकै नलाग्ने, २. स्तन छुँदा दुख्ने वा असजिलो हुने, ३. रजस्वलामा गडबडी हुने– बीचबीचमा रगत देखिने, ४. ५० देखि ८० प्रतिशतमा रजस्वला बन्द हुने, ५. कसैकसैलाई रक्तचाप बढ्ने, ६. अनावश्यक रूपमा शारीरिक तौल वृद्धि हुने, ७. तौल नबढी मोटोपन अत्यधिक हुने, ८. टाउको दुख्ने, पेट दुख्ने, ९. मनस्थिति परिवर्तन भैरहने, १०. अलिअलि रगत नियमित बगिरहने, ११. हातखुट्टाका नसा सुन्निएर बेस्सरी दुख्ने । माथीका २ र १० नम्बरका बाहेक सबै लक्षण उहाँमा देखिएकाले संगिनी सुईको असर हो कि जस्तो लाग्छ । किन यस्तो भयो ? यसबाट छुट्कारा पाउन के गर्नुपर्ला ?**

**– नि.**

**उत्तर** : गर्भाधान हुन डिम्ब र शुक्रकीटको मिलन हुनुपर्ने कुरा त हामीले पहिले पनि पटक-पटक चर्चा गरेका छौं । प्रजनन प्रणालीको कार्यसम्पादन विभिन्न रसायन, जसलाई हामी रागरस भन्छौं, को प्रभावले निश्चित परिवर्तनहरू आउँछन् र डिम्ब निष्कासनको प्रक्रिया पनि यसैअनुसार हुन्छ । सामान्यतः एक शिशु जन्मँदा डिम्बाशयमा यस्तै २ देखी ४ लाखजति अपरिपक्व डिम्ब हुने भए पनि एक महिलाको जीवनभरिमा सालाखाला ४ सयजति मात्र डिम्ब परिपक्व अवस्थामा पुग्छन् । पिटचुटरी ग्रन्थिबाट निस्कने Follicular Stimulating Hormone को प्रभावमा डिम्बाशयमा भएको follicle हरू नै डिम्बका रूपमा विकसित हुन्छन् । परिपक्व भएपछि Luteinising hormone भनिने अर्को हार्मोनको मद्दतले डिम्बाशयबाट डिम्ब निष्कासन हुन्छ । यी हार्मोनहरूको प्रभावमा डिम्बाशयले इस्ट्रोजन तथा प्रोजेस्टेरोन नामका दुई रागरस निकाल्छ । महिनावारी सञ्चालन अनि गर्भधारणको सन्दर्भमा यी दुई रागरसको विशेष भूमिका हुन्छ ।

**संगिनी सुई के हो ?**

संगिनी सुईमा महिलाको शरीरमा हुने प्रोजेस्टेरोनजस्तै रागरस हुन्छ, जसलाई depot-medroxyprogesterone acetate (DMPA) भनिन्छ । हामीले यो सुई लिइसकेपछि रागरसले आफ्नो प्रभाव शरीरमा पार्न थाल्छ । यसले Follicular Stimulating Hormone र Luteinising Hormone हरूको मात्रा बढ्न दिँदैन । जसले गर्दा डिम्ब परिपक्व हुने र निष्कासन हुने प्रक्रिया नै हुँदैन । डिम्ब नै ननिस्किएपछि गर्भ रहने कुरा भएन । यसदेखि थप यसले पाठेघरको मुखको रसलाई बाक्लो बनाई शुक्रकीटलाई पाठेघरभित्र प्रवेश गर्न कठिन बनाइदिन्छ र पाठेघरको भित्री भागलाई पातलो बनाई डिम्बरोपणमा पनि कठिनाइ उत्पन्न गर्छ । यो निकै प्रभावकारी गर्भनिरोधक साधन हो ।

**तीनमहिने सुईका फाइदाहरू**

यो पक्कै हो कि हार्मोन भएका कारणले यसको प्रयोगपछि विशेष गरी महिनावारीमा गडबडी उत्पन्न हुन्छ । तौल बढ्नुका साथै तपाईंले भन्नुभएजस्तो टाउको दुख्ने, स्तन स्पर्श गर्दा दुख्ने, मुडमा परिवर्तन, वाक्वाकी लाग्ने जस्ता असर हुन सक्छन् । रक्तचाप अति नै बढी भए यसको प्रयोग नगर्ने कुरा अर्कै हो, तर यसमा इस्ट्रोजन नभएकाले सामान्यतया रक्तचाप वा हृदयाघातको जोखिम बढ्ने कुरा भएन ।

यहाँ बुझ्नुपर्ने कुरा के हो भने यसका फाइदा पनि प्रशस्तै छन् । यो प्रभावकारी हुनुका साथै यसलाई प्रयोग गरिरहेको अरूलाई थाहा हुँदैन, अनि तीन महिनामा एकपटक मात्र लिए पुग्छ । फेरि महत्त्वपूर्ण कुरा के भने गर्भ नहुने भनेर पक्का भएपछि यौनसम्पर्क आनन्दले गर्न पाइने भयो । यसले यौनसम्पर्कसम्बन्धी क्रियाकलाप गर्नलाई कुनै अवरोध पुर्‍याउँदैन । यसले गर्भाशयभन्दा बाहिर गर्भ रहने, पाठेघर भित्रीतहको क्यान्सर कम गर्न सहयोग गर्छ । नेपालमा हजारौं महिलाले यसको प्रयोग गरेर फाइदा उठाएका छन् । महत्त्वपूर्ण कुरा अनिच्छित गर्भ रहनु र प्रसवको जोखिम वा कुअसरहरू यसका असरहरूभन्दा धेरै हुन सक्छन् भन्ने कुरा बिर्सनुभएन ।

**के सबै दोष संगिनी सुईकै होला ?**

यहाँ मुख्य कुरा के हो भने सबै समस्याको दोष संगिनी सुईलाई नै दिनु कति उचित होला ? हामीलाई मन नपर्ने कुनै कुरा भयो भने त्यससँग सम्बन्धित नभए पनि त्यसैको कारणले भयो भनेर दोष दिने हाम्रो चलन छ । पक्कै पनि यो उचित होइन । कुनै पनि समस्या भए त्यसको मूल कारण के हो भनेर विचार गर्नुपर्ने हुन्छ, ताकि समस्याको समाधान निस्कियोस् । विशेष गरेर मन नपर्दा-नपर्दै पनि यस्ता साधनको प्रयोग गर्नुपरेको हो कि होइन, पत्रमा उल्लेख नभएकाले यसै भन्न सकिने भएन । विशेष गरेर कुनै पनि गर्भनिरोधको साधन प्रयोग गर्नुभन्दा पहिले राम्रोसँग परामर्श लिएर मात्र साधनको प्रयोग थालिए अपेक्षा र वास्तविकतामा तालमेल हुने हुँदा प्रयोगको निरन्तरतालाई सहयोग पुग्छ र प्रयोगकर्ता पनि विनाकारण चिन्तित हुनुपर्ने स्थिति आउँदैन ।

अर्को महत्त्वपूर्ण कुरा के भने प्रयोग बन्द नै गरिसकेको स्थितिमा सधैं नै यसको असर कायम रहने होइन । कुनै पनि व्यक्तिमा अन्य कुनै समस्या, रोग हुनसक्छ । उमेर बढ्दै जाँदा कतिपय रोग वा समस्या बढ्न सक्छ । तपाईंले उल्लेख गर्नुभएको कतिपय लक्षणले मानसिक कारण हुनसक्ने बलियो संकेत पनि गरेको छ । परिवार नियोजनको तीनमहिने सुईलाई दोष दिएर मात्र समस्या समाधान हुँदैन । वास्तविक कारण पत्ता लगाई यसको निराकरण गर्न चिकित्सकको सहयोग लिनु उचित हुन्छ ।

# गुल्मी, अर्घाखाँची, कपिलवस्तु र नवलपरासीको स्थिति

गुल्मीमा संविधानसभा निर्वाचनको चहलपहल बढेको छ। तीनवटा निर्वाचन क्षेत्र रहेको गुल्मीमा विभिन्न राजनैतिक दलका २१ र ४ स्वतन्त्र गरी २५ जनाले उम्मेदवारी दिए पनि प्रमुख तीन दल नेपाली कांग्रेस, एमाले र माओवादीबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिन्छ। अन्य दलको खासै प्रभाव नरहेको यो जिल्लामा २०४८ सालको संसदीय निर्वाचनमा तीनवटै सिट कांग्रेसले जितेको थियो भने २०५१ र २०५६ का निर्वाचनमा तीनै क्षेत्रमा नेपाली कांग्रेसलाई हराएर एमालेले वर्चस्व कायम गरेको थियो। जनयुद्धकालदेखि नै माओवादीको प्रभाव कायम भएको यो जिल्लामा संविधानसभा निर्वाचनको परिणाम कसको पक्षमा जाने हो ठोकुवा गरेर भन्न सक्ने स्थिति छैन।



७७ हजार मतदाता रहेको गुल्मी क्षेत्र नम्बर- १ मा एमालेकी मैना भण्डारी, कांग्रेसकी सुवर्ण जुहार्चन तथा माओवादीका सुदर्शन बराल मगरबीच मुख्य प्रतिपर्स्धा हुँदैछ। २५ वटा गाविस रहेको यो क्षेत्रमा मगर समुदायको बाहुल्य भएकाले मगर समुदायका उम्मेदवारलाई निर्वाचन जित्न सहज हुने धेरैको अनुमान छ। कांग्रेस र एमालेले गैरमगर उम्मेदवार खडा गरेका र माओवादीले मात्रै मगर समुदायकै युवा उम्मेदवार उठाएकाले सुदर्शन बरालको स्थिति राम्रो छ भन्नेहरू धेरै भेटिन्छन्।

स्थानीय स्तरमा लोकप्रिय र जनसरकार प्रमुखसमेत भैसकेका बराल संविधानसभाको निर्वाचनकै लागि माओवादीले जनयुद्ध गरेकाले मतदाताहरूले यसपटक आफूलाई जिताउने दावी गर्छन्। उता कांग्रेसकी सुवर्ण जुहार्चन भने माओवादी र एमालेको लडाइँले आफ्नो जित सहज भएको दाबी गर्छिन्। एमालेकी मैना भण्डारी पनि आफ्नो दलको विगतको वर्चस्व नगुम्ने जिकिर गर्छिन्। अघिल्लो निर्वाचनमा एमालेका फटिक थापा मगर समुदायकै उम्मेदवार भएकाले कांग्रेसका गैरमगर उम्मेदवारलाई २ हजार मतले पछि पारेका थिए। यसपटक माओवादीले एमालेको मत काट्ने निश्चित भएकाले निर्वाचन परिणाम कांग्रेसको पोल्टामा जानसक्ने एकथरीको विश्लेषण छ।

जिल्लामा सबैभन्दा बढी १ लाख ४ हजार मतदाता रहेको क्षेत्र नम्बर २ मा भने एमाले र कांग्रेसका उम्मेदवारबीच कडा प्रतिस्पर्धा देखिन्छ। यहाँ एमालेका तर्फबाट पूर्वमन्त्री एवं केन्द्रीय सदस्य प्रदीपकुमार ज्ञवाली, कांग्रेसका तर्फबाट युवा नेता चन्द्र भण्डारी र माओवादीका निमबहादुर पाण्डे निर्वाचन मैदानमा छन्। २६ गाविस रहेको यो क्षेत्रमा माओवादी तेस्रो स्थानमा मात्रै आउँछ।

२०५६ को निर्वाचनमा कांग्रेसका उम्मेदवारलाई १ हजार मतको अन्तरले हराएका प्रदीप ज्ञवालीका लागि माओवादीको सशक्त उपस्थितिका कारण कांग्रेसका भण्डारीलाई जित्न जटिल देखिन्छ। यसअघिको सरकारमा मन्त्री रहेका ज्ञवालीले आफ्नो क्षेत्र र कार्यकर्ताका लागि केही नगरेको बरु अन्यत्रका मानिसलाई राम्रा-राम्रा अवसर मिलाइदिएको भन्दै उनका नजिकका केही सहयोगी समेत कांग्रेसका भण्डारीलाई जिताउने अभियानमा लागेको कांग्रेस कार्यकर्ताहरूको दावी छ। एमालेमा केपी ओली खेमाका मानिने ज्ञवाली माओवादीका कटु आलोचक समेत भएकाले निर्वाचनको अन्तिम समयसम्म वाम तालमेल भएन भने उनको हारमा माओवादी मत निर्णायक हुने विश्लेषकहरू बताउँछन्।

८२ हजार ७ सय ११ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर- ३ मा कांग्रेस, एमाले र माओवादी उम्मेदवारबीच त्रिपक्षीय भिडन्त हुने देखिन्छ। यहाँ एमालेका गोकर्ण विष्ट, माओवादीका चन्द्रबहादुर थापा तथा कांग्रेसका सुरेशचन्द्र भुसालबीच भिडन्त हुँदैछ। २८ गाविस रहेको यो क्षेत्रमा एमाले र माओवादी दुवैले युवा उम्मेदवार उठाएका छन्।

एमालेका विष्ट २०५६ सालको संसदीय निर्वाचनमा कांग्रेसलाई ३ हजार मतले पछि पार्दै जितेका उम्मेदवार हुन् भने माओवादीका चन्द्रबहादुर थापा (सागर) जनयुद्ध कालमा जिल्ला र शान्ति वार्तापछि काठमाडौंमा वाईसीएल उपत्यका इन्चार्ज भएर राष्ट्रिय स्तरमै चर्चा कमाउन सफल नाम हो। यी दुवै उम्मेदवार आफ्नो अवस्था सुदृढ भएको दावी गर्छन् भने कांग्रेसका भुसालचाहिँ दुई कम्युनिष्ट उम्मेदवारबीच मत तानातानको प्रतिस्पर्धा आफ्ना लागि निर्वाचन जित्न सजिलो भएको बताउँछन्।

अर्घाखाँचीमा पनि संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा निर्वाचन वातावरण निकै तातेको छ। माओवादीको सशस्त्र जनयुद्धका बेला सदरमुकाम सन्धिखर्कमाथिको भीषण आक्रमणले देशभर चर्चित भएको यो जिल्ला अहिले भने निर्वाचन युद्धले तातेको हो। माओवादी प्रभावित जिल्लाहरूमध्ये एक यो जिल्लामा दुईवटा निर्वाचन क्षेत्र छन्। दुवै निर्वाचन क्षेत्रमा प्रमुख प्रतिस्पर्धी दलका उम्मेदवार र तिनका कार्यकर्ता निर्वाचन कार्यक्रम लिएर गाउँ-गाउँमा पुगेका छन्। यो जिल्लामा कांग्रेस, एमाले र माओवादीसँगै मोहनविक्रम समूहको राष्ट्रिय जनमोर्चा (राजमो) पनि निर्णायक मत भएको पार्टी मानिन्छ।

८८ हजार मतदाता रहेको अर्घाखाँची क्षेत्र नम्बर १ मा कांग्रेस, एमाले, माओवादी र राष्ट्रिय जनमोर्चाबीच प्रतिस्पर्धा हुने देखिन्छ। यहाँ माओवादीबाट केन्द्रीय सचिवालय सदस्य टोपबहादुर रायमाझी, एमालेबाट जिल्ला सचिव चेतनारायण आचार्य, कांग्रेसबाट पूर्व राज्यमन्त्री मानबहादुर विक तथा राजमोबाट पार्टी महासचिव एवं सांसद डिलाराम आचार्य निर्वाचन भिडन्तमा छन्। २०५६ को निर्वाचनमा एमालेसँग मिलेर निर्वाचन जितेका राजमो उम्मेदवार आचार्य यसपटक एमालेसँग तालमेल नभएकाले प्रतिस्पर्धामा अन्य ३ जनाभन्दा पछि रहेको जानकारहरू बताउँछन्। १९ गाविस रहेको यो क्षेत्रमा माओवादीको राम्रो जनाधार छ।

युद्धकालमा पनि जनताले साथ दिएकाले यहाँसम्म आइपुगेको बताउँदै माओवादीका उम्मेदवार रायमाझी आफू विजयी हुनेमा ढुक्क भएको दाबी गर्छन्। रायमाझी भन्छन्- सबै गाविसमा माओवादीको लहर छ। जनताले अरू दललाई पटक-पटक हेर्‍यौं, एकपटक माओवादीलाई हेरौं भनेर मत दिन निर्वाचन पर्खेर बसेको उनले बताए। उता पूर्वमन्त्रीसमेत रहेका कांग्रेस उम्मेदवार मानबहादुर विक माओवादी र एमालेबीच मत विभाजन हुँदा आफूले जित्ने बताउँछन्।

६ वटा निर्वाचन क्षेत्र कायम गरिएको नवलपरासीमा नेपाली कांग्रेस, एमाले, माओवादी र तराई मधेस लोकतान्त्रिक पार्टीका उम्मेदवारबीच प्रतिस्पर्धा हुँदैछ। जिल्लाको पूर्वी क्षेत्रका पहाडीसहित १२ गाविसका ७६ हजार ९८ मतदाता रहेको क्षेत्र नम्बर- १ मा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सशांक कोइराला, एमालेकी देउकला बराल र माओवादीका ठाकुर चापागाईं बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ।

यो क्षेत्र कांग्रेसको पुरानो पकड क्षेत्र मानिन्छ तर पछिल्लो समयमा यहाँ माओवादीको पक्षमा समेत उल्लेख्य जनाधार भएकाले एमालेका बरालभन्दा माओवादीका चापागाईं र कोइरालाबीच मुख्य प्रतिस्पर्धा हुने एकथरीको भनाइ छ। २०५६ सालको निर्वाचनमा कांग्रेसले एमालेलाई ८ हजार मतले हराएको अवस्था र माओवादीको दरिलो उपस्थितिले कांग्रेसका कोइरालाको जित सहज भएको धेरैको विश्लेषण छ।

७० हजार ५ सय ६५ मतदाता रहेको क्षेत्र नम्बर- २ मा भने कांग्रेसका महेन्द्रध्वज जीसी र एमालेका जीवनकुमार श्रेष्ठबीच प्रतिस्पर्धा हुने देखिन्छ। माओवादी उम्मेदवार मोती रिजाल भने उनीहरूभन्दा धेरै पछि छन्। १४ गाविस समेटिएको यो क्षेत्रमा एमाले २०५६ को निर्वाचनमा कांग्रेसलाई १ हजारभन्दा कम मतले मात्र जितेको थियो। यसपटक पहाडी गाविसमा माओवादीको पक्षमा उल्लेख्य मतदाता रहेकाले रिजालले एमालेकै प्रसस्त भोट काट्ने हुँदा यहाँ पनि परिणाम कांग्रेसकै पक्षमा जानसक्ने देखिन्छ।

७९ हजार ५ सय ५५ मतदाता रहेको क्षेत्र नम्बर- ३ मा एमालेका कृष्ण पौडेल, कांग्रेसकी ओमकला गौतम र माओवादीका सीता पौडेल प्रतिस्पर्धामा छन्। एमालेका पक्षमा एकलौटी रूपमा १० हजार बढी मत खस्ने माकर जस्ता गाविसका कारण यहाँ एमाले उम्मेदवार कृष्ण पौडेलको स्थिति मजबुत मानिन्छ। १४ गाविस रहेको यो क्षेत्रमा माओवादीको पक्षमा पनि राम्रै मत खस्न सक्ने हुँदा निर्वाचन परिणाम कसको पक्षमा जाने हो ठोकुवा गरेर भन्न सकिँदैन।

७१ हजार २५ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर ४ को अवस्था अलि फरक छ। यहाँ कांग्रेसका सञ्जय यादव, एमालेका बैजनाथ चौधरी, राप्रपाका ध्रुवबहादुर प्रधान र माओवादीका चिनक कुर्मीबीच प्रतिस्पर्धा हुँदैछ। यहाँ चारैजना उम्मेदवारहरूको सक्रियता र व्यक्तित्वको प्रभाव उत्तिकै मानिन्छन्। यो क्षेत्रमा विगतका गाविसहरू अर्कै क्षेत्रमा परेकाले कसको जित हुने हो यसै भन्न सक्ने अवस्था छैन।

६७ हजार ८ सय ५७ मतदाता रहेको नवलपरासीको क्षेत्र नम्बर ५ मा कांग्रेसका देवेन्द्रराज कँडेल र एमालेका रामलखन हरिजनबीच मुख्य प्रतिस्पर्धा हुँदैछ। यो क्षेत्रमा मधेसी दलितहरूको बाहुल्यता छ। यो क्षेत्रमा माओवादीले पनि एमालेले जस्तै दलित राजु हरिजनलाई उम्मेदवार बनाएकाले दलितहरूको मत बाँडिने पक्का छ। त्यसमाथि मुन्ना भाइको उपनामले चिनिने कांग्रेस उम्मेदवार कँडेलको यो क्षेत्रमा पहिलेदेखि नै बलियो पकड रहेकाले कँडेलकै पल्ला भारी रहेको मान्न सकिन्छ।

६० हजार ८ सय ९१ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर- ६ मा भने सद्भावना छोडेर नवगठित तराई-मधेस लोकतान्त्रिक पार्टी गठन गरेका पूर्वमन्त्री र सांसद हृदयेश त्रिपाठी प्रतिस्पर्धामा अगाडि मानिन्छन्। यहाँ कांग्रेसका देवकरण जयसवाल, एमालेकी राधिका शर्मा र माओवादीका रोहित साहनी प्रतिस्पर्धी उम्मेदवार भए पनि मुख्य प्रतिस्पर्धा भने तमलोपाका त्रिपाठी र कांग्रेसका जयसवालबीच नै हुने देखिन्छ। मधेसी समुदायकै वाहुल्यताका गाविस रहेको यो क्षेत्रमा अन्य दलका उम्मेदवारकोभन्दा तमलोपाका त्रिपाठीको व्यक्तित्व प्रभावशाली भएकाले उनको जित सुनिश्चित जस्तै भएको विश्लेषकहरूको बताउँछन्।

मोइद खाँको हत्यासँगै भएको हिंसात्मक घटनाले लामो समय राजनैतिक गतिविधि शून्य भएको कपिलवस्तु संयुक्त मधेसी मोर्चासँग सरकारको पछिल्लो सहमतिपछि विस्तारै संविधानसभामय भएको छ। ५ वटा निर्वाचन क्षेत्र कायम भएको कपिलवस्तुमा नेपाली कांग्रेस, एमाले, माओवादी र तमलोपाबीच मुख्य प्रतिस्पर्धा हुने बताइन्छ।

७५ हजार ४ सय ४८ मतदाता रहेको क्षेत्र नम्बर- १ मा नेपाली कांग्रेसका दीपकुमार उपाध्याय र एमालेका बलराम अधिकारीबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। १३ गाविस समेटिएको यो क्षेत्रमा पूर्वमन्त्रीसमेत रहेका प्रभावशाली कांग्रेस नेता उपाध्याय व्यक्तित्वको हिसाबले पनि एमालेका जिल्ला सचिव अधिकारीभन्दा अगाडि छन्। माओवादीका नेत्रबहादुर चन्द तेस्रो स्थानमा भए पनि उनको पक्षमा उल्लेख्य मत खस्ने देखिन्छ। माओवादीका चन्दकै उपस्थितिले उपाध्यायको जित सहज हुने धेरैको विश्लेषण छ।

६९ हजार ९ सय ८५ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर- २ मा कांग्रेस, एमाले, माओवादी र तमलोपाका उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिन्छ। यादव समुदायको बाहुल्य रहेको यहाँ एमालेका सहसराम यादव, कांग्रेसका अख्तर कमाल, माओवादीका रामलोटन तिवारी, तमलोपाका दानबहादुर चौधरी भिड्दैछन्। एमालेका तर्फबाट निर्वाचन लडेर अघिल्लो निर्वाचनमा सांसद बनेका यस क्षेत्रका प्रभावशाली व्यक्ति दानबहादुर चौधरी हालैमात्र तमलोपा प्रवेश गरी उम्मेदवार बनेपछि एमालेको अवस्था यहाँ धेरै खस्किएको छ। पूर्व-जनसरकार प्रमुख एवं अन्तरिम विधायक रामलोटन तिवारी यहाँ निकै सशक्त उम्मेदवार मानिन्छन्। त्यसैले यो क्षेत्रमा कांग्रेसका कमाल र तिवारीबीच कडा प्रतिस्पर्धा हुनसक्छ। २० हजारभन्दा बढी यादव जाति रहेको यो क्षेत्रमा १६ गाविस छन्।

६८ हजार ४ सय १६ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर- ३ मा भने राप्रपाबाट तमलोपामा प्रवेश गरेका वृजेशकुमार गुप्ता कांग्रेस, एमाले र माओवादी उम्मेदवारभन्दा केही अगाडि रहेको मानिन्छ। मधेसी समुदायकै बाहुल्यता रहेको यो क्षेत्रमा कांग्रेसका सुधाकर पाण्डे, माओवादीका मेघराज ज्ञवाली र एमालेका आजाद दर्जी प्रतिस्पर्धामा छन्। यो क्षेत्रमा २०५६ को निर्वाचनमा कांग्रेसका उम्मेदवारलाई ६ हजारभन्दा बढी मतले हराएका वृजेशकुमार गुप्ताले मधेसीहरूको अधिकांश मत पाउने अवस्था छ। व्यक्तित्वका हिसावले माओवादीका ज्ञवालीले पनि कांग्रेस र एमालेकै हाराहारीमा मत पाउन सक्ने हुँदा पनि गुप्ताको जित निश्चित जस्तै मान्न सकिन्छ।

६६ हजार ९ सय ७८ मतदाता रहेको क्षेत्र नम्बर- ४ मा कांग्रेसका वीरेन्द्र कनौडिया, एमालेका नेत्र अधिकारी, माओवादीका इलियास मुसलमान, तमलोपाका वीरेन्द्र मिश्रा र फोरमका अकबाल साह प्रतिस्पर्धी उम्मेदवार मानिन्छन्। १७ गाविस रहेको यो क्षेत्रमा निर्वाचन परिणाम कसको पक्षमा जान्छ भन्न सक्ने अवस्था छैन। कांग्रेसबाट लगातार निर्वाचन जित्दै आएका विष्णु आचार्यले यसपटक टिकट नपाएर असन्तुष्ट बनेपछि अघिल्लो निर्वाचनमा विपक्षीलाई ४ हजार मतले जितेका कनौडियालाई निकै अप्ठेरो परेको छ। यहाँ पनि माओवादीका उम्मेदवार एवं अन्तरिम विधायक इलियास मुसलमानको स्थिति राम्रै मानिन्छ। उता शाही शासनकालमा माओवादी प्रतिकार समितिमा सक्रिय तमलोपाका वीरेन्द्र मिश्रा र फोरमका अकबल साहबीच तालमेल भएन भने माओवादीलाई चिठ्ठा पर्नसक्ने एकथरीको अनुमान छ।

५८ हजार १ सय २४ मतदाता रहेको जिल्लाको क्षेत्र नम्बर- ५ मा कांग्रेसका रुद्रप्रताप शाह र मधेसी जनअधिकार फोरमका अभयप्रताप शाहबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। शाहहरूको बलियो प्रभाव रहेको यो क्षेत्रमा एमालेबाट सखर अलि मिया, माओवादीबाट उमा विक र तमलोपाबाट डा. मञ्जुर अहमद खाँ प्रतिस्पर्धामा उत्रिए पनि उनीहरू शाहद्वयभन्दा पछाडि नै रहन सक्छन्। १६ गाविस रहेको यो क्षेत्रमा विगतका निर्वाचन हाल फोरममा प्रवेश गरेका अभयप्रताप शाहका बुवा अजयप्रताप र त्यसअघि उनका बुवा राघवेन्द्रप्रताप शाहले जित्दै आएका थिए।


## जन्मदिनको शुभकामना


विशेष डिसामगर
२०६३ चैत २२


सौरभध्वज थापा
२०५८ चैत २३


रोमन राजथला
२०६३ चैत २४


ओश्मा तण्डुकार
२०५९ चैत २६


युनिक भण्डारी
२०६३ चैत २७


अंशु वस्ताकोटी
२०६३ चैत २८


रेविल लालचन
२०६३ चैत २२


दिनेश ताम्राकार
२०५८ चैत २५


शिरिषा थापा
२०६० चैत २५


आगव ओभा
२०६१ चैत २२

## जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :..............................................

स्कुल :.........................................

ठेगाना : .........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# नुवाकोटमा त्रिपक्षीय भिडन्त

**नवदीप अजनवी**

नुवाकोट– बुङताङकी ज्ञानुमाया तामाङलाई गाउँमा हुन थालेका सभाहरूले उत्साहित बनाएको छ। अब त निर्वाचन हुने भएछ, सामान्य गृहणी ज्ञानुले भनिन्- गाउँमा नेता-कार्यकर्ताको भीड लाग्न थालेको छ। संविधानसभासम्बन्धी केही नजाने पनि उनलाई यो निर्वाचनले देशमा नयाँ संविधान बनाई शान्ति ल्याउँछ भन्नेचाहिँ थाहा छ।

ज्ञानु मात्र होइन संविधानसभा निर्वाचनको प्रचार प्रसार गर्ने क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता ग्रामीण भेकमा उक्लिन थालेपछि गाउँलेहरू दङ्ग परेका छन्। लामो अन्तरालपछि दलका नेता-कार्यकर्ता जनताको घर-दैलोमा पुगेकाले पनि उनीहरू उत्साहित भएका हुन्। अचानक केही घटना भयो भने बेग्लै नत्र निर्वाचन पक्का छ, त्यसैले पनि जनताको मुहारमा खुसी छाएको शिक्षिका भवानी अधिकारीको ठम्याइ छ।

तीनवटा निर्वाचनक्षेत्र रहेको नुवाकोटमा दलका नेता, कार्यकर्ताहरू नयाँ नेपाल निर्माणका लागि मूल कानुन बनाउने निर्वाचनमा आ-आफ्नो पक्षमा मत माग्न लागेका छन्। ग्रामीण भेकमा चुनावी रौनक छाएको देखिन्छ। निर्वाचनसम्बन्धी सभा बिनाअवरोध सञ्चालन गर्न कार्यक्रम नजुधाउने सर्वपक्षीय सहमति भएको छ। नेपाली कांग्रेस, राप्रपा, राप्रपा नेपाल आदि दलबीच माओवादीले सभा बिथोल्ने हुन् कि भन्ने शंका अझै निवारण हुन सकेको छैन तर माओवादीले कसैको सभा नबिथोल्ने प्रतिबद्धता जाहेर गरेको छ।

तीनवटा क्षेत्रमा १३ वटा दलका ३५ र ७ स्वतन्त्र सहित ४२ उम्मेदवार मैदानमा छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी), नेमकिपा, नेपाल समाजवादी जनता पार्टी, नेकपा (माले), राप्रपा, राप्रपा नेपाल, राजपा, जनमोर्चा नेपाल, नेपाल समता पार्टी, नेकपा (एकीकृत), संघीय लोकतान्त्रिक मञ्चका उम्मेदवारहरू यहाँ प्रतिस्पर्धा गर्दैछन्।

मनोनयन दर्ता गराउने दलको संख्या दर्जन नाघे पनि मुख्य प्रतिस्पर्धा भने तीन दलबीच देखिन्छ। नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी) नै अहिलेका निकटस्थ प्रतिद्वन्द्वी हुन्। जिल्लामा त्रिपक्षीय भिडन्त हुने ठोकुवा गर्छन् त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघका जिल्ला सभापति सुरेन्द्रराज अधिकारी। अधिकारी भन्छन्- एमाले र कांग्रेस पुरानै ठूला प्रतिस्पर्धी हुन्। लामो जनयुद्धपछि निर्वाचनमा आएको माओवादीलाई पनि कम आँक्न मिल्दैन।

एमाले, कांग्रेस र माओवादीका ठूला भनिएका नेताहरू प्रतिस्पर्धामा छन्। राष्ट्रिय राजनीतिमा सधैं अगाडि देखिने यी नेताहरूमध्ये कसलाई जिताउने, कसलाई हराउने भन्ने निर्णय गर्ने अधिकार नुवाकोटे जनताको हातमा छ। कांग्रेस सहमहामन्त्री एवं प्रवक्ता अर्जुननरसिंह केसी क्षेत्र नम्बर-१ बाट उठेका छन्। २ पटक ३ नम्बरबाट जितेका केसी पछिल्लो निर्वाचनमा पराजय बेहोरेपछि १ नम्बरतिर हान्निएका हुन्। उनको अगाडि उभिएका छन् एमालेका राजेन्द्रप्रसाद लोहनी र माओवादीकी उम्मेदवार विमला सुवेदी। राजपा सहअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीको राम्रो गढ मानिएको १ नम्बरमा उनी नउठेपछि मुख्य प्रतिस्पर्धा यिनै तीन जनाबीच हुनेछ।

क्षेत्र नम्बर-२ मा अर्थमन्त्री डा. रामशरण महत भिडेका छन्। यही क्षेत्रबाट जितेर अर्थमन्त्री बनेका डा. महतले पदमा रहँदा यहाँ राम्रै लगानी गरेका छन्। आफ्नो भोट बैंक सुरक्षित गर्न सरकारी योजना यही क्षेत्रमा खन्याउने गरेको आरोप पनि उनीमाथि लाग्ने गरेको छ। उनको प्रतिस्पर्धामा एमालेकी विन्दा ढुङ्गाना तथा माओवादीका हितबहादुर तामाङ उभिएका छन्। तामाङ र ढुङ्गाना दुवै नयाँ उम्मेदवार हुन्। डा. महतको तुलनामा दुवै उम्मेदवार कमजोर रहेको बताइन्छ।

क्षेत्र नम्बर- ३ मा एमाले संसदीय दलका प्रमुख सचेतक महेन्द्रबहादुर पाण्डे, माओवादीका पोलिटब्युरो सदस्य पोष्टबहादुर बोगटी (दिवाकर) तथा कांग्रेसका बहादुरसिं लामाबीच त्रिपक्षीय भिडन्त हुँदैछ। पाण्डेलाई २०५६ को निर्वाचनमा जनताले यहीँबाट जिताएर पठाएका हुन्। बोगटी र लामा नयाँ उम्मेदवार हुन्। एमाले र कांग्रेसको गढमा आएर माओवादीका ठूला नेताभित्र पर्ने बोगटी आएर भिडेका छन्। वाम आन्दोलनका अभियन्ता बोगटी दस वर्ष भूमिगत रहेर जनयुद्धको कमान्डिङ गरेका तथा राजनीतिका लागि सबैथोक त्यागेका नेता मानिन्छन्। उनका लागि यो निर्वाचन अग्निपरीक्षा बनेको छ। कांग्रेसले लामालाई तामाङ बेल्टले धोका नदिने आशा छ भने एमालेका पाण्डे पुरानो भोट नडग्मगाएको विश्वासका साथ मैदानमा छन्।

६१ गाउँ विकास समिति र एक नगरपालिका रहेको नुवाकोट बजार क्षेत्रमा भन्दा ग्रामीण भेकमा निर्वाचनको चहलपहल बढेको छ। २०५६ सालको आम निर्वाचनमा दुईवटामा एमाले र एउटा क्षेत्रमा कांग्रेस विजयी भएका थिए। पछिल्लो स्थानीय निर्वाचनमा अधिकांश गाविसमा पकड जमाएको र पछिल्लो संसदीय चुनावमा दुई क्षेत्र कब्जा गर्न सफल एमाले आफूलाई कमजोर मान्दैन। 'सामन्तवादको समूल नष्ट र राजतन्त्रको बिदाइ गर्न हामीलाई नै पठाउँछन्' एमाले क्षेत्र नम्बर-३ का इन्चार्ज नारायणप्रसाद खतिवडा भन्छन्- 'हाम्रा नेता, कार्यकर्ता दिलोज्यानले निर्वाचन अभियानमा जुटेका छन्।'

देशको भविष्य निर्धारण गर्ने निर्वाचन भएकाले जनताले कांग्रेसको साथ दिने सभापति ध्रुव अधिकारीको भनाइ छ। एमाले तथा माओवादीको तानातानमा परिणाम कांग्रेसको पोल्टामा पर्नेमा ढुक्क हुनेहरू पनि धेरै छन्। यता माओवादी पनि 'बुथ-बुथमा दुई सय युथ' भन्दै खटिएको छ। 'जनताको आकर्षणको केन्द्र माओवादी बनेको छ' गणतन्त्रको उभार ल्याउन माओवादीकै भूमिका प्रमुख भएको दावी गर्ने जिल्ला सचिव हीरानाथ खतिवडा भन्छन्- 'दस वर्ष जनयुद्ध गरेको दललाई जनताले बिर्सँदैनन्।'

मुख्य प्रतिस्पर्धी भनिएका तीनवटा दलको त्रिपक्षीय भिडन्त हुने निश्चित देखिए पनि अन्य साना राजनैतिक दलले पनि हरेस भने खाएका छैनन्। उनीहरू पनि जित्ने आत्मविश्वासका साथ जनताको घरदैलोमा पुगिरहेका छन्। ठूला भनाउँदा दलहरूको खिचातानीबाट दिक्क भएका जनताले कतै यिनीहरूलाई त पत्याउँदैनन्? परिणाम हेर्न भने निर्वाचनसम्मै कुर्नुपर्ला।

### एकै गाविसका चार उम्मेदवार

संविधानसभा निर्वाचनका लागि उम्मेदवारी दिएकामध्ये चारजना एउटै गाविसका छन्। एमालेकी विन्दा ढुङ्गाना, माओवादीकी विमला सुवेदी, राजपाका अणबहादुर प्याकुरेल तथा नेकपा एकीकृतका हितबहादुर प्याकुरेल बागेश्वरी गाविसका हुन्। ढुङ्गाना र सुवेदी भने एउटै वडा र टोलका हुन् भने अणबहादुर र हितबहादुर सहोदर दाजुभाइ हुन्।

### घरदैलोमा निम्तोपत्र

निम्तो त विवाह र व्रतबन्धको पो आउँथ्यो तर यसपाली त भोट हाल्नसमेत निम्तो आयो गाँठ्ठे' यो भनाइ हो पीपलटारका सन्तबहादुर कुमाल (वर्ष ६१) को। निर्वाचन आयोगको निम्तो पाउने धेरैले यही भनाइ दोहोऱ्याए। देशको संविधान निर्माण गर्ने प्रतिनिधि चुन्न कोही नछुटुन् भनेर हरेक घरमूलीको नाममा निम्तोपत्र बाँड्न स्वयंसेवकहरू यहाँ पनि गाउँ-गाउँ खटिएका छन्। आफ्नो नाम लेखिएको कार्ड पाउँदा सर्वसाधारण जनता दङ्ग, फुरुङ्ग एकैचोटी भएको बालकुमारीकी मतशिक्षा स्वयंसेवीका कल्पना थापाले बताइन्। नुवाकोटमा निम्तोपत्र बाँड्न १ सय २५ जना स्वयंसेवीहरू खटिएका छन्। उनीहरूले संविधानसभा भनेको के हो, यसको महत्त्व, भोट कसरी हाल्ने भनेर जनतालाई सिकाइरहेका छन्। २ लाख ४७ हजार मतदाता रहेको नुवाकोटमा २ सय ७५ मतदान केन्द्रमा १ हजार ६ सय ५० कर्मचारी खटाइने जिल्ला निर्विाचन कार्यालयले जनाएको छ।

# इलाममा संविधानसभाको रौनक

**शिव मुखिया**

इलाम– टेलिभिजनको स्क्रिन तथा पत्रपत्रिकामा मात्र देखिने अनुहारहरू गाउँभरि छ्याप्छ्याप्ती भेटिँदा इलाममा पनि निर्वाचनको वातावरण बढ्दै गएको देखिन्छ। केन्द्रीय तहका प्रभावशाली नेताहरू अहिले सर्वसाधरणको घरदैलो कार्यक्रममा व्यस्त छन्। संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा सर्वसाधारणबीच पनि यसको बहस चर्कंदै गएको छ। ०५६ को संसदीय निर्वाचनको तुलनामा इलाममा दोब्बर दलका उम्मेदवारले संविधानसभा निर्वाचनका लागि आफ्नो मनोनयन दर्ता गराएका छन्। यसरी मनोनयन दर्ता गराउनेमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), नेकपा (एकीकृत), नेकपा (संयुक्त मार्क्सवादी), जनमोर्चा नेपाल, राप्रपा (पशुपतिशमसेर) तथा मंगोल नेसनल अर्गनाइजेसनका साथै तीन जना स्वतन्त्र पनि छन्।

इलाममा विगतको संसदीय निर्वाचनकै तीन क्षेत्र यसपालि पनि कायम छ। यी तीन क्षेत्रमा कुल २ लाख, १२ हजार, ५५ मतदाता छन्, जसमध्ये २ हजार ८ सय १० अस्थायी मतदाता छन्। यसैगरी पुरुष मतदाताको संख्या १ लाख ७ हजार ३ सय ९७ छ भने महिला मतदाता संख्या १ लाख ४६ सय ५८ छ।

क्षेत्र नम्बर-१ बाट ७२ हजार ९ सय १९, क्षेत्र नम्बर २ बाट ७१ हजार ८ सय ३६ र क्षेत्र नम्बर ३ बाट ६७ हजार २ सय ९९ सयले मतदान गर्नेछन्। जिल्ला निर्वाचन आयोगका अनुसार तीनै क्षेत्रमा जम्मा २ सय ५२ मतदान केन्द्र रहनेछन्।

जिल्लाको तीनै क्षेत्रमा मुलुकका दुई प्रमुख पार्टी नेपाली कांग्रेस र नेकपा (एमाले) को पकड मजबुत छ। क्षेत्र नम्बर-२ बाट उम्मेदवारी दर्ता गराएका नेकपा (एमाले)का सभामुख सुभाष नेम्वाङ तथा नेपाली कांग्रेसका जिल्ला सभापति केशव थापाबीच कडा प्रतिस्पर्धा हुने विश्लेषकहरूको ठहर छ। सभामुख नेम्वाङ तथा कांग्रेसका जिल्ला सभापति थापा दुवै जनताले रुचाएका उम्मेरदवार हुन्। क्षेत्र नम्बर-१ बाट उम्मेदवारी दिएका एमाले स्थायी समिति सदस्य झलनाथ खनाल केन्द्रीय तहमा प्रभावशाली मानिए पनि जनतासँगको निकट सम्बन्ध बेनुप प्रसाईको रहेको बताइन्छ।

स्थानीय सर्वसाधारणबीच बढी हेलमेल भएका कारण पनि क्षेत्र नम्बर १ मा बेनुप प्रसाईंको सम्भावना बलियो छ। यसैगरी नगरपालिकासमेत रहेको क्षेत्र नम्बर- ३ बाट उम्मेदवारी दिएका नेपाली कांग्रेसका महामन्त्री के.बी. गुरुङ तथा नेकपा (एमाले) का धर्म उप्रेतीपीच नै प्रतिस्पर्धा हुने देखिए पनि दुवै स्थानीय बासिन्दाबीच लोकप्रिय छैनन्। राजाका पक्षमा बोल्दै आएका के.बी. गुरुङप्रति जनता खासै विश्वस्त हुन सकिरहेका छैनन् भने धर्म उप्रेती जिल्लामा प्रभावहीन देखिएका छन्।

यता मंगोल नेसनल अर्गनाइजेसनका केन्द्रीय अध्यक्ष गोपाल गुरुङ, माओवादीको सोममाया राई नयाँ अनुहार भए पनि कतिपय ठाउँमा उनीहरूलाई बढी रुचाइएको छ। राजा वीरेन्द्रको पालादेखि नै गणतन्त्रको पक्षमा बहस गर्दै आएका गोपाल गुरुङले बाहुनविरोधी भाषण दिएका कारण साम्प्रादायिक नेताका रूपमा आफ्नो छवि बिगारेका छन्।

निर्वाचनका लागि मनोनयन दर्ता गराउनेमा नेकपा (माओवादी) का सूर्यबाला राई १, हर्क लावती २ तथा सोममाया राई ३ नम्बरमा छन्। माओवादीकै उर्मिला तामाङले १, नरेन्द्र जबेगूले २ र राजेन राईले ३ मा स्वतन्त्र उम्मेदवारका रूपमा मनोनयन दर्ता गराएका छन्। संगठनको निर्णयबमोजिम तीनवटै क्षेत्र सुरक्षित गर्न स्वतन्त्र उम्मेदवारी दिइएको माओवादीले जनाएको छ। यसैगरी नेकपा (एकीकृत)का गगन पुरीले १ र २ मा तथा रुद्र साम्पाङले ३ नम्बरमा मनोनयन दर्ता गराएका छन्।

नेकपा (संयुक्त मार्क्सवादी)का महासचिव लोकनारायण सुवेदीले १, पञ्चनारायण लिम्बूले २ तथा भूमि ढुंगानाले ३ नम्बरमा मनोनयन दर्ता गराएका छन्। जनमोर्चा नेपालका तर्फबाट गोपाल शुभेच्छुले १, सन्तोष शिवाले २ तथा गमबहादुर लम्जेलले ३ नम्बर क्षेत्रका लागि मनोनयन दर्ता गरेका छन्।

राप्रपाका लीलादेवी श्रेष्ठले १, दिलबहादुर लिम्बूले २ तथा दिलबहादुर गुरुङले ३ नम्बर क्षेत्रमा मनोनयन दर्ता गराएका छन्। मंगोल नेसनल अर्गनाइजेसनका तर्फबाट मनोनयन पत्र दर्ता गराउनेमा १ नम्बरबाट दिलीप राई, २ बाट गणेश राई तथा ३ नम्बरबाट केन्द्रीय अध्यक्ष गोपाल गुरुङ छन्।

# राजनीतिको उर्बरभूमि मोरङ

**कमल रिमाल**

विराटनगर- देशको दोस्रो ठूलो सहर विराटनगरसहितको मोरङ जिल्लामा संविधानसभा निर्वाचन अन्यत्रभन्दा बढी तातेको छ। राजनीतिको केन्द्र मानिने ६५ गाविस र १ उपमहानगरपालिका रहेको मोरङमा २ वटा निर्वाचन क्षेत्र थप गरी ९ वटा बनाइएको छ। ९ वटा निर्वाचन क्षेत्रबाट साना-ठूला गरी १६ वटा राजनैतिक दल तथा गायक श्रीकृष्ण लुइँटेल तथा सडक विभागका मजदुर भक्तमणि दाहालसहित १८ जना स्वतन्त्र गरी १ सय ३९ जनाले उम्मेदवारी दिएका छन्।

साना-ठूला राजनैतिक दलका नेताहरू अहिले जनताको घरदैलोमा भोट माग्न व्यस्त छन्। विभिन्न दलले आ-आफ्नै तरिका अपनाएर मतदाताहरूलाई प्रभावित पार्न खोजिरहेका छन्। निर्वाचनको वातावरण तात्दै गएपछि राजनैतिक दलका नेताहरू गाउँ पस्न थालेका छन्। केही दिनअघिसम्म विराटनगर क्षेत्रमा मात्र सीमित रहेको निर्वाचन प्रचार कार्यक्रम गाउँ लगिएपछि निर्वाचनको वातावरण बन्दै गएको देखिएको छ। मोरङमा ठूला तीन दल नेपाली कांग्रेस, नेकपा एमाले तथा माओवादीबीच प्रतिस्पर्धा हुने देखिएको छ।

यसअघिको आमनिर्वाचनमा मोरङ क्षेत्र नम्बर-१ मा निर्वाचित भएका गिरिजाप्रसाद कोइरालाले राजीनामा दिएपछि दोस्रो निर्वाचनबाट विजयी हुने नेपाली कांग्रेसका आमोदप्रसाद उपाध्यायले यस पटक पनि सोही क्षेत्रबाट उम्मेदवारी दिएका छन्। उपाध्यायसँग एमालेका गंगादेवी डाँगी तथा माओवादीकी शान्तामाया राईले प्रतिस्पर्धा गर्दै छन्। क्षेत्र नम्बर-१ मा स्वतन्त्र तीन जना दुर्गानन्द यादव, खेमराज प्रधान र किशनलाल हाँस्दासहित १९ जना उम्मेदवार छन्।

क्षेत्र नम्बर-२ बाट अघिल्लो निर्वाचनमा विजयी हुने एमालेका भरतमोहन अधिकारीको प्रतिस्पर्धा कांग्रेसका वसन्त भट्टराई र माओवादीका लालबहादुर मगरसँग हुँदैछ। क्षेत्र नम्बर-२ मा ९ जना उम्मेदवार छन्। एमालेका लालबाबु पण्डितले जितेको क्षेत्र नम्बर- ३ मा यस पटक एमालेका नरेश पोखेल, कांग्रेसका सत्यनारायण भगत तथा माओवादीकी सावित्रीकुमार काफ्लेबीच मुख्य प्रतिस्पर्धा हुने भएको छ।

एमालेकै हर्कमान तामाङ विजयी भएको मोरङको क्षेत्र नम्बर-४ मा यस पटक एमालेका ज्ञानेश्वर राजवंशी, कांग्रेसका गयानन्द मण्डल तथा माओवादीका शिवकुमार मण्डलबीच प्रतिस्पर्धा हुँदैछ। उक्त क्षेत्रमा १८ जना उम्मेदवार छन्। कांग्रेसका महेश आचार्य निर्वाचित भएको मोरङ क्षेत्र नम्बर- ५ मा यस पटक कांग्रेसका अमृत अर्याल उठेका छन्। उनीसँग एमालेका मीनादेवी यादव, माओवादीका राजेन्द्रप्रसाद गुप्ता तथा मधेसी जनअधिकार फोरमका उपेन्द्र यादवको प्रतिस्पर्धा हुने भएको छ। उक्त क्षेत्रमा ४ जना स्वतन्त्रसहित १७ जना उम्मेदवार छन्।

यसअघि ५ नम्बर क्षेत्रबाट विजयी हुने आचार्य यस पटक कांग्रेसकै हरिनारायण चौधरी विजयी भएको ६ नम्बर क्षेत्रबाट उठेका छन्। कांग्रेसका आचार्यसँग एमालेका महेश रेग्मी र माओवादीका हीरालाल चौधरीले भिडन्त गर्दै छन्। यो क्षेत्रमा सबैभन्दा बढी स्वतन्त्र ८ जनासहित २४ जना उम्मेदवार छन्। बद्रीप्रसाद मण्डल विजयी भएको क्षेत्र नम्बर ७ मा कांग्रेसका डा. शेखर कोइराला, एमालेका सत्यनारायण चौधरी, माओवादीका शान्तिकुमारी मोदी तथा फोरमका विजयकुमार गच्छादारबीच मुख्य प्रतिस्पर्धा हुँदैछ। यो क्षेत्रमा १३ जना उम्मेदवार छन्।

यस वर्ष थपिएका दुईमध्ये क्षेत्र नम्बर- ८ मा एमालेका गुरु बराल, कांग्रेसका अशोक कोइराला र माओवादीका गोपीबहादुर सार्कीबीच प्रतिस्पर्धा हुने भएको छ। ८ नम्बर क्षेत्रमा गायक श्रीकृष्ण लुइँटेल एक मात्र स्वतन्त्रसहित १२ जना उम्मेदवार छन्। ९ नम्बर क्षेत्रमा भने कांग्रेसका डिगबहादुर लिम्बू, एमालेका भुवनसिंह राई र माओवादीका नगेन्द्रबहादुर धिमालबीच प्रतिस्पर्धा हुने देखिएको छ। यो क्षेत्रमा स्वतन्त्र मानबहादुर ढुङ्गानासहित ११ जना उम्मेदवार छन्।

मोरङमा ११ जना मात्र महिला उम्मेदवार छन्। ठूला दलले समेत ३३ प्रतिशत महिला उम्मेदवार उठाएका छैनन्। ६ लाख ४८ हजार ८ सय ९४ मतदाता संख्या रहेको मोरङलाई राजनीतिको उर्बर भूमि मानिन्छ। निर्वाचन आयोगले मोरङका २ सय ६८ स्थानमा ७ सय २६ स्थायी र ५ अस्थायी गरी ७ सय ३१ मतदान केन्द्र तोकेको छ। मोरङमा निर्वाचनका लागि ७ सय ३१ मतदान अधिकृत, त्यति नै सहायक मतदान अधिकृत र पियन गरि ४ हजार ३ सय ७४ कर्मचारी, १ हजार ३ सय ४३ नेपाल प्रहरी तथा १ हजार ५ सय ६ म्यादी प्रहरी, ७ सय ४० सशस्त्र प्रहरी तथा सशस्त्रको २ सय म्यादी प्रहरीसहित ८ हजार २ सय ६७ जना जनशक्ति परिचालन गरिएको छ।

# काभ्रेका गाउँ-गाउँमा पुगे उम्मेदवार

**खुमानसिं तामाङ**

काभ्रे – संविधानसभा निर्वाचनका अधिकांश उम्मेदवारलाई सहरी क्षेत्रमा भेट्न गाह्रो छ। मुख्य दलका नेताहरू अहिले चुनाव प्रचारका लागि गाउँमै छन्। दलका नेताहरू स-साना सभा र गाउँलेसँगको भेटघाटमा व्यस्त छन्। कांग्रेस, एमाले तथा माओवादीका अधिकांश नेता गाउँ छिरेका छन्। आ-आफ्नो प्रचार-प्रसारलाई पनि ती दलले तीव्र बनाएका छन्। उम्मेदवारी दर्ता गरेपछि उनीहरू झन्डै डेढ महिना लामो कार्यक्रम तय गरेर आ-आफ्ना निर्वाचनक्षेत्रमा खटिएका हुन्। जिल्लाका चारवटै क्षेत्रमा कांग्रेस, एमाले तथा माओवादीबीच मुख्य प्रतिस्पर्धा छ। एमालेले गाउँ-गाउँमा सांस्कृतिक सभालाई बढी जोड दिएको छ।

'गाउँ-गाउँमा दलका साथीहरूसँग भेटघाटमै छौं,' -क्षेत्र नम्बर- ३ का उम्मेदवार शिवप्रसाद हुमागाईंले भने- 'आमजनतासामु गैरहेका छौं।' हुमागाईं कांग्रेसका जिल्ला सभापति पनि हुन्। उनी २०५६ को संसदीय चुनावमा विजयी भएका थिए। क्षेत्र नम्बर- ३ का एमाले उम्मेदवार कृष्णप्रसाद सापकोटा पनि गाउँक्षेत्रमै छन्। उनी आफ्नो क्षेत्रको दक्षिणी भेगका सबै गाउँ पुगेर मात्र सहर फर्कने योजनामा छन्। 'गाउँका साथीहरूले तय गरेका कार्यक्रममा सरिक हुँदैछु,' उनले भने- 'जनतालाई निकै उत्साहित पायौं।'

क्षेत्र नम्बर- ३ मा माओवादीले मीना तामाङलाई उम्मेदवार बनाएको छ। उनी माओवादी जनयुद्धमा मृत्यु भएका बुद्धि तामाङकी पत्नी हुन्। माओवादीबाट विद्रोह गरेका ताम्सालिङ नेपाल राष्ट्रिय दलका कान्छामान लामा (रक्तिम) ले पनि यो क्षेत्रबाट उम्मेदवारी दिएका छन्। क्षेत्र नम्बर- १ मा पनि रक्तिमको उम्मेदवारी परेको छ। बनेपा र वरपरका गाउँहरू क्षेत्र नम्बर- ३ मा पर्छन्। यहाँ एमाले र कांग्रेसबीच मुख्य प्रतिस्पर्धा छ।

क्षेत्र नम्बर- २ मा एमालेले स्थायी समिति सदस्य केशव बडाललाई उम्मेदवार बनाएको छ। २०५१ मा उच्चस्तरीय भूमिसुधार आयोगको अध्यक्ष भएका बडाल त्यसको दुई वर्षपछि उद्योग मन्त्रीसमेत भएका थिए। क्षेत्र २ मा कांग्रेसका तीर्थ पसखल उम्मेदवार भएका छन्। कांग्रेस विभाजनपछि पसखल प्रजातान्त्रिक कांग्रेसका सभापति थिए। उनी अहिले कांग्रेसको जिल्ला सह-सभापति छन्। द्वन्द्वका क्रममा उनी माओवादी आक्रमणबाट घाइते भएका थिए। 'आस्थाका आधारमा कसैले ज्यान गुमाउनु नपरोस् भन्ने पनि मेरो चुनावको एजेन्डा हो,' -पसखलले भने। क्षेत्र नम्बर- ३ मा एमाले, कांग्रेस र माओवादी नै मुख्य प्रतिस्पर्धी हुन्।



क्षेत्र नम्बर- २ मा माओवादीका जिल्ला सेक्रेटरी अक्कलबहादुर थिङले उम्मेदवारी दिएका छन्। उनी माओवादीको एक बटालियनका सैन्य कमिसार थिए। 'जनयुद्धका बेला पार्टीको सिपाहीका रूपमा थिएँ,' उनले भने- 'तर अहिले सबै क्षेत्र, धर्म र जातिको साझा उम्मेदवारका रूपमा प्रस्तुत भएको छु।' २०४६ को जनआन्दोलनदेखि एमालेको राजनीतिमा सक्रिय थिङ २०५४ सालतिर माओवादी राजनीतिमा लागेका थिए। 'एकपटक नयाँ दललाई अवसर दिऊँ भन्ने जनताको चाहना रहेको पायौं,' -थिङले बताए।

तामाङ समुदायको बाहुल्यता रहेको क्षेत्र नम्बर- १ मा कांग्रेस, एमाले र माओवादीबीच कडा प्रतिस्पर्धा छ। कांग्रेसले मधु आचार्यलाई उम्मेदवार बनाएको छ। आचार्य प्रचारका लागि कोसीपारि क्षेत्रमा छन्। 'गाउँमा जनता भेला गराई उनीहरूको कुरा सुन्ने र आफ्नो विचार सुनाउने काम गर्दैछु,' -उनले बताए। क्षेत्र नम्बर- १ का एमाले उम्मेदवार संग्रामजित लामा भने विकट डाँडापारि क्षेत्रमा निर्वाचन अभियान सकेर रोसीक्षेत्रमा आइपुगेका छन्। लामा शिक्षण पेसा छाडेर दुई पटक एमालेबाट गाविस अध्यक्षमा निर्वाचित भएका थिए। उनी जिल्लाकमिटी सचिवालय सदस्य हुन्।

क्षेत्र नम्बर- १ मा माओवादीका तर्फबाट अन्तिरम संसद्का विधायक सूर्यमान दोङ उम्मेदवार छन्। त्यस्तै नेकपा एकीकृतका कान्छाराम लामा तथा जनमोर्चाका कमानसिंह लामाले पनि उम्मेदवारी दिएका छन्। यो क्षेत्रमा दुवै जनाको प्रभाव राम्रै छ। कमानसिंह जनमोर्चाका तर्फबाट अन्तरिम संसद्मा विधायक पनि छन्। एमालेसँगको तालमेलमा कमानसिंह एक पटक संसदीय निर्वाचनमा समेत विजयी भएका थिए।

क्षेत्र नम्बर- ४ मा एमालेका पूर्व जिल्लासचिव विदुर सापकोटाले उम्मेदवारी दिएका छन्। २०५१ देखि झन्डै १२ वर्षसम्म एमालेको जिल्लासचिव भएका सापकोटाको यो क्षेत्रमा राम्रै प्रभाव छ। यहाँ कांग्रेसले राजेन्द्र खरेललाई उम्मेदवार बनाएको छ। खरेलले पछिल्लो संसदीय निर्वाचनमा सापकोटालाई थोरै मत अन्तरले पराजित गरेका थिए। एमाले विभाजनपछि भएको निर्वाचनमा नेकपा मालेबाट राम्रो मत ल्याएका गोविन्दनाथ उप्रेतीले पनि यसै क्षेत्रबाट स्वतन्त्र उम्मेदवारी दिएका छन्। उप्रेती क्षेत्र नम्बर- १ का पनि स्वतन्त्र उम्मेदवार हुन्।

माओवादी तेजबहादुर मिजारले क्षेत्र नम्बर- ४ बाट उम्मेदवारी दिएका छन्। प्रत्यक्ष निर्वाचनमा उनी यो जिल्लाका एक मात्र दलित उम्मेदवार हुन्। मिजार माओवादीसम्बद्ध दलित मुक्ति मोर्चाको केन्द्रीय उपाध्यक्ष तथा नेवा राज्यसमिति सदस्य हुन्। क्षेत्र नम्बर- ४ मै नेकपा एकीकृतका तर्फबाट डा. भरतप्रसाद लामिछाने उम्मेदवार भएका छन्।

जिल्लाको चारवटा क्षेत्रमा १६ दल र ७ स्वतन्त्र गरी ६१ उम्मेदवार छन्। नेपाली जनता दलका भूपेन्द्र ढुंगानाले क्षेत्र नम्बर- ४ तथा उनकी पत्नी रीता ढुंगानाले क्षेत्र नम्बर- २ बाट उम्मेदवारी दिएका छन्। दुवै उक्त दलका केन्द्रीय सदस्य हुन्। त्यस्तै सप्तरी घर भएका सवारी चालक श्रवणकुमार चौधरीले पनि क्षेत्र नम्बर- ३ बाट उम्मेदवारी दिएका छन्।

# सिन्धुपाल्चोकमा चुनावी चहलपहल

तीन निर्वाचनक्षेत्रमा विभाजित सिन्धुपाल्चोकमा अहिले संविधानसभा निर्वाचनको रमझम छ। पछिल्लो संसदिय निर्वाचनमा क्षेत्र नम्बर १, २ र ३ बाट क्रमशः नेपाली कांग्रेस, एमाले तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले एक-एक सिट हात पारेको यो जिल्लामा अहिलेसम्म परिणाम कसको पक्षमा जान्छ सहज रूपमा अनुमान गरिहाल्ने अवस्था छैन।

माओवादीको उपस्थितिले निर्वाचन परिणाम अनुमान गर्न थप कठिन भएको हो। राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा तथा माओवादी केन्द्रीय सदस्य अग्नि सापकोटाको उम्मेदवारी र उनीहरूको हारजितको विषय जिल्लामा बढी चर्चा हुने गरेको छ। राणाले निर्वाचनक्षेत्र १ र ३ तथा सापकोटाले २ नम्बरमा उम्मेदवारी दिएका छन्।

नेपाली कांग्रेसका तर्फबाट क्षेत्र नम्बर १, २ र ३ मा क्रमशः मोहनबहादुर बस्नेत, भूपेन्द्रबहादुर थापा र नीमा ग्याल्जेन शेर्पाले उम्मेदवारी दिएका छन्। माओवादीका तर्फबाट १ र ३ मा राजकुमार श्रेष्ठ तथा दाबा तामाङले उम्मेदवारी दिएका छन्। एमालेका तर्फबाट क्षेत्र नम्बर १, २ र ३ मा क्रमशः अरुण नेपाल, सुभाष कर्माचार्य र शेरबहादुर तामाङले उम्मेदवारी दिएका छन्। राप्रपाले २ नम्बर क्षेत्रमा बाँडेगाउँ गाविसका पूर्व उपाध्यक्ष बाबुराम खड्कालाई उम्मेदवार बनाएको छ।

जिल्लामा जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत, नेकपा माले, राप्रपा नेपाल, मुस्कान सेना नेपाल, जनशक्ति पार्टी लगायत १७ पार्टी र स्वतन्त्रसमेत गरी ४२ जना उम्मेदवार मैदानमा छन्। यद्यपि संगठन र कार्यकर्ताको सक्रियतालाई हेर्ने हो भने मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेस, एमाले, माओवादी र राप्रपाबीच नै हुने निश्चित छ। निर्वाचनक्षेत्र नम्बर १ मा मुख्य चार दलबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। अहिलेसम्मको सांगठनिक स्थिति हेर्ने हो भने परिणाम कांग्रेस र एमालेमध्ये एउटाको पक्षमा जाने अनुमान गर्नेहरू प्रशस्त छन्। ०५६ को निर्वाचनमा कांग्रेस उम्मेदवार बस्नेतको पक्षमा एकतर्फी ढंगको वातावरण सिर्जना भएको थियो। त्यतिबेला बस्नेतले एमालेका हस्ती अमृत बोहोरा भन्दा ३ हजार २ सय मत बढी ल्याएका थिए। अहिले यो क्षेत्रमा एमालेले अखिलका पूर्व केन्द्रीय अध्यक्ष अरुण नेपाललाई उम्मेदवार बनाएको छ। व्यक्तिगत रूपमा नेपालविरुद्ध औंला ठड्याउने ठाउँ छैन, यद्यपि उनी तल्लो तहका मतदातासँग कम परिचित छन्।

३० गाविस समेटिएको यो क्षेत्रमा ९१ हजार ९ सय मतदाता छन्। बाह्रबीसेको माथिल्लो भेक तातोपानी नाकाका अधिकांश गाविसमा विगतमा कांग्रेसले एकलौटी मत प्राप्त गर्दै आएको थियो। यस पटक भने विगतको तुलनामा कांग्रेस उम्मेदवारप्रतिको आकर्षण घट्दै गएको देखिन्छ। जिताउने हराउने खेलमा महत्त्वपूर्ण भूमिका खेल्ने त्यस भेकका व्यापारी तथा कांग्रेस कार्यकर्ताहरू अहिले निष्क्रिय देखिन्छन्। पछिल्लो निर्वाचनमा अत्यधिक लोकप्रियता कमाएका बस्नेतको पक्षमा लहर अझै देखिँदैन यद्यपि उनी तल्लो तहका मतदातासँग चिरपरिचित उम्मेदवार हुन्।

यो क्षेत्रमा गत निर्वाचनमा राप्रपा तेस्रो स्थानमा थियो भने माओवादीको संगठन चुनावै जित्ने खालको देखिँदैन। यद्यपि आफ्नो पक्षमा वातावरण सिर्जना गर्न माओवादी नेता-कार्यकर्ताहरू घरदैलो अभियानमा जुटेका छन्। राप्रपाको स्थितिमा भने खासै सुधार आएको पाइँदैन।

क्षेत्र नम्बर २ मा ०५६ को निर्वाचनमा एमालेका कर्माचार्यले राप्रपाका विष्णुविक्रम थापाभन्दा ५ हजार बढी मत प्राप्त गरेका थिए। यस पटक भने यो क्षेत्रमा माओवादीका केन्द्रीय सदस्य सापकोटाको उम्मेदवारी एमालेका लागि निकै ठूलो चुनौतीका रूपमा देखिएको छ। ०४८ सालको संसदीय निर्वाचनमा ४ हजार ४ मत प्राप्त गरेका सापकोटाको व्यक्तित्वले एमालेका कर्माचार्यलाई पछाडि पारेको छ। माओवादीले यो क्षेत्रमा आफ्नो स्थिति निकै मजबुत रहेको दाबी गर्दै आएको छ। सापकोटालाई जिताउन सम्पूर्ण शक्ति यसै क्षेत्रमा केन्द्रित हुने सम्भावना छ। संविधान निर्माणमा आफ्नो भूमिका महत्त्वपूर्ण हुने दाबीसहित सापकोटा युद्धका क्रममा आफ्नो दलद्वारा मारिएका सर्वसाधारणको घरघरमा पुगेर माफी माग्न थालेका छन्।

पछिल्लो निर्वाचनमा भारी मतले विजयी भएका कर्माचार्य आफू निर्वाचन जित्ने कुरामा त्यतिकै ढुक्क देखिन्छन्। जिल्लावासीले कल्पना नगरेको मत ल्याएर विजयी हुने ठोकुवा कर्माचार्यको छ। सांगठनिक हिसाबले हेर्ने हो भने यहाँ एमाले त्यति कमजोर देखिँदैन। माओवादीले मतदातालाई मानसिक दबाब दिने र भ्रम सिर्जना गर्ने अभियान सुरु गरेको आरोप एमालेले लगाउँदै आएको छ। माओवादीले आफ्नो पक्षमा वातावरण सिर्जना गर्ने प्रयास गरेको छ भने एमाले संगठनमार्फत, आफ्नो मत सुरक्षा गर्ने अभियानमा छ। पछिल्लो निर्वाचनमा १२ हजार मत प्राप्त गरेको राप्रपाले यस पटक भने कमजोर उम्मेदवार उठाएर आफ्नो मतदाताको मत अन्य दलमा जाने ढोका खुला गरेको छ। राप्रपाको मत बढी मात्रामा कांग्रेस उम्मेदवार भूपेन्द्रले आशा गरेको देखिन्छ। इमान्दार र सरल नेताका रूपमा चिनिने दुई वामपन्थी उम्मेदवारको बीचबाट आफू सहज रूपमा विजयी हुने दाबी भूपेन्द्रको छ। उनी पछिल्लो जनआन्दोलनमा निकै सक्रिय थिए। कांग्रेस मतदाता बाहिर नखुल्ने तर मतदान आफ्नै दललाई गर्ने मनस्थितिमा देखिन्छन्। आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिने विकास लामाले मनोनयन फिर्ता लिएर भूपेन्द्रलाई सघाउने निर्णय गरेपछि कांग्रेस थप उत्साहित बनेको छ। राप्रपाको मत आफूतिर तान्न कांग्रेस, एमाले र माओवादी होडबाजी गरिरहेका छन्। माओवादीले आफूलाई असहयोग गर्ने राप्रपालाई निष्क्रिय बस्न दबाब दिएको छ। युद्धकालमा राप्रपा बढी पीडित भएकाले उनीहरूको मत माओवादीमा नजाने तर्क एकाथरीको छ। यो क्षेत्रमा दल र स्वतन्त्र गरी १६ जना उम्मेदवार प्रतिस्पर्धा गर्दैछन्।

निर्वाचनक्षेत्र नम्बर ३ विगतका सबै संसदीय निर्वाचनमा राप्रपा अध्यक्ष पशुपतिशमशेर विजय हुँदै आएको क्षेत्र हो। राणाको प्रतिस्पर्धा सधैं कांग्रेस र एमालेसँग हुँदै आएको छ। हरेक संसदीय निर्वाचनमा २ सयदेखि २ हजारसम्मको अन्तरले राणा विजयी हुँदै आएका छन्। यस पटक पनि उनी यसै क्षेत्रबाट विजयी हुने अभियानमा छन्। कांग्रेस, एमाले र माओवादीले यस क्षेत्रमा क्रमशः नीमा ग्याल्जेन शेर्पा, शेरबहादुर तामाङ तथा दाबा तामाङलाई उम्मेदवार बनाएको छ। तामाङ र शेर्पा समुदायको बाहुल्यता रहेको यो क्षेत्रबाट विजयी हुन अध्यक्ष राणालाई विगतको जस्तो सहज देखिँदैन। राणाका मतदातामध्ये जनजाति नै बढी छन्, तर अन्य तीन प्रमुख राजनैतिक दलका उम्मेदवार जनजातिकै भएकाले राणाको मत अन्यत्र जाने सम्भावना बढी छ। राणाबाहेक कांग्रेस, एमाले र माओवादीका तीनै जना उम्मेदवार नयाँ छन्। सांगठनिक हिसाबले यहाँ एमाले मजबुत देखिन्छ तर उम्मेदवार शेरबहादुरको लोकप्रियता कम छ। यो क्षेत्रमा ८० हजार मतदाता छन् भने यहाँ पार्टी र स्वतन्त्र गरी १० जना उम्मेदवार प्रतिस्पर्धा गर्दैछन्।

**–ऋषिराम पौड्याल**

# अनिश्चित छ सर्लाहीको परिणाम

**अमन कोइराला**

सर्लाही- मधेस आन्दोलनको प्रभावक्षेत्र सर्लाहीमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा तथा सरकारबीच भएको सहमतिपछि संविधानसभाको निर्वाचनले गति लिइसकेको छ। पहिलो पटक फागुन १३ गते निर्वाचन आयोगले तोकेको मितिमा जम्मा ३२ जनाले उमेदबारी दिएकोमा मोर्चासंग सहमती भएपछि फागुन २३ गते थप १ सय १८ जनाले मनोनयन दर्ता गराए। जसमध्ये १ जनाले मात्र उम्मेदवारी फिर्ता लिए।

उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुँदा सर्लाहीमा उम्मेदवार संख्या १ सय ४९ पुगेको छ। चुनावका लागि दुईवटा मधेसवादी दलका केन्द्रीय अध्यक्षले यहाँबाट उम्मेदवारी दिएका छन्। मधेस आन्दोलनका अगुवा नेता महन्थ ठाकुर तथा राजेन्द्र महतोले क्रमशः सर्लाही क्षेत्र नम्बर- ६ र क्षेत्र नम्बर- ४ बाट उम्मेदवारी दिएका छन्।

त्यसैगरी पहिले राप्रपाबाट संसदीय निर्वाचन जितेर चर्चित बनेका खोभारी राय महतो नेतृत्वको सद्भावनाबाट क्षेत्र नम्बर- ५ मा उमेदबार बनेका छन्। स्थापनाकालदेखि सद्भावनामा रहेर मन्त्रीसमेत बनेका रामेश्वर राय मधेसी जनअधिकार फोरमको टिकटबाट निर्वाचन लडेका छन्। टिकट लिएको केही दिन पूर्वमात्र उनले सद्भावना पार्टी त्यागेको घोषणा गरेका थिए।

मतदातामा मधेसवादी दलको राम्रो प्रभाव भए पनि निर्वाचनमा ती दलबीच एकता हुन नसक्दा पुराना राजनैतिक दलले सजिलो महसुस गरेका छन्। मधेस आन्दोलनबाट निकै प्रभावित बनेको यो जिल्लामा मधेसवादी दलबीच एकता भएको भए पुराना राजनैतिक दललाई निर्वाचन त्यति सहज हुने थिएन। पहिलो पटक निर्वाचनमा भाग लिइरहेका तराई मधेस लोकतान्त्रिक पार्टी तथा मधेसी जनअधिकार फोरमका वास्तविक मतदाता कति छन् भन्ने अनुमान गर्न सकिने अवस्था तत्काल छैन।

नेपाली कांग्रेसका विधायक अमरेश सिंहले पनि क्षेत्र नम्बर- ६ बाटै उम्मेदवारी दिएका छन्। जिल्ला तहमा राजनीति नगरेका र जनताबीच घुलमिलसमेत नभएका सिंह पहिलो पटक निर्वाचनको सामना गर्दैछन्। त्यसैगरी कांग्रेसका तर्फबाट बहालवाला विधायकहरू नागेन्द्र राय, लक्ष्मण राय क्रमशः क्षेत्र नम्बर- ५ र ४ बाट उम्मेदवार बनेका छन्। एमालेले २ नम्बर क्षेत्रबाट मात्र बहालवाला विधायक रिजवान अन्सारीलाई उम्मेदवार बनाएको छ।

नेकपा माओवादी, जनमोर्चा नेपाल, राप्रपा, राष्ट्रिय जनशक्ति पार्टी, चुरेभावर राष्ट्रिय एकता पार्टी, नेसपा (आनन्दीदेवी), नेकपा संयुक्त, नेमकिपा, राप्रपा नेपाल आदि दल पनि चुनावी मैदानमा छन्। सबैले आफ्नो प्रचार-प्रसारलाई तीव्र पारेका छन्।

अन्य दलका उम्मेदवारहरूले बिनापद जनताको बलमा चुनावमा होमिएको बताउँदै आएका छन्। मधेस आन्दोलनले पुरानो शक्ति सन्तुलनलाई भत्काएकाले निर्वाचन परिणाम यस्तै हुन्छ भन्ने अनुमान यहाँका राजनैतिक विश्लेषकहरूले समेत गर्न सकेका छैनन्। अघिल्ला निर्वाचनमा नेपाली कांग्रेले राम्रो परिणाम हात पार्दै आएको भए पनि महन्थ ठाकुरको पार्टी वहिर्गमनले यहाँ निकै प्रभाव पारेको छ।

त्यसैगरी एमालेका तर्फबाट चुनाव जित्दै आएका महेन्द्र रायले पनि दल परित्याग गरेकाले केही प्रभाव एमालेलाई पनि परेको छ। यहाँ सबै दल आफ्नो पक्षमा राम्रो परिणाम आउने आशाका साथ पूरा शक्ति लगाएर चुनावी अभियानमा सरिक देखिन्छन्।



# खण्डहर बन्दै गएको नारायणी रंगशाला

वीरगन्ज- वीरगन्जको नारायणी रंगशालाको उचित रेखदेख र संरक्षण नहुदा रंगशाला खण्डहरमा परिणत हुन थालेको छ। नारायणी अञ्चलको यो एक मात्र रंगशालाको प्यारापिट, खेल मैदान, कुर्सी, झ्याल, ढोका आदि सबै भौतिक संरचना दिन-प्रतिदिन नष्ट हुँदै गएका छन्। २०४२ मा वीरगन्जमा आयोजना गरिने भनिएको तेस्रो राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि २०४० देखि निर्माण कार्य सुरु गरी दुई वर्षमा तयार भएको रंगशालामा त्यसयता आधिकारिक रूपमा कुनै खेलकुद प्रतियोगिता आयोजना नभएको मध्यमाञ्चल खेलकुद विकास समितिले जनाएको छ।

विगतमा निजी क्षेत्रबाट महेन्द्र गोल्डकप, तेजबहादुर अमात्य गोल्ड कपजस्ता राष्ट्रिय स्तरका फुटबल तथा केही क्लब स्तरीय क्रिकेट प्रतियोगिता भने उक्त रंगशालामा हुँदै आएका थिए। १२ वर्षे आन्तरिक द्वन्द्वका कारणले फुटबल र अन्य खेलकुद प्रतियोगिताहरूसमेत आयोजित हुन नसकेपछि एक दशकयता यो रंगशाला ओझेलमा पर्दै आएको हो। नियमित मर्मत-सम्भार नहुँदा रंगशालाको खेलमैदान मात्र होइन, प्यारापिटमा समेत घाँस र ठूला रूखहरू उम्रिएका छन्।

रंगशालाको चार प्रवेशद्वारमध्ये पश्चिमतर्फको मूल प्रवेशद्वारबाहेक अन्य द्वार २४ सै घन्टा खुला रहने गरेकाले रंगशालाभित्र मानिस मात्र नभई चौपायासमेत सहजै प्रवेश गरी रंगशालाको खेल मैदान चरनमा परिणत भएको छ। स्थानीय पशुपालकहरूले निर्वाध रूपमा रंगशालामा चौपाया चराउने गरेको स्थानिय बासिन्दा मणि आचार्य बताउँछन्। रंगशाला सधै खुला रहने र राति पाले/चौकीदार आदि पनि नबस्ने भएकाले लागूऔषध दुर्व्यसनीहरूले रंगशालाको प्यारापिट फोरेर त्यसको मोटो फलामे छड, पाइपहरू काटेर चोरी गरी लाने गरेको उनले बताए।

राष्ट्रिय खेलकुद परिषद्को लापरवाहीका कारण रंगशाला दिन-प्रतिदिन बदहाल हुँदै गएको तेक्वान्दोका राष्ट्रिय रेफ्री दिनेश शर्मा आरोप लगाउँछन्। खेलकुद प्रतियोगिता आयोजना नहुँदा रंगशाला बेला-बेलामा सांगीतक कार्यक्रम तथा राजनैतिक सभा-समारोह गर्ने थलोमा मात्र सीमित भएको छ। नौ बिघा क्षेत्रफलमा फैलिएको उक्त रंगशालाको दर्शक क्षमता १६ हजार छ। समयमै ध्यान नदिइए एक-दुई वर्षभित्रै रंगशाला इतिहासमा परिणत हुने स्थानिय बासिन्दाहरू बताउँछन्। रंगशालाको अभिभावकत्वको जिम्मेवारी पाएको मध्यमाञ्चल खेलकुद विकास समितिले ध्यान नदिँदा रंगशाला बेवारिसे बन्दै गएको जनगुनासो छ।

मध्यमान्चल खेलकुद विकास समितिका अध्यक्ष महम्मद समिउल्लाह बजेट अभावमा रंगशालाको संरक्षण एवं मर्मत-सम्भार गर्न नसकिएको स्वीकार गर्छन्। 'लामो समयदेखि मर्मत-सम्भार नभएकाले थोरै रकमले रंगशालाको मर्मत-संभार हुने स्थिति छैन त्यसैले समितिले राष्ट्रिय खेलकुद परिषद्सँग पटक-पटक लिखित र मौखिकसमेत गरी करीब ३० लाख रुपैयाँ माग गरेको छ,'- समिउल्लाहले भने। आफ्नो कार्यसमितिले चैत १८ देखि कार्यभार सम्भालेयता राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिवलाई समेत पटक-पटक स्थलगत भ्रमण गराई रंगशालाको खस्किरहेको भौतिक अवस्थाका सम्बन्धमा जानकारी गराउँदा सदस्य-सचिवसमेत रंगशालाको दूरवस्थाबाट चिन्तित भै मर्मत-सम्भारका लागि रकम निकासा गरिदिने आश्वासन पाएको समिउल्लाह बताउँछन्।

सीमित बजेटबाट सिङ्गै मध्यमान्चल क्षेत्रको खेल प्रतियोगिता, खेलाडि आदिको व्यवस्थापन गर्ने बाध्यता रहेकाले रंगशालाको मर्मत सम्भारका लागि एक पैसा पनि खर्च गर्न नसक्ने अवस्था रहेको उनले दुःखेसो पोखे। चालू आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा केन्द्रले समितिलाई एक लाख रुपैयाँ मात्र निकासा गरी पठाएकोमा विभिन्न खेल प्रतियोगिता गरी उक्त रकम खर्च भैसकेको उनले जानकारी दिए।

बजेट अभावमा रंगशालाको सुरक्षाका लागि २४ सै घण्टा कर्मचारी खटाउने अवस्था नभएकाले राती लागूऔषध दुर्व्यसनी र पेशेवर चोरहरूले समेत रंगशालाका भौतिक सामग्री चोरी गरी लग्ने गरेको समिउल्लाह बताउँछन्। पञ्चायतकालमा रंगशालाको २४ सै घन्टा रेखदेख गर्न चार पियन पालेको व्यवस्था रहने गरेकोमा हाल बजेट अभावका कारण दिउँसो मात्र हेरचाह गर्ने गरी दुई पियन पाले राखिएको उनले बताए। रातको समयमा रंगशाला र आफ्नो कार्यालय समेत सुरक्षाविहीन रहने गरेकाले पटक-पटक कार्यालयकै टेलिफोन सेट, स्टेप्लाइजर आदि सामानहरू चोरी हुँदै आएको समिउल्लाहले बताए।

स्थानिय बासिन्दाहरूले पनि रंगशालालाई आफ्नै सम्पत्ति मानेर यसको भौतिक सामानहरू चोरी भैरहेको देख्दा चोरहरूलाई हप्की-दप्की समेत गरिदिए समस्या धेरै हदसम्म समाधान हुने समिउल्लाहको भनाइ छ। आफूहरूले कार्यभार लिएलगत्तै प्रवेशद्वारलगायत अन्य आवश्यक स्थानमा लगाउन भनी १ हजार रुपैयाँ बराबरको ताल्चा र सिक्री खरिद गरी लगाएकोमा दसैंमा सबै सिक्री, ताल्चासमेत चोरी भएको उनले बताए। चोरहरूले 'ढोकाको ह्यान्डिलसमेत छोडेनन्'- उनले थपे। रंगशाला वीरगन्जवासीको मात्र नभै जिल्ला र अञ्चलवासीको सम्पत्ति हो, यसको संरक्षण समाजका सबै वर्ग मिलेर गर्नुपर्छ भन्ने दायित्व बोध नभएसम्म समिति एक्लैले रंगशालाको संरक्षण कुनै पनि हालतमा गर्न नसक्ने समिउल्लाहको दाबी छ।

–शंकर आचार्य



चितवनका नीराजन मल्ल नेपालकै प्रतिभावान् फुटबल खेलाडी मानिन्छन्। भर्खरै १८ वर्ष टेकेका एन्फा एकेडेमीद्वारा उत्पादित नीराजनप्रति ठूला नेपाली फुटबल क्लबहरूले आँखा गाढिरहेका छन्। गोल गर्न माहिर नीराजनले अन्तर्राष्ट्रिय स्तरमा नेपाललाई सफलता दिलाउने कुरामा प्रशिक्षकहरु आशावादी छन्। विभिन्न उमेर समूहका अन्तर्राष्ट्रिय प्रतियोगितामा ३३ गोल गर्दै उनले गोल-कौशल देखाइसकेका छन्।

## ५ प्रश्न

**फुटबलमा दैनिक कति समय बिताउनुहुन्छ ?**

सामान्य समयमा दैनिक ३ घण्टा। प्रतियोगिताको तयारी बेला भने दैनिक ६ घण्टासम्म अभ्यास गर्छौं। वि.सं. २०६० मा एन्फा एकेडेमीमा छनौट हुनुपूर्व भने स्कुल बिदामा मात्रै फुटबल खेल्थ्यौं।

**मनपर्ने खेलाडी र क्लब ?**

नेपालका हरि खड्का र सुरेन्द्र तामाङ। उनीहरूमा गोल गर्न सक्ने खुबी छ। बार्सीलोनाबाट खेल्ने अर्जेन्टिनाका लियोनेल मेसी र लिभरपुलबाट खेल्ने इङ्ल्यान्डका स्टेफेन जेरार्ड। दुवै जनाले संकटको बेला टिमलाई जिताउँछन्। नेपाली सेनाको त्रिभुवन आर्मी क्लब राम्रो लाग्छ। इङ्लिस क्लब म्यानचेस्टर युनाइटेड तथा अर्जेन्टिनी राष्ट्रिय टिमको त म फ्यान नै हुँ।

**बिर्सन नसकिने क्षण ?**

इरानमा यु-१७ एसिया कप छनौटमा कुवेतविरुद्धको म्याच। खेलको सुरुमै मैले प्रहार गरेको बल गोलपोस्टमा लागेर फर्कियो। त्यो मौका खेर नगएको भए नतिजा हाम्रो पक्षमा हुन सक्थ्यो। पछाडि मैले एक गोल त गरें, तर खेल कुवेतले ३-२ ले जित्यो। यदि हामीले त्यो म्याच जितेको भए एसियन कप खेल्न पाउँथ्यौं।

**गर्लफ्रेन्ड छ ?**

(लजाउँदै)....छैन, पक्का छैन। अहिल्यै बेला भएको छैन। मन बुझ्ने पाइयो भने कलेज पढेपछि बनाउने।

**फुर्सदमा के गर्नुहुन्छ ?**

फुर्सदमा घुम्न चाहन्छु। फुटबल खेल्दा धेरै थाकिन्छ। त्यसैले धेरै समय त सुतेरै बिताउँछु। सुत्दा शरीरले आराम पाउँछ।

–राजु घिसिङ

# राष्ट्रिय क्रिकेटको ज्वरो



पहिलो पटक तीन छुट्टै मैदानमा सातौं राष्ट्रिय क्रिकेट लिग प्रतियोगिता सञ्चालन भैरहेको छ। कीर्तिपुरको अन्तर्राष्ट्रिय खेलमैदानका साथै पुल्चोक इन्जिनियरिङ मैदान तथा लेबोरेटरी मैदानमा भैरहेको यो प्रतियोगितामा नेपालका छवटै क्षेत्रीय टिमको सहभागिता छ। विगतको भन्दा केही कुरामा पृथक् भए पनि सबै स्थानमा साइड क्रिनको व्यवस्था गर्न भने संघ असफल नै देखिन्छ।

स्प्रिङउडको साथ पाएको यो प्रतियागिता नेपाली क्रिकेटले व्यावसायिकता थालेपछिको पहिलो राष्ट्रिय प्रतियोगिता भएकाले यसले आफ्नै महत्त्व बोकेको कुरामा भने शंका छैन। पुरस्कार राशिमा त्यत्ति धेरै खर्च नगरिए पनि संघले हरेक खेलाडीलाई दैनिक ३ सय रुपैयाँ भत्ता दिँदै आएको छ। खेलाडीहरुको बसोबासको व्यवस्था क्षेत्रीय टिम आफैंले मिलाएका छन्। आसन्न डिभिजन पाँच तथा एसीसी यु-१७ क्रिकेट प्रतियोगिताको पूर्वसन्ध्यामा सञ्चालित यो प्रतियोगितामा गरिने प्रदर्शन हरेक खेलाडीका लागि विशेष महत्त्वको हुनेछ।

यो प्रतियोगितामा सदाझैं नेपालमा चिनिएका स्टार खेलाडीहरू नै छाउने सम्भावना छ। पहिलो दुई खेलमा विजय हात पारेका भैरहवा यो प्रतियोगिताको बलियो टिम हो। राष्ट्रिय युथ टिमका प्रभावकारी खेलाडी अमृत भट्टराईका साथमा विकेट किपर ब्याट्सम्यान मनोज वैश्य र राष्ट्रिय टिमका अलराउन्डर शक्ति गौचनका कारण यो टिम बलियो देखिएको छ। बलर रैजन खान भैरहवाको टिमका लागि अर्का महत्त्वपूर्ण खेलाडी मानिएका छन्। युवा टिमको अनुभव बटुलिसकेका अन्तिम थापा र विजय थापा पनि यो टिममा अटाएका छन्।

प्रायः चिनिएका स्टार भने काठमाडौंको टिममा सम्मिलित देखिन्छन्। राष्ट्रिय टिमका अनुभवी ब्याट्सम्यान परेस लोहनीको साथमा युवा खेलाडी शरद भेषवाकरका कारण बलियो ब्याटिङ रहेको काठमाडौं टिममा दीपेन्द्र चौधरी र ज्ञानेन्द्र मल्लले मध्यक्रम सम्हालेका छन् भने राष्ट्रिय प्रतियोगितामा सर्वाधिक विकेटको कीर्तिमान कायम गरेका स्पिनर राजु बस्नेत र अलराउन्डर पारस खड्काले काठमाडौंलाई अझ बलियो बनाएका छन्।

सबैभन्दा धेरैपटक उपाधि जितेको विराटनगरको हकमा यसपटक भने खासै ठूला स्टार देखिएका छैनन्। राष्ट्रिय टिमका प्रभावकारी अलराउन्डर मेहबुब आलमका कारण विराटनगर यो प्रतियोगितामा पनि त्यत्ति कमजोर छैन। विकेटकिपर ब्याट्सम्यान मनोज कटुवालसहित मञ्जित श्रेष्ठ, युवन्त सुवेदी तथा अभय राणाले विराटनगरलाई सन्तुलित बनाएका छन्।

राष्ट्रिय टिमका कप्तान विनोद दास सम्मिलित वीरगन्जको टिममा अरू त्यति धेरै नाम चलेका स्टार नभए पनि यसले प्रभावकारी खेल खेलिरहेको छ। स्पिनर सन्जम रेग्मीको उपस्थितिका कारण यो टिम प्रभावकारी देखिएको छ। शोभाकान्त पाण्डे यो खेलमा छाउन सक्ने खेलाडीका रूपमा देखिए भने विनय शाह पनि प्रभावकारी खेलाडी मानिन्छन्। यसै गरी खासै नाम नचलेका मर्ताजा हवाडी र अनील मण्डल यो प्रतियोगितामा प्रभाव पार्न सक्ने खेलाडी हुन सक्छन्। नाम चलेका खेलाडीहरू त्यति धेरै संलग्न नभएको बैतडीले पनि आफ्नो टिममा सुधार गरेको छ। बलर धीरेन्द्र चन्द र चन्द्र साउद नै यो टिमका सबैभन्दा परिचित खेलाडी हुन्।

अर्कातर्फ विगतमा आफ्नै प्रभाव रहेको नेपालगन्ज प्रतियोगिताको सबैभन्दा कमजोर टिमका रूपमा देखिएको छ। पछिल्लो समयमा क्रिकेटमा आफूलाई समर्पित गरेको बैतडीसँग समेत पराजित नेपालगन्जको प्रदर्शन साँच्चै कमजोर देखिएको छ। महिला क्रिकेटमा नयाँ आयाम थप्ने नेपालगन्ज पुरुष क्रिकेटमा भने दिन प्रतिदिन कमजोर बन्दै गएको छ। यु-१९ टिमका विकेटकिपर तथा प्रभावकारी ब्याट्सम्यान महेश छेत्रीको प्रदर्शनमा यो टिम अडिएको छ।

# नेपाल-पाक फुटबल



पोखरा- एएफसी च्यालेञ्ज कप तयारीका लागि पोखरामा भएको अर्न्तराष्ट्रिय 'ए' स्तरको मैत्रीपूर्ण फुटबल प्रतियोगिता बराबरीमा टुङ्गिएको छ। दुईवटा प्रतिस्पर्धाको सिरिजअन्तर्गत भएको पहिलो खेलमा नेपाल १ का विरुद्ध २ गोलले विजयी भए पनि दोस्रो खेलमा पाकिस्तानले शून्यका विरुद्ध २ गोलले जित हात पार्‍यो। चैत १२ गते खेल सुरु भएको २१ औं मिनेटमा पाकिस्तानका क्वासिम मोहम्मदले दिएको क्रसमा कप्तान इशाले पहिलो गोल गरेपछि नेपाल दबाबमा देखियो। पहिलो हाफ भरि नेपालले कुनै गोल गर्न सकेन।

खेलको ५६ औं मिनेटमा नेपालका चुनबहादुरको क्रसमा अनिल गुरुङले हानेको बल गोलमा परिणत हुन सकेन। नेपालले गरेको थुप्रै प्रयास खेर गए पनि ७६ औं मिनेटमा भरत खवासले मैदान छिरेलगत्तै पहिलो गोल गरे। उनी प्रदीप मर्हजनको ठाउँमा मैदान प्रवेश गरेका थिए। सन्तोष साहुखलले गरेको प्रहारलाई पाकिस्तानी गोलकिपर आमिरले फर्काएपछि भरतले गोल गरेका थिए। नेपालका लागि सन्तोषकै 'थ्रु बल'मा अनिल गुरुङले ८६ औं मिनेटमा दोस्रो गोल गरेका थिए।

सिरिजअर्न्तगतको दोस्रो खेलमा पाँच नयाँ खेलाडी मैदान उतारेको नेपालले पराजय बेहोर्नुपर्‍यो। खेलको पहिलो हाफभरि दुवै टिम गोलरहित रहे। पहिलो हाफमा नेपालले थुप्रै अवसर गुमाएको थियो। खेल सुरु भएको चार मिनेटमै सन्तोषको 'फ्रि किक' मा प्रदीपले गरेको प्रहार खेर गयो। त्यस्तै १२ औं मिनेटमा निराजन खड्काको उत्कृष्ट प्रहार पनि गोलमा परिणत हुन सकेन। २७ औं मिनेटमा सन्तोषको पासमा अनिलले हानेको बल गोलपोस्ट बाहिरै रह्यो। त्यसैगरी प्रदीपले ३० यार्डबाट हानेको बल गोलमा परिणत भएन भने ४१ औं मिनेटमा उनलाई पहेलो कार्ड देखाइयो।

दोस्रो हाफ सुरु भएको एक मिनेट नबित्दै पाकिस्तानका क्वासिमले उत्कृष्ट गोल गरे। उनले मैदानको मध्यभागबाटै बललाई एक्लै गोलपोस्टमा पुऱ्याएका थिए। नेपाली खेलाडीहरू खेलका लागि पूर्ण रूपले तयार नभैसकेको अवस्थामा भएको उक्त गोल त कतिपय दर्शकले हेर्नसमेत भ्याएनन्। 'गोल, गोल' को आवाज सुनेपछि सबैले 'गोल भयो' भन्ने थाहा पाए।

खेलअवधिभर पनि नेपालले प्रत्युत्तरमा कुनै गोल फर्काउन सकेन, तर इन्जुरी टाइमको ३ मिनेटभित्र पाकिस्तानका रसुल खानले गरेको दोस्रो प्रहार पनि नेपाली टिमले रोक्न सकेन।


खेलमा पाकिस्तानका क्वासिम र अतिकले पहेलो कार्ड पाए। पाकिस्तानी प्रशिक्षक अख्तर मोहम्मदिनले पहिलो खेलपछि भनेका थिए– 'लामो यात्राले गर्दा पनि खेल जित्न सकेनौं।' यो कुराको पुष्टि दोस्रो खेलले गर्‍यो। पाकिस्तानी खेलाडीहरूले आफ्नो उचाइको पर्याप्त फाइदा उठाए। 'खेलमा नेपालले पनि प्रदर्शन राम्रै गरेको हो, मैत्रीपूर्ण खेल हो, यसले नेपाल र पाकिस्तानको सम्बन्धलाई पनि राम्रो बनाउनेछ,' - अख्तरले भने। पाकिस्तानीहरूका अगाडि नेपालीहरूको खेल कमजोर नभए पनि शारीरिक तन्दुरुस्ती भने कमजोर नै देखियो।

पहिलो खेलमा पोखराको मौसमसँग अभ्यस्त नभएको पाकिस्तानी टिमले दोस्रो खेलमा राम्रो प्रदर्शन गरे, तर नेपाली खेलाडीहरूले दबाबका कारण राम्रो खेल्न नसकेको नेपाली प्रशिक्षक भीम थापाले बताए। 'हाम्रा खेलाडी बढी दबाबमा खेल्न सकेनन्', उनले भने– 'एकैनासको खेल पनि भएन, कहिले बढी त कहिले कम 'एफोर्ड' भयो।'

शिला पाण्डे

## प्रसंग कतिपय





### विक्रम राई

धेरै वर्षपछि अकबरको आत्मा यमलोकको भ्रमणमा निस्कँदा वीरबलसँग उनको भेट भएछ। केही भलाकुसारीपश्चात् आफ्नो बानीअनुसार अकवरले सोधे– 'वीरबल, हेर त पृथ्वीलोकको नेपाल नगरीमा किन अहिले निर्वाचनको मुखमा मारकाट, ढुङ्गामुढा र हत्याहरू भैरहेको होला ? आखिर यही संविधानसभाको निर्वाचन होस् भनेर दसौं हजार नेपाली मारिए। आज फेरि त्यो अवसर उपयोग गर्न पाइरहेको बेलामा किन लडाइँ झगडा भएको होला ?'

निर्वाचनमा केही सानातिना झमेला हुनु स्वाभाविक होला, तर यही निर्वाचनका निम्ति ठूलो संघर्ष गरी यहाँसम्मको यात्रा गरेका दलहरू किन यस्तो काम गरिरहेका छन् ? झट्ट भनिहाल्न वीरबललाई गाह्रो पर्‍यो। मिलेर जाने चिन्तनलाई त्यागेर मुठभेडको वातावरण बनाएका दलहरूको कार्यशैली राजनैतिक थिएन। यद्यपि वीरबलको प्रश्न सोझै राजनैतिक नै देखिन्थ्यो। आफ्नो जहाँपनाहको राजनैतिक प्रश्न भएकाले वीरबललाई यसको जवाफ दिन साह्रै अप्ठ्यारो पर्‍यो। यद्यपि चतुर वीरबलले आफ्नो जवाफमा भने– 'नेपाल अहिले संविधान लेखिने संक्रमण कालमा भएको राष्ट्र भएकाले संविधानसभाको अहिलेको समस्या हराएर जाने दावी अकबरको सामु गरे। अकबर चुप लाग्ने खालका राजा थिएनन्। अकवरले सोधी हाले– 'नेपालको राजतन्त्र र गणतन्त्रको विवादमा चाहिँ तिम्रो प्रतिक्रिया के छ ? वीरबललाई यहाँ आफ्नो प्रतिक्रिया दिन केही अप्ठ्यारो थियो, त्यही भएर भने– 'नेपालमा राजतन्त्र र गणतन्त्रको सट्टा मनतन्त्र भए मुलुकको कल्याण हुने थियो। यसो भएको खण्डमा नेपालीहरू आ-आफ्नो खुसीअनुसार बस्न, खान, लाउन सक्थे। यस्तो मनलागी गर्ने देश नै मनतन्त्र नेपाल हो।' वीरबलको हाजिरीजवाफबाट खुसी भएर अकबर त्यहाँबाट बिदा भए।

आज नेपालको स्थिति यस्तै छ। राजनैतिक पार्टीहरूको आपसी द्वन्द्व र मुठभेडले गर्दा आमनेपालीको दलहरूप्रति तिक्तता बढेको बढ्यै छ। साथै भयरहित वातावरणमा आफ्नो मतदान गर्ने अधिकार हनन हुने चिन्ता छ। प्रमुख राजनैतिक दलहरूका केही प्रमुख मुद्दामा स्पष्ट दृष्टिकोण नआउनुले ढुलमुले राजनीतिले दरिलो ठाउँ बनाउने पक्कापक्की छ। शिक्षा, स्वास्थ्य एवं रोजगारीको प्रश्नमा व्यावहारिक सोचको सट्टा हावादारी सोचको बखान पार्टीहरूको घोषणापत्रमा देखिन्छ। जल, जमिन र जंगलजस्ता सम्पत्तिको हकमा स्थानीयहरूको अधिकारका बारेमा पार्टीहरू मौन छन्। यस अवस्थामा नीति, तर्क तथा सिद्धान्तको वाकयुद्ध हुनु स्वाभाविक हो। युद्ध मैदानभैंm एकले अर्काको टाउको ताक्ने र ज्यान हरण गर्ने खेल वास्तवमा खतरनाक छ। त्यसो हुनाले यस प्रकारको हिंसात्मक घटनाक्रमले चुनावी वातावरणलाई तनावमय र उत्तेजक बनाएको छ। यो धमिलोलाई विश्लेषण गर्ने हो भने यो संविधानसभाको निर्वाचन निर्वाचन नभएर कुनै अखाडाको पहलमानहरूबीचको लडाइँझैं भएको छ। तथापि मतदाताहरू आफ्नो मतको सदुपयोग गर्न लालायित छन्। एक युगमा एकपटक पाएको र आएको संविधान बनाउने यो निर्वाचन महान् नेपालीहरूका लागि सपनाहरूलाई साँचो यथार्थमा बदल्ने कडी बनेको छ।

सिद्धान्ततः राजनैतिक दलहरू जनताप्रति उत्तरदायी हुनैपर्छ। अहिले जनतासँग गरेका वाचा र प्रतिज्ञाहरू नयाँ संविधान बनाउँदा ती दलहरूले बिर्सिए भने यो संविधानसभा निर्वाचनको सार्थकता रहँदैन। तसर्थ जुनसुकै दल वा वादले जिते वा हारे पनि अबको नेपाल वीरबलले भनेझैं एकपटक मनतन्त्रवादीहरूको हुनैपर्छ, साथै राष्ट्रिय स्वाभिमान, राष्ट्रिय एकता एवं मुलुकको अखण्डताको रक्षा सबै नेपालीहरूको एजेण्डाभित्र पर्नैपर्छ।

prasangakatipaya@hotmail.com

# पर्यटन सुन्दरी प्रतिस्पर्धाका लागि





विश्व पर्यटनको विकास, विभिन्न मुलुकका बीच दौत्य सम्बन्धको सुधार एवं आ-आफ्नै मौलिक कला-संस्कृतिको प्रवर्द्धनमा सौन्दर्य प्रतियोगितामार्फत् योगदान पुर्‍याउने उद्देश्यले सन् १९९३ देखि आयोजना हुन थालेको मिस टुरिज्म क्विन इन्टरनेसनल प्रतियोगिता आगामी अप्रिल १० तारिख अर्थात् चैत २८ गते हुने भएको छ। चीनको हेनान इन्टरनेसनल एक्स्पो सेन्टरमा सम्पन्न हुने यस पटकको पर्यटन सुन्दरी प्रतियोगितामा नेपाललगायत विश्वका १ सय १७ मुलुकका युवतीको सहभागिता रहनेछ। प्रतियोगिताका लागि नेपालका तर्फबाट छनौट भएकी मोडल हेमा श्रेष्ठ गत बिहीबार चीन प्रस्थान गरेकी छिन्। मिस टुरिज्म क्विन इन्टरनेसनल नेपाल प्रतियोगिताको आधिकारिक आयोजक संस्था ग्रुप अफ इभेन्ट इन्टरनेसनल जी.ई.ई. मार्फत हेमाले उक्त प्रतियोगितामा सहभागिता जनाएकी हुन्।

गत वर्षको तुलनामा यस पटक अन्तर्राष्ट्रिय प्रतियोगिताको निर्धारित कार्यतालिकाभन्दा करिब चार महिनाअगावै हुने भएको तथा संविधानसभा निर्वाचनको वातावरणका कारण यहाँ प्रतियोगिता सञ्चालन गर्न समय अभाव र वातावरण अनुकूल नभएकाले मोडल हेमा श्रेष्ठलाई आन्तरिक रूपमै मिस टुरिज्म क्विन इन्टरनेसनलका लागि मनोनीत गरिएको जिईईले जनाएको छ। यसअघि सन् २००५ र सन् २००७ मा क्रमशः सिसेलिया गुरुङ र कुन्छाङ मोक्तानले मिस टुरिज्म क्विन इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरिसकेका छन्।

प्रतियोगिताका लागि हेमाले ट्यालेन्ट राउन्डमा भ्वायलिन बजाएर दसैंको धुन सुनाउनेछिन् भने ककटेल वेयर र इभिनिङ गाउन राउन्डका लागि फेम फेसनले तयार पारेको पहिरन प्रस्तुत गर्नेछिन्। करिब एक साता कोरियोग्राफर रोजिन शाक्यबाट ग्रुमिङ कक्षाहरू लिएपश्चात् हेमा चीन प्रस्थान गरेकी हुन्। मिस नेपाल २००५ प्रतियोगिताकी सहभागी ५ फिट ५ इन्च अग्ली २१ वर्षीया हेमा श्रेष्ठ हाल पत्रकारिता विषयमा स्नातक गरिरहेकी छिन्। नृत्य, भ्रमण तथा भ्वायलिन वादनमा उनको रुचि छ। साइबर संसारमा फिचर भएपछि चर्चामा आएकी हेमा डिजे सन्तोषको 'चियाबारी....', आगन्तुक खरेलको 'वनमा फुल्यो फूल....', अन्जु पन्तको 'माइतीघर....' सिवास ब्यान्डको 'किन दुख्छ' आदि भिडियोहरूमा प्रस्तुत भैसकेकी छिन्। डान्स कोरियोग्राफरका रूपमा पनि परिचय बनाउन थालेकी हेमाले स्याम्पु तथा पेयपदार्थको विज्ञापनमा पनि मोडलिङ गर्न भ्याइसकेकी छिन्।

# आईईसीको डिजाइन फ्ल्यास्





पोखरा– साँझको समय भए पनि गर्मीले वातावरण उकुसमुकुस बनाइरहेको थियो। साँग्रिला होटलको स्वीमिङ पुलको आडैमा विशेष प्रकारले सजावट गरिएको मञ्चको छेउबाट संगीतको धुन छरपस्टिएको थियो।

र्‍याम्पमा क्याटवाक गर्दै मोडलहरू देखिएपछि सबैको ध्यान आकृष्ट भयो। मोडलहरूको यो आगमनसँगै सुरु भयो आईईसी फेसन सेन्टर पोखराको डिजाइन फ्ल्यास। दस सिक्वेन्समा विभाजित फेसन सोको पहिलो सिक्वेन्स रह्यो थिम रेड कार्पेट र डिजाइनर वेयर पोखरा। यो सिक्वेन्समा मोडलहरूले अन्नबाली कोदो, आइसक्रिमको सिन्का, कोकोकोलाको बिर्को, चुरोटबाट बनेका पहिरनमा सजिएर क्याटवाक गरेका थिए।

यसका साथै लोडसेडिङको समस्यालाई एक मोडलले शरीरमा बिजुली बालेर लोडसेडिङ रोकौं अंकित पहिरनमा क्याटवाक गरिन। यो शैलीको फेसनलाई सबै दर्शकले ताली बजाएर स्वागत गरे। पहिलो सिक्वेन्सपछि दर्शकलाई पृथक् मनोरञ्जन प्रदान गर्न गायक सोभित बस्यालले आफ्ना चर्चित गीतहरू गाए। फेसन सोको दोस्रो सिक्वेन्स थियो डान्सपार्टी। यसमा मोडलहरूले टु पिस पहिरनमा डान्सपार्टीको शैलीमा फेसन परेड देखाए।

विभिन्न डिजाइनसँगै र्‍याम्पमा क्याटवाक गरिरहेका मोडलहरूले तेस्रो सिक्वेन्समा थिम रेड कार्पेटमा देखा परे, जसमा उनीहरूले भुइँ छुने लामा पहिरनहरू प्रदर्शन गरेका थिए। फेसन सोको चौथो सिक्वेन्समा राजधानीका फेसन डिजाइनरहरूले तयार पारेका गोल्डेन ब्युटीमा मोडलहरूले क्याटवाक गरे। टु पिस गोल्डेन कलरको यो सिक्वेन्समा मोडलहरू हट देखिएका थिए। फेसन सोको पाँचौं सिक्वेन्स पनि निकै आकर्षक रह्यो।

छैटौं सिक्वेन्समा साडीजस्तै फरक पहिरनमा मोडलहरू र्‍याम्पमा देखिए। यो पहिरन केही ग्ल्यामरस देखिन्थ्यो। फेसन सोको सातौं सिक्वेन्समा होलिडे इन गोवामा मोडलहरू फेन्सी वेयरमा चिरिच्याँट्ट परेका थिए। बुटवलका फेसन डिजाइनरले तयार पारेका ग्ल्यामर पहिरनमा आठौं सिक्वेन्समा मोडलहरू र्‍याम्पमा उत्रँदा दर्शकहरू वन्स मोर भन्दै हुटिङ गर्न थाले। हट र सेक्सी वेयरमा लगातारको उपस्थिति जनाउँदै र्‍याम्पमा क्याटवाक गरेका मोडलहरूले नवौं सिक्वेन्समा भने वर्ल्ड टच बुटिकले तयार पारेका शालीनताको प्रतीक रंगीचंगी साडीमा क्याटवाक गरे। फेसन सोको अन्तिम सिक्वेन्समा रफ एन्ड टफ स्टाइलमा मोडलहरूले हात–हातमा हेलमेट लिएर रातलाई अझ रंगीन तुल्याएका थिए। फेसन सोपछि मोडलहरू डान्स पार्टीमा जमेका थिए।

शब्द तथा तस्बिर : शिव शर्मा



**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।